


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, असोज २१, २०७५ » Sunday, October 7, 2018 » www.newsofnepal.com » नेसं ११३८ जलागा १३ » वर्ष २४, अंक २७१ » पृष्ठ १२ » मूल्य रू १०/–

# अमेरिकामा अपराध नेपालमा लुकिछिपी बसोबास

नेपाल समाचारपत्र विशेष संवाददाता
बोस्टन, अमेरिका

स्टनको एक अदालतले नेपाली मूलका अमेरिकी नागरिकले बालिकालाई वर्षौंसम्म पटक-पटक बलात्कार गरेको अभियोग लगाएको छ। बोस्टन प्रहरीले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

उक्त मुद्दा हेर्ने सरकारी वकिलका अनुसार बोस्टनको एभरेट टाउनमा बस्ने ४६ वर्षीय अभियुक्त नवराज कोइरालाले एक बालिकालाई ९ देखि १४ वर्षको उमेरमा पटक-पटक बलात्कार गरी ज्यान मार्ने र यो कुरा अरूलाई भनेमा सबै परिवारलाई मारी आफू पनि मर्ने धम्की दिँदै आएका थिए।

बोस्टनस्थित म्यासाच्युसेट्स सुपेरियर कोर्ट उबर्नमा बसेको ३ दिने ११ सदस्यीय जुरीले गत जुलाई ७ मा एक निर्णय गर्दै अभियुक्तलाई तुरुन्त कोर्टमा उपस्थित गराउन आदेश दिएको थियो। तर यसअघि प्रहरीसमक्ष आफ्नो कर्तुत पुगेको शंका पाउनासाथ अभियुक्त नेपाल भागेको बताइएको छ।

अदालतबाट हालै जारी सार्वजनिक सूचना (जुन यहाँको समर्भिल विक्ली न्युज पेपरमा समेत प्रकाशित छ)अनुसार कोइरालाले बालिकालाई कठोर यातनासहित जबरजस्ती बलात्कार गरेको, १४ वर्षभन्दा कम उमेरकी बालिकालाई सांघातिक आक्रमण र हमला गरेको, कोर्टको आदेश उल्लंघन गरेकोजस्ता संगीन आरोप लगाइएको छ।


प्रहरी अनुसन्धान, अदालती प्रक्रिया र जुरीको निर्णयजस्ता कुरालाई बोस्टनस्थित पीडित परिवारले पनि यो संवाददातासँग कुरा गर्दै स्वीकार गरेको छ। परिवारका सदस्यहरूले अभियुक्त भागे पनि एक दिन आफूहरूले न्याय पाउने आशा व्यक्त गरेका छन्। यो मुद्दाको सम्पूर्ण जिम्मा जिल्ला सरकारी अटरनीको कार्यालयले लिएको पारिवारिक स्रोतले जनाएको छ। हाम्रा विशेष संवाददाताले सरकारी अटरनी मेघन म्यकार्थीलाई सम्पर्क गर्दा घटनाको सत्यतालाई स्वीकार गर्दै अदालतको निर्णय र आरोपलाई इमेलमार्फत पुष्टि गरेकी छन्।

सुपेरिअर कोर्ट र एभरेट प्रहरीले वारेन्ट जारी गर्नुभन्दा अगाडि नै आफ्नो जघन्य अपराधको अनुसन्धान हुँदै गरेको सुइँको पाउनासाथ गत नोभेम्बरको अन्त्यमा अभियुक्त न्युयोर्कदेखि दिल्ली उडेको प्रहरी अनुसन्धानमा देखिएको छ।

(क्रमशः पृष्ठ ९)







Everett

Nabaraj Koirala, 46, was charged with aggravated rape of a child, rape of a child by force, indecent assault and battery on a child under the age of 14, and violating a restraining orde
The Assistant District Attorney is Marisa Tagliareni.









# महानगर

नेपालभित्र १० वटामा प्रतिस्पर्धा हुन्छ भने नेपालबाहिर हजारौं कम्पनीका बीचमा प्रतिस्पर्धा हुन्छ। हजारौंसँग प्रतिस्पर्धा गरेर नेपालीले एउटा काम पाउनु भनेको पनि ठूलो उपलब्धिको कुरा हो।

# 'अहिले इन्जिनियरलाई काम गर्ने स्वर्णिम अवसर हो'



**उद्धवराज चौलागाईं**
कार्यकारी निर्देशक, इन्भारोमेन्ट एन्ड रिसोर्स मेनेज्मेन्ट कन्सल्टेन्ट (ईआरएमसी)

सरकारले समृद्धिका लागि भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ। देशभित्रका जति पनि आयोजना छन् ती सबै परामर्शदाता कम्पनीले नै गर्दै आएका छन्। नेपालको निर्माण क्षेत्रका तीन प्रमुख निजी निकाय सरकार, निर्माण व्यवसायी र कन्सल्टेन्टबीचको समन्वयमा भौतिक पूर्वाधार निर्माणको काम भइरहेको छ। विभिन्न परियोजनाबारे ड्रइङ, डिजाइन र त्यसअनुसारका लागत खाकासमेत दिन सक्ने 'कन्स्ट्रक्सन-ब्रेन' का रूपमा चिनिने कन्सल्टिङ इन्जिनियरिङ क्षेत्रले नेपालको पूर्वाधार निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

अन्तर्राष्ट्रियस्तरमा परामर्शदाताको अनुभव, संघीय संरचनामा निर्माण तथा परामर्शदाता सेवाको सम्भावना कन्सल्टिङ क्षेत्रमा देखिएको छ। नयाँ प्रविधिले पनि चुनौती थप्दै लगेको छ। गुणस्तर निर्धारण र नियमनमा कन्सल्टिङ क्षेत्रका महत्त्वपूर्ण भूमिका हुने गरेको छ। कतिपय आयोजनामा सरकार, निर्माण व्यवसायी र कन्सल्टिङ क्षेत्रको समन्वय नहुँदा समयमा नै आयोजना सम्पन्न नहुने, गुणस्तरीय नहुने गुनासो पनि हुने गरेको छ।

निर्माण व्यवसायीहरु घटाघटमा ठेक्का लिने प्रचलन कन्सल्टेन्ट कम्पनीमा पनि सरेको छ, जुन कुराले सरकारले प्राप्त गर्ने लक्ष्य हालिस गर्न गाह्रो हुन्छ। निर्माण क्षेत्रमा कन्सल्टेन्टको भूमिका प्रभावकारी नहुँदासम्म गुणस्तरीय काम हुन सक्दैन। सरकारले बजेटको ठूलो हिस्सा भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा खर्चिएको छ। राष्ट्रको बजेट, राष्ट्रको लाइफ लाइनजस्तो पूर्वाधार निर्माणमा जोडिएका तीन निकाय सरकार, निर्माण व्यवसायी र कन्सल्टेन्ट कम्पनीको बीचमा पनि पर्याप्त समन्वय हुन सकेको देखिँदैन।

विगत १६ वर्षदेखि नयाँ प्रविधिसँग खेल्दै आउनुभएका सोसाइटी अफ आर्किटेक्चरल एन्ड इन्जिनियरिङ फर्म (स्केफ) का उपाध्यक्षसमेत रहनुभएका परामर्शदाता कम्पनी इन्भारोमेन्ट एन्ड रिसोर्स मेनेजमेन्ट कन्सल्टेन्ट (ईआरएमसी) का कार्यकारी निर्देशक उद्धवराज चौलागाईंसँग कन्सल्टेन्ट क्षेत्रमा रहेको समस्या, चुनौती र समाधानको विषयमा नेपाल समाचारपत्रका लागि मधुसूदन रायमाझीले गरेको कुराकानी:-

**नेपालमा इन्जिनियरिङ परामर्शदाताको अवस्था कस्तो छ ?**

इन्जिनियरिङ परामर्श सेवा भनेको देशको विकासको गतिविधिमा काम गर्ने मुख्य अंग हो। हामीले यसलाई 'थ्री सी' का रूपमा व्याख्या गरेका छौं। पहिलो क्लाइन्ट, जसले कुनै पनि आयोजनाका लागि पैसा खर्च गर्छ। दोस्रो कन्ट्रयाक्टर, जसले विकासको काम गर्नका लागि भूमिका खेल्छ र तेस्रो कन्सल्टेन्ट, जसले विकासका कामहरू सबैको अध्ययन गर्छ, फिजिबल छ कि छैन भनेर अध्ययन गर्छ। त्यसपछि सर्भे, डिजाइन विभिन्न चरणमा अध्ययन गर्छ। त्यसमा वातावरणीय अध्ययन, जियोटेक्निकललगायतका सर्भेहरू गर्छ। त्यसपछि फाइनान्सियलरूपमा आयोजना ठीक छ कि छैन भनेर त्यसको लागत, बजेट तथा समग्र आयोजना निर्माण गर्न ठीक छ कि छैन भनेर विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) को काम गर्ने गर्छ। नेपाली परामर्शदाता र नेपाली इन्जिनियरलाई कामको अभाव छैन।

हामीले देशको समृद्धिका लागि पहिलो कुरा त रोजागारी सृजना गरिरहेका छौं। भौतिक पूर्वाधार निर्माणमा विभिन्न विधाका इन्जिनियर र प्राविधिक जनशक्तिको आवश्यकता पर्छ। हामीले सरकारलाई आवश्यक पर्ने एक्सपोर्ट परामर्श सेवामार्फत सर्भे, डिजाइन, सुपरभिजनलगायतका काम गर्दै आइरहेका छौं। शुरूका दिनमा इन्जिनियरले रोजगारी नै नपाउने अवस्था थियो। नेपालमा सबै क्षेत्रमा परामर्श सेवा दिन सक्ने दक्ष प्राविधिक उत्पादन गर्ने, विदेश पलायन भइरहेका इन्जिनियलाई नेपालभित्र नै राख्ने गरी सकारात्मक काम परामर्शदाताले गरिरहेका छन्।

**कन्सल्टेन्ट क्षेत्रमा देशभित्र अझै आवश्यक दक्ष जनशक्ति छैन, भएका इन्जिनियर पनि विदेश पलायन हुने क्रम छ भन्छन् नि ?**

हामीले देशभित्र उत्पादन हुने इन्जिनिय विदेश पलायन हुन नपरोस् भनेर नै कम्पनी स्थापना गरेका हौं। यसबीचमा हामीले रोजगारी सृजनासँगै धेरै क्षेत्रमा काम गर्न सफल पनि भयौं। हामीसँग अनुभव र जनशक्ति पनि छ। नेपालको भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा आवश्यक पर्ने सबै जनशक्ति छ। विमानस्थल र जनलविद्युत् आयोजना निर्माण गर्नका लागि २५ जनाभन्दा पनि विभिन्न विधाका जनशक्ति चाहिन्छ। त्यो जनशक्ति हामीसँग छ। हामीले हाम्रो अनुभवले नपुगेको अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि इन्जिनियर र प्राविधिक जनशक्ति ल्याएर काम गर्ने गरेका छौं। परामर्शदाता कम्पनीले आफूले जानेको ज्ञान, सीपलाई भरपुर उपयोग गर्दै विकास निर्माणको कार्यक्रममा सहयोग गरिरहेका छन्। नेपालमा उत्पादन भएका इन्जिनियलाई देशभित्र नै रोजगारी सृजना गर्न सकिन्छ।

हाम्रो उद्देश्य नेपालमा जति पनि इन्जिनियर उत्पादन भएका छन् तिनिहरू भारत र चीनका इन्जिनियर संसारभर पुगे जसरी नेपालको झण्डा लिएर विश्वभर नेपाली कम्पनीमार्फत इन्जिनियर जान सक्छन्। त्यसका लागि केही मेहनत भने नेपालका इन्जिनियरले गर्नुपर्छ। अब नेपालका इन्जिनियर लेबरका रूपमा काम गर्न जाने होइन, इज्जतका साथ आफ्नो दक्षता, योग्यता र क्षमता लिएर अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्न जानुपर्छ। हामीले विभिन्न देशमा अहिले परामर्शदाताका रूपमा काम गरिरहेका छौं।

नेपाली इन्जिनियरको अनुभव अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउनका लागि ईआरएमसी कम्पनी नै स्थापना गरेर काम गरेका छौं। अहिले हाम्रो कम्पनीसँग सडक, जलविद्युत् आयोजना, खानेपानी, शहरी विकास, विमानस्थललगायतको क्षेत्रमा काम गर्ने ५ सयदेखि १ हजार इन्जिनियर हुनुहुन्छ। हामीले ७७ जिल्लामा नै विभिन्न आयोजनमा काम गरिरहेका छौं।

**सरकारले अगाडि सारेको समृद्धिको सपना कार्यन्वयन गर्न परामर्शदाताको मुख्य भूमिका रहने देखिन्छ। तर आयोजनामाथि बारम्बार गुणस्तरको प्रश्न उठ्ने गरेको छ नि ?**

भौतिक पूर्वाधार निर्माणका लागि पहिलो कुरा इन्जिनियरिङ परामर्श फर्म र त्यसमा रहेको इन्जिनियरले सर्भेमा गुणस्तर, प्लानिङ र डिजाइनमा गुणस्तर गरेन भने भौतिक पूर्वाधार निर्माणको काम गुणस्तर हुँदैन। सर्भे, प्लानिङ, डिजाइन, कस्ट स्टिमेट गुणस्तर हुनु नै पर्छ। त्यसपछि त्यही डिजाइनमा कस्तो आयोजना बनाउने भन्ने खुलाइको हुन्छ। आयोजना निर्माणका क्रममा सुपरभिजनको काम इन्जिनियरले नै गर्छन्। पराशर्मदाता इन्जिनियर र अर्थात् सरकारको आफ्नै इन्जिनियरले गर्ने गर्छन्। त्यसमा पनि इन्जिनियरकै ठूलो भूमिका रहने भयो। डिजाइनमा भएको र डिजाइनमा खुलाइएको गुणस्तरअनुसारको काम गर्ने गराउने जिम्मेवारी बढी इन्जिनियरकै हुन्छ। यसमा निर्माण व्यवसायी, परामर्शदाताले गुणस्तरीय काममा ध्यान दिनुपर्छ। सरकारले पनि अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ। सरकार, कन्ट्रयाक्टर र कन्सल्टेन्ट तीनै पक्ष जिम्मेवार भएको अवस्थामा गुणस्तरीय काम गर्न सकिन्छ।

**नेपालका इन्जिनियर किन विदेश पलायन हुन्छन् ?**

नेपाली इन्जिनियर केही राम्रो अवसर पाउनेबित्तिकै विदेशमा जाने गरेका छन्। यसमा सरकारको पनि केही दोष देखिन्छ। कम्पनीले यही क्षेत्रमा भविष्य छ भनेर इन्जिनियरलाई विश्वस्त पार्न सक्नुपर्छ र मुख्य कुरा भनेको तलब तथा सेवा सुविधा नै हो।

राज्यले पनि सिकाइदिनुपर्‍यो। समाजले पनि भनिदिनुपर्‍यो। इन्जिनियर हुनका लागि राज्यले पनि लगानी गरेको हुन्छ। त्यो लगानी त उसले तिर्नुपर्‍यो नि। २२ देखि २५ वर्षसम्म देशले नै पढाएको हो। यही भूमिमा पढेको हो। त्यसपछि राज्यप्रति दायित्व निर्वाह गर्नुपर्‍यो। नेपालमा नै जन्मिएर नेपालका लागि केही पनि नगर्ने त भएन नि। नेपालमा अध्ययन गर्‍यो। आफूले जानेको सीप र दक्षतालाई अन्यत्र लगेर प्रयोग गर्‍यो। थोरै भए पनि राष्ट्रका लागि योगदान गर्नुपर्‍यो। यो कुरा प्राथमिक तहदेखि उच्च शिक्षासम्म नै जानकारी दिनुपर्‍यो।

नेपालमा नै परामर्शदाता कम्पनी स्थापित गरेर विदेश जाने हो भने हजारौं इन्जिनियर अन्तर्राष्ट्रिय जगत्‌मा काम गर्न सक्छन्। संसारभर जहाँ पनि काम गर्न पाउँछन्। अरू देशमा किन जानुपर्‍यो। उदाहरणका लागि नेपालबाट युगान्डामा प्रपोजल बिड गर्ने काम गरी हेटक्वार्टर नेपालमा बनाएर नेपालमा नै डलर आम्दानी गर्न सकिन्छ। यसो गर्न सकियो भने विदेशको टेक्नोलोजी नेपालमा भित्र्याउन सकिन्छ। अर्को नेपालमा अर्बौं डलर आम्दानी गर्न सकिन्छ, नेपाली इन्जिनियरले बुद्धि बेचेर अर्बौं आम्दानी गर्न सक्छन्। अहिले लाखौं युवा श्रम बेचेर खाडीमा पैसा कमाइरहेका छन्। इन्जिनियरले बुद्धि बेचेर पैसा कमाउन सक्छन्। हामीले बुद्धि बेचेर अरूका लागि पैसा कमाइदिएका छौं। अहिले विदेश पलायन भएर डलर कमायौं त भन्छौं तर अरू देशका लागि मात्र कमाइदियौं। इन्जिनियरले पनि देशभित्रै बसेर राष्ट्रका लागि योगदान दिन सक्छन्।

**नेपाली इन्जिनियर देशभित्र सम्भावना नदेखेरै विदेश पलायन भएका हुन् ?**

अहिलेको पुस्तालाई के भ्रम छरिएको छ भने परिवार र समाजभित्रैबाट नेपालमा केही गर्न सकिँदैन। नेपालमा पनि राम्रो सम्भावना छ। इन्जिनियर र प्राविधिकका लागि अहिले काम गर्न नेपाल स्वर्णभूमि हो। पैसा कमाउनका लागि अन्य व्यवसाय पनि छन्। देशभित्र भर्खर भौतिक पूर्वाधार निर्माणको काम शुरू भएको छ। हजारौं किलोमिटर सडक बनाउनु छ। हजारौं किलोमिटर रेलमार्ग बनाउनु छ। हजारौं किलोमिटर सुरुङमार्ग बनाउनु छ। अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु छ। अब गाउँगाउँमा पर्यटकीय क्षेत्रको गुरुयोजना बनाउनु छ। केबलकार निर्माण गर्नु छ। हजारौं मेगावाट जलविद्युत् आयोजना निर्माणका क्षेत्रमा काम गर्नु छ। काममा प्रतिस्पर्धा त हुन्छ नै। जो राम्रो छ ऊ अगाडि आउँछ। देश भर्खरै विकासको गतिमा अगाडि लम्किन थालेको छ। नेपालमा जति पनि काम हुन बाँकी रहेको छ, त्यसको प्रत्यक्ष फाइदा भनेको परामर्शदाता कम्पनी र इन्जिनियरको नै रहेको छ। फिजिबिलिटी, वातावरणीय अध्ययन, डीपीआर त्यसपछि अनुगमन र त्योभन्दा पछि आयोजना सञ्चालनसम्मका लागि यो अत्यन्त राम्रो र उपयुक्त क्षेत्र हो।

**तपाईंको कम्पनीले अहिले कुन-कुन आयोजनामा काम गरिरहेको छ ?**

हामीले विगत १६ वर्षदेखि कम्पनी स्थापना गरेर नै सरकारलाई लगातार सहयोग गर्दै आएका छौं। हामीले पूर्व-पश्चिम रेलमार्ग, नेपालका ठूला जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययनलगायतका काम गरिरहेका छौं। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय कम्पनीसँग मिलेर काम भइरहेको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा पनि अन्तर्राष्ट्रसँग साझेदारी गरेर काम गरिरहेका छौं। त्यसै गरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय कम्पनीसँग सहकार्य गरेर हाम्रो नेतृत्वमा काम भइरहेको छ।

हामीले डिजाइन र सुपरभिजन गरी ५ सयभन्दा बढी आयोजनामा अहिलेसम्म काम गरेका छौं। १३ सय किलोमिटर सडकको डिजाइन पनि भर्खर सम्पन्न गरेका छौं। झन्डै २ हजारको कन्स्ट्रक्सनको सुपरभिजनको काम गरेका छौं। २ सयभन्दा बढी पुलको डिजाइन गरिसकेका छौं। चताराको पुलको सुपरभिजन हाम्रो कम्पनीले गरेको हो। पूर्व-पश्चिम रेलमार्गको सर्भे र डिजाइनको काम पनि गरिरहेका छौं। पूर्व-पश्चिम रेलमार्गको ३ सय किलोमिटरको डीपीआरको काममा लागेका छौं। काठमाडौं मेट्रो रेलको १० हजार मेगावाटको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको ईआईएको काम सम्पन्न गरिसकेका छौं। नेपालमा निर्माण हुन लागेका ठूला जलाशययुक्त आयोजना सुनकोसी दोस्रो र तेस्रोको सम्भाव्यता अध्ययन र ईआईए गरिरहेको छौं।

> नेपालको झण्डा लिएर विश्वभर नेपाली कम्पनीमार्फत इन्जिनियर जान सक्छन् ।
>
> सरकार, कन्ट्र्याक्टर र कन्सल्टेन्ट तीनै पक्ष जिम्मेवार भएको अवस्थामा गुणस्तरीय काम गर्न सकिन्छ ।
>
> नेपाली इन्जिनियरले बुद्धि बेचेर अर्बौं डलर नेपाल भित्र्याउन सक्छन्।
>
> झन्डै ७० प्रतिशत इन्जिनियर परामर्शदाता कम्पनीमा काम गरिरहेका छन् ।

**नेपालमा मात्र हो कि विदेशमा पनि तपाईंहरूले काम गरिहनुभएको छ ?**

विगत चार वर्षदेखि अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दै आएका छौं। भुटान, अफ्रिका, युरोपमा काम गरेका छौं। मुख्य हेटक्वार्टर नेपाललाई बनाएर अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्ने योजनासहित अगाडि बढेका छौं। युगान्डामा जलविद्युत् आयोजनामा काम गरिरहेका छौं।

**आयोजनाको डिजाइन गर्न हतारो गर्ने तर कार्यान्वयनमा वर्षौंदेखि अलपत्र पर्दै आएका छन् नि ?**

हाम्रो कम्पनीले पनि थुप्रै आयोजनाको डिजाइन गरेर बुझाएको छ तर कार्यान्वयनमा जान सकेको छैन। यसमा केही कारणले काम गरेको देखिन्छ। पहिलो कारण त पुँजीको अभाव, दोस्रो डिजाइन गर्दागर्दै लगानीकर्ताको खोजी, तेस्रो कतिपय आयोजनामा लगानीकर्ताले छानेर आयोजना लिने गर्छन्। त्यसकारणले पनि सबै आयोजना कार्यान्वयनमा नगएको हुन सक्छन्। चोथौ कारण राजनीतिक पहुँच पनि हो। सबैले आफ्नो क्षेत्रमा आयोजना पार्नका लागि लबिङ गर्ने गरेका छन्। अर्को भनेको ट्रान्समिसन लाइन पनि हो। आयोजनाको डीपीआर तयार भए पनि ट्रान्समिसन लाइनको पहुँच छैन भने लगानीकर्ताले प्राथमिकता दिँदैनन्।

**सरकारले करोडौं खर्चिएर आयोजना डिजाइन गर्ने तर अर्को आयोजना बनाउँदा भत्काउनुपर्ने अवस्था पनि सृजना भएको देखिन्छ नि, यस्तो किन हुन्छ ?**

विगतमा भएका कतिपय सम्भाव्यता अध्ययनलाई सरकारले आफ्नो गुरुयोजनाअन्तर्गत नराखेको पनि हुन सक्छ। सडक र जलविद्युत् आयोजनाको गुरुयोजना निर्माण हुने हो अन्य भौतिक पूर्वाधार निर्माण गर्दा त्यसको आधारमा निर्माण हुन्थे। उदाहरणका लागि जाइकाले १० वटा मुख्य र बाँकी ४० वटा साना जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन गरेको थियो। अलि अघिसम्म ती आयोजना बनाउने नबनाउने प्राथमिकतामा नै परेनन्। सरकारले अब जलाशययुक्त आयोजना बनाउने विषयलाई प्राथमिकता दिएको छ।

**नेपालमा निर्माण हुन लागेका आयोजनाका लागि नेपाली इन्जिनियर दक्ष छन् कि छैनन् ?**

देशभित्र दुईथरी आयोजना छन्। एउटा नेपाली जनशक्तिले मात्र गर्न सक्ने अर्को विदेशी पनि चाहिने। साना-साना सडकका लागि विदेशी चाहिँदैन तर एक्सप्रेस वे, टनेल वे बनाउँदा हाम्रो अनुभव त्यसमा पुग्न सकेको देखिँदैन। अझै केही समय विदेशी कम्पनी नै नभए पनि एक्सपर्टहरूको जरुरी छ। रेलमार्गका लागि विदेशी इन्जिनियर चाहिन्छ। तर नेपाली इन्जिनियरले रेलमार्गमा निर्माण हुने पुलको डिजाइन भने गर्न सक्छन्। जलाशययुक्त आयोजनामा हाम्रो अनुभव कम छ। ठूला आयोजनाका लागि १० वर्षभित्र नेपाली इन्जिनियर नै सक्षम हुन्छन् त्यसपछि हामीले नै काम गर्न सक्छौं।

**त्यसो भए आगामी दिनमा अब देशभित्र सञ्चालन हुने आयोजनाका लागि विदेशी परामर्शदाता चाहिँदैन त ?**

हामीले नै गर्न सक्छौं। सबै आयोजनामा काम गर्न सक्ने हामी पनि हौं। सबै क्षेत्रमा, सबै ठाउँमा प्लान गरेर काम गरिरहेका छौं। अफगानिस्तान, कम्बोडिया, लावस, युगान्डा, रुवान्डामा अहिले पनि काम गरिरहेका छौं। नेपालभित्र १० वटामा प्रतिस्पर्धा हुन्छ भने नेपालबाहिर हजारौं कम्पनीका बीचमा प्रतिस्पर्धा हुन्छ। हजारौंसँग प्रतिस्पर्धा गरेर नेपालीले एउटा काम पाउनु भनेको पनि ठूलो उपलब्धिको कुरा हो। जस्तो अहिले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय फर्म चाहिने हो तर हामीले नेतृत्व गरेर काम गरिरहेका छौं।

**नेपालका इन्जिनियर निजी क्षेत्रमा नै बढी आकर्षित हुनुको कारण के हो ?**

नेपालमा जति पनि इन्जिनियर रहेका छन् तिनिहरू जाने भनेको सरकारी सेवामा हो। त्यसपछि केही विश्वविद्यालयमा प्राध्यापन, कन्ट्राक्टर र त्यसपछि परामर्शदाता नै हो। यसबाहेक केही गैह्रसरकारी संस्था तथा केही विदेश जाने हो। तथ्यांकअनुसार देशभित्र उत्पादन भएका ७० प्रतिशत इन्जिनियर परामर्शदाता कम्पनीमा काम गरिरहेका छन्। किनकी कुनै पनि आयोजनाको योजना तर्जुमा, डिजाइनिङ, अध्ययन तथा निर्माणदेखि सञ्चालनसम्म इन्जिनियरको आवश्यकता पर्छ। यकिन डेटा नभए पनि करिब ५ देखि १० हजारको हाराहारीमा यो क्षेत्रमा इन्जिनियर कार्यरत रहेका छन्।

**यहाँको कम्पनीको आगामी योजना के छ ?**

हामीसँग कामको अनुभव र पर्याप्त जनशक्ति पनि छ। हामीसँग विभिन्न क्षेत्रमा संलग्न इन्जिनियर छन्। उनीहरूलाई जुनसुकै आयोजनामा पनि सहभागी गराउन सकिन्छ। हाम्रो मुख्य चुनौती भनेको गुणस्तरीय र भरपर्दो काम गर्ने हो। अन्तर्राष्ट्रिय प्रविधिको प्रयोग गर्दै छिटो, छरितो र गुणस्तरीय काम गर्दै जाने र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विस्तार गर्ने योजनासहित काम गरिरहेका छौं। अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्नका लागि युनिट नै बनाएर लगानी गरिरहेका छौं। १५ वर्षे योजनाका साथ अगाडि बढेका छौं।



## जलपरी

मोडल तथा नृत्य कलाकार दीपाशा बिसी 'जलपरी' कृत्रिम झरनामा रमाउँदै।

PAGE3

## पाक कला

नायिका तथा सञ्चारकर्मी कृति भट्टराई राजधानीको थापागाउँस्थित एस्प्रेसो अर्ग्यानिक कफी सपमा परिकार पकाउँदै।



## प्रेम लीलामा दीपशिखाको
# अनौठो लुक्स



अन्तरदेशीय प्रेम सम्बन्धको कथामा बनेको फिल्म *प्रेम लीला*मा नायिका दीपशिखा खड्का अनौठो लुक्समा देखिएकी छिन्। हालै राजधानीमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको फिल्मको *फस्ट लुक*मा खौरिएको टाउकोका साथ एङ्ग्री लेडीका रूपमा देखिएकी छिन्।

आगामी माघ २५ बाट अल नेपाल रिलिज हुने फिल्ममा दीपशिखा खड्काका साथ अलि खान र मौसम खड्का प्रमुख भूमिकामा छन्। खानले यसै फिल्मबाट डेब्यु गरेका हुन्। दुबईमा मोडलिङ गर्दै आएका अलि खानले फिल्ममा भारतबाट नेपाल घुम्न आउने पर्यटकको भूमिका निर्वाह गरेका छन्। उनले दीपशिखासँग दुबईमा भेट भएको र फिल्म खेल्न प्रस्ताव गरेपछि *प्रेम लीला*मा खेलेको बताए। 'दुबईमा दीपशिखासँग भेट भएको थियो। उनले फिल्मको बारेमा बताएकी थिइन्। 'कथा चित्तबुझ्दो भएपछि खेल्न राजी भएँ', खानले भने- 'आगामी दिनमा पनि नेपाली फिल्म खेल्न तयार छु।' दीपशिखाले यसअघि केही फिल्ममा अभिनय गरे पनि *प्रेम लीला* नै आफ्नो डेब्यु फिल्म हुने दाबी गरिन्। 'गर्न त मैले ८ वर्षको अवधिमा थुप्रै फिल्ममा अभिनय गरें। तर मलाई कुनै पनि फिल्मले चिनाएनन्। त्यसैले मैले पनि यसलाई डेब्यु फिल्म नै ठानेकी छु' -खड्काले भनिन्। उनले फिल्मको गेटअपमा रहन सुटिङदेखि हालसम्म ५ पटक कपाल काटेको बताइन्।

दीपशिखाकै लेखन रहेको फिल्म जनक पाण्डेले निर्देशन गरेका छन्। पैफिल फिल्म्सको ब्यानरमा नानीमैया कार्कीले निर्देशन गरेको फिल्म पवन गौतमले खिचेका छन्।

# बुगीउगीपछि भिडियोमा सृष्टि र रविन

अन्तर्राष्ट्रिय डान्स टेलिभिजन रियालिटी शो *बुगीउगी*को नेपाल फ्रेन्चाइजबाट चर्चामा आएका कलाकार सृष्टी महर्जन र रविन भुजेलद्वारा अभिनित रहेको पहिलो म्युजिक भिडियो सार्वजनिक भएको छ।

रोनन सुब्बाको स्वर रहेको *सुन न मैया* बोलको गीतको म्युजिक भिडियो विकास सुवेदीले निर्देशन गरेका छन्। गीतमा बाबु बोगटीको शब्द र संगीत रहेको छ।

सुवेदीकै कन्सेप्ट रहेको भिडियोले काठमाडौंका घरबेटी र सडकको अवस्थालाई ब्यङ्ग्य प्रहार गरेको छ। रमाइलो शैलीमा तयार पारिएको भिडियोमा रविन र सृष्टि दुवैको डान्सलाई प्राथमिकता दिइएको छ। *बुगीउगी*मा सर्वाधिक रुचाइए पनि उत्कृष्ट ५ बाट बाहिरिएका यी कलाकारले भिडियोमा आफ्नो कलामय जादु छरेका छन्। *बुगीउगी* पहिलो भिडियो भएकाले पनि रविन र सृष्टि दुवै उत्साहित देखिएका छन्।

निर्देशक सुवेदीले गीतको भावअनुरूप नै भिडियो तयार गरेको बताएका छन्। गीतको सबै पक्ष अब्बल रहेकाले दर्शकले मन पाराउनेमा गायक रोनन निकै आशावादी देखिएका छन्। भिडियोमा अनिल के मानन्धरको छायांकन, सुप्रिम पराजुलीको सम्पादन र रोहिया महर्जनको कोरियोग्राफी रहेको छ।



# सुरेशको दैलो ट्रेलरमा

अभिनेता सुरेश उप्रेतीको लेखन र निर्देशनमा बनेको फिल्म *दैलो*को ट्रेलर सार्वजनिक गरिएको छ। जमुनादेवी फिल्म्स प्रालिको ब्यानरमा खलनायकका रूपमा चर्चित अभिनेता उप्रेतीले पहिलोपटक निर्देशन गरेको फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो।

सामाजिक कथावस्तुमा आधारित फिल्ममा दाइजो, शिक्षक र विद्यार्थीबीचको आत्मीय सम्बन्ध, अभिभावकको त्याग र समर्पणलगायतका विषयवस्तु समेटिएको उप्रेतीले बताए। उनका अनुसार छोरा नै चाहिन्छ भन्ने सामाजिक मान्यताविरुद्धमा *दैलो*ले गतिलो सन्देश दिने प्रयास गरेको छ। अगामी कात्तिक ३० गतेबाट अल नेपाल



रिलिज हुने फिल्ममा सुरेश उप्रेती, दुर्गा साउन, विकाश चापागाईं, दीक्षा आचार्य सापकोटा, मुना प्रसाईं, दीपक डोटेल, सपना श्रेष्ठ, दीपक अधिकारी, जीवन कुईंकेल, सञ्जय न्यौपाने, अनु ढुंगाना, बाल कलाकार सुयोग उप्रेतीलगायतले अभिनय गरेका छन्। झापा, इलाम र काठमाडौंमा छायांकन गरिएको फिल्म यशोदा उप्रेती र अर्जुन उप्रेतीले निर्माण गरेका हुन्। फिल्ममा विमल भट्टराईको छायांकन र तारा थापा 'किम्भे' को सम्पादन रहेको छ। फिल्मको निर्माण पक्षले यसअघि *कुतु कुतु लाग्यो मलाई, कुतु कुतु* बोलको आइटम सङ सार्वजनिक गरेको थियो। गीत दुर्गा साउतले गाएकी छिन्। गीतमा लक्षुप्रकाश मल्लको संगीत र गीता विमल भट्टराईको शब्दरचना रहेको छ। उक्त गीतको आइटम डान्समा गम्भीर विष्टले कोरियोग्राफी गरेका छन्। फिल्ममा २ गीत रहेको निर्देशक आचार्यले जानकारी गराएका छन्।





# सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
Kamana Film Awards

## कामना फिल्म अवार्ड्स् २०७५

## मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSORS: Pashupati Biscuits, Norvic International Hospital

OFFICIAL DRINK: Golden Oak | OFFICIAL BANK: Prabhu Bank | RED CARPET: YETI PVC Flooring, Live with honour... | OFFICIAL VEHICLE: SUZUKI

SUPPORTED BY: सीताराम दूध, TVS NTORQ 125, NEPAL LIFE Insurance Co. Ltd. किनकि जीवन अमूल्य छ..., WOW

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३७७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३७७२२ मा पठाउनुहोस्।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
ब्लाइन्ड रक्स (KFA 1A)
घामपानी (KFA 1B)
कृ (KFA 1C)
लीली बीली (KFA 1D)
शत्रु गते (KFA 1E)

**विधाः सर्वोत्कृष्ट निर्देशक**
दीपाश्री निरौला - छक्का पञ्जा २ (KFA 2A)
मिलन चाम्स - लीली बीली (KFA 2B)
नवल नेपाल - मंगलम (KFA 2C)
प्रदीप भट्टराई - शत्रु गते (KFA 2D)
सुरेन्द्र पौडेल - कृ (KFA 2E)

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दीपकराज गिरी - छक्का पञ्जा २ (KFA 3A)
दयाहाङ राई - घामपानी (KFA 3B)
सौगात मल्ल - झ्यानाकुटी (KFA 3C)
अनमोल केसी - कृ (KFA 3D)
प्रदीप खड्का - लीली बीली (KFA 3E)
पुष्प खड्का - मंगलम (KFA 3F)

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
बेनीषा हमाल - ब्लाइन्ड रक्स (KFA 4A)
मेनुका प्रधान - शेरबहादुर (KFA 4B)
नीता ढुंगाना - पञ्चायत (KFA 4C)
प्रियंका कार्की - शत्रु गते (KFA 4D)
सारा सिरपाली - पिंजडा ब्याक अगेन (KFA 4E)
शील्पा पोखरेल - मंगलम (KFA 4F)

**विधाः सर्वोत्कृष्ट खलपात्र**
अनुपविक्रम शाही - कृ (KFA 5A)
विपीन कार्की - नाका (KFA 5B)
प्रशान्त ताम्राकार - ऐश्वर्य (KFA 5C)
पुकार भट्टराई - पिंजडा ब्याक अगेन (KFA 5D)
रमेश रञ्जन झा - संरक्षण (KFA 5E)

**विधा : सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा २ (KFA 6A)
जयनन्द लामा - छक्का पञ्जा २ (KFA 6B)
बुद्धी तामाङ - दुई रूपैंया (KFA 6C)
राजाराम पौडेल - म यस्तो गीत गाउँछु (KFA 6D)
शिवहरी पौडेल - शत्रु गते (KFA 6E)

**विधाः सर्वोत्कृष्ट संगीतकार**
बसन्त सापकोटा -
मलाई आँखामा/ए मेरो हजुर २ (KFA 7A)
अर्जुन पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 7B)
हरी लम्साल -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 7C)
राजनराज शिवाकोटी -
कुटुमा कुटु/दुई रूपैंया (KFA 7D)
दीपक शर्मा -
पर्ख पर्ख/मंगलम (KFA 7E)

**विधाः सर्वोत्कृष्ट पार्श्वगायक**
कालीप्रसाद बास्कोटा -
ओडौंला पिरतीको/शत्रुगते (KFA 8A)
कृष्ण काफ्ले -
पर्ख पर्ख/मंगलम (KFA 8B)
सुगम पोखरेल -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 8C)
सुगम पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 8D)
स्वरूपराज आचार्य -
सम्झनाको सारंगी/संरक्षण (KFA 8E)

**विधाः सर्वोत्कृष्ट पार्श्वगायिका**
अञ्जु पन्त -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 9A)
बानिका प्रधान -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 9B)
विन्दु परियार -
पर्ख पर्ख/मंगलम (KFA 9C)
मेलिना राई -
कुटुमा कुटु/दुई रूपैयाँ (KFA 9D)
मीना निरौला -
रूपै मोहनी/शत्रु गते (KFA 9E)

**विधा : सर्वोत्कृष्ट नवअभिनेता**
सलीनमान बानीया - ए मेरो हजुर २ (10A)
स्वरूपपुरूष ढकाल - छक्कापञ्जा २ (10B)
आशीरमान देशराज श्रेष्ठ जोशी - ग्याङस्टर ब्लुज (10C)
सुरज पाण्डे - लभ लभ लभ (10D)
शारूक ताम्राकार - रानी (10E)

**विधा : सर्वोत्कृष्ट नवअभिनेतृ**
अदिती बुढाथोकी - कृ (11A)
दिपीका प्रसाईं - ऐश्वर्य (11B)
जसिता गुरूङ - लीली बीली (11C)
सारा सिरपाली - रूद्र (11D)
सीपोरा गुरूङ - भुइँमान्छे (11E)

**विधा : सर्वोत्कृष्ट नवनिर्देशक**
झरना थापा - ए मेरो हजुर २ (12A)
नवराज बुढाथोकी - भुइँमान्छे (12B)
घामपानी - दिपेन्द्र लामा (12C)
पुर्णेन्दु झा - संरक्षण (12D)
आर. राजवंशी - शेरबहादुर (12E)

**विधा : सर्वोत्कृष्ट सहअभिनेता**
सलोन बस्नेत - ए मेरो हजुर २ (13A)
जितु नेपाल - छक्का पञ्जा २ (13B)
प्रमोद अग्रहरी - संरक्षण (13C)
शिवहरि पौडेल - शत्रु गते (13D)
रवीन्द्र झा - शेरबहादुर (13E)

**विधा : सर्वोत्कृष्ट सहअभिनेतृ**
अनु शाह - कान्छी (14A)
वर्षा राउत - छक्का पञ्जा २ (14B)
मिथिला शर्मा - आधा लभ (14C)
रोजिसा शाही - ग्याङस्टर ब्लुज (14D)
रूपा राना - कृ (14E)

# विचार

आगोलाई पानीले नष्ट गरेजस्तै ज्ञानले मनलाई शान्त राख्नुपर्दछ।
– वेदव्यास

सकारात्मक सोच एउटा त्यस्तो लेन्स हो, जसबाट जहाँ हेरे पनि जता नियाले पनि उज्यालो पक्ष मात्र देखिन्छ।
– सन्तु श्रेष्ठ

## सम्पादकीय

नेपाल समाचारपत्र

## अनुगमनलाई मौसमी नबनाऊ

दशैं नजिकिएसँगै काठमाडौं महानगरपालिका (कामपा) ले बजारमा उपलब्ध हुने मासुजन्य पदार्थ र खसीबोकाको अनुगमन गर्ने भएको छ । मासुजन्य पदार्थबाट विभिन्न किसिमका रोग लाग्ने भएपछि महानगरवासी र यस्तो कारोबार गर्ने व्यवसायीलाई सचेत गराउन कामपा अनुगमन अघि बढाउने भएको हो । अनुगमनका क्रममा बासी मासु, रोगी खसीबोका र पशुपक्षी पाइएको खण्डमा जफत गर्ने र रोगी र अस्वस्थकर पशु रहेको पुष्टी हुँदा हुँदै बिक्री गर्नेहरूमाथि कारबाही गर्ने महानगरको दाबी छ ।


घटस्थापनादेखि शुरू हुने अनुगमन राजधानीको कलंकी, कोटेश्वर, बागबजार, बिजुलीबजार र आवश्यकताअनुसार पशुपक्षी बजारमा केन्द्रित हुने बताइएको छ । खसीबोका बिक्री गर्न खसीबोका व्यवस्थापन समिति, व्यवसायी र अन्य सरोकारवालासँग छलफल भइरहेको महानगरले जनाएको छ । गत वर्ष उपत्यकाका विभिन्न स्थानमा करिब ५० हजार खसीबोकाको स्वास्थ्य परीक्षण गरेको कामपाले ६० हजार हाराहारी पशुपक्षीको परीक्षण गर्ने तयारी गरेको छ । चौपाय बधस्थल र मासु बिक्री गर्ने पसलको समेत अनुगमन गर्ने महानगर पदाधिकारी बताउँछन् ।

दशैंलाई लक्षित गर्दै हरेक उपत्यकामा धेरै ठाउँबाट खसिबोका, भेडा च्याङ्ग्रा र अन्य पशुपक्षी अधिकतम रूपमा आयात हुन्छ । तर ती केकति स्वस्थ हुन्छन् भन्ने प्रश्न सधैं खट्किन्छ। दुषित र रोगी पशुपक्षीको मासु खाँदा झाडापखाला, वाकवाकी लाग्ने, आउ, रगतमासी, चर्म रोग, जुका पर्ने, क्षयरोग, घाउखटिरासहित विविध रोग लाग्ने पुष्टी भइसकेको छ । तर नियमित र प्रभावकारी बजार अनुगमन अनि उपभोक्ता लक्षित सचेतनामूलक कार्यक्रमको अभावमा सधैं यस्ता समस्या निम्तिने गर्छन्। सोही कारणले मिठो मसिनो खाँदै आफन्त र घर परिवारसँग खुशीयाली बनाउनुपर्ने चाडबाडमा सधैं अस्पतालमा बिरामीको चाप बढ्ने गर्छ ।

मासु, पशुपक्षी र अन्य दैनिक उपभोग्य बजार अनुगमन काठमाडौं महानगरको विषय मात्रै होइन, उपभोक्तासँग जोडिने अन्य सरकारी निकाय र संघ/संस्थाको पनि उत्तिकै दायित्व हो । कुनै एउटा निकायले आफू अनुकूल गर्ने केही दिनको क्षणिक र 'मौसमी' अनुगमनले मात्रै बजारको अवस्था सुध्रिँदैन । मौसमी अनुगमन त उपभोक्ताको आँखामा झारो हाल्ने र केही दिनको सस्तो प्रचारबाजी मात्रै हुन्छ । बधशालाको सरसरफाइ र पशुपक्षी, भेडा च्याङ्ग्राको बिक्री वितरणजस्तो गम्भिर विषयमा राज्य गम्भिर बन्नुपर्छ, बाह्रैमास अनुगमनको खाँचो छ ।

काठमाडौं मात्रै होइन, उपत्यकाका तीनवटै जिल्ला, उपत्यकाबाहिरका मुख्य–मुख्य सहरी क्षेत्र र नेपाल भित्रिने सीमानाकाको अनुगमनसमेत प्रभावकारी रूपमा अघि बढाइनुपर्छ । मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषयको अनुगमन कुनै एक्लो निकायको पहलमा मात्रै सम्भव हुँदै छ, अन्य सरोकारवाला निकायसँगको हातेमालो पनि उत्तिकै प्रभावकारी बन्नुपर्छ ।

# भाषामा कर्मशीलता र कर्मकाण्ड



मुक्तिबन्धु

सरकार समृद्धिको कुरा गरिरहेको छ। उत्कर्षको कुरा गरिरहेको छ। सुशासनको कुरा गरिरहेको छ। भ्रष्टाचारप्रति शून्य सहनशीलताको कुरा गरिरहेको छ। तस्करी नियन्त्रण, सिन्डिकेट खारेजी, बेइमान ठेकेदारहरूमाथि कार बाही, आदि इत्यादि यावत् कुरा गरिरहेको छ सरकार। संविधानमा जनताका लागि मैलिक अधिकारका कुरा त्यत्तिकै भरिभराउ छन्। यी सबै सुखसुविधा व्यवस्थापनका लागि मुलुकमा हजारौं जनप्रतिनिधिहरू छन्। त्यत्तिकै संख्यामा तिनका सहयोगी सल्लाहकार र सेवकहरू छन्। लाखौं निजामती कर्मचारीहरू छन्। लाठीधारी र शस्त्रधारी सुरक्षाकर्मचारी लाखौं छन्। जनता र देशको चौतर्फी रक्षा सुरक्षामा रातदिन नभनी चौबीसै घण्टा खटेका छन्। गाउँ शहर यत्रतत्र सर्वत्र विद्यालय महाविद्यालय र विश्वविद्यालयहरू छन्। अस्पताल र महाअस्पतालहरू छन्। ती संस्था र संस्थानहरूमा क्रियाशील विज्ञ, प्राज्ञ र प्राविधिज्ञहरूको संख्या त्यत्तिकै छ। मुलुकमा शिक्षा र स्वास्थ्यका कारखानाहरू पश्चिमदेख पूर्वसम्म र दक्षिणदेखि उत्तरसम्म फैलिएका छन्, फस्टाएका छन्। मुलुकमा सरकारी प्राज्ञहरू छन्। सरकारी बुद्धिजीवीहरू छन्। तिनका ज्ञान, विधिविज्ञता, दक्षता, चातुर्य आदि व्यवस्थापनका लागि थरीथरीका प्रज्ञाप्रतिष्ठानहरू त्यत्तिकै छन्। मुलुकमा जिल्लादेखि केन्द्रसम्म तहतहका न्यायालयहरू छन्। गनि नसक्ना वकिलहरू छन्। जता हेर्‍यो त्यतै न्यायको खेती लहलहाएको छ। यो सबै सुन्दा पढ्दा अब नेपालमा जनताका लागि सुखशान्तिका भव्य उज्याला दिनहरू ढोकाढोकामा सुन्दर शान्त विशाल सिंहदरबार बनेर उभिन पुगिसकेका छन्।

आजका दिनमा यी सबै योगदान कसको ? एकमना नेकपा सरकारको। हाम्रा सम्माननीय प्रधानमन्त्री महोदयले अहिले यत्ति कुरा नेपाली जनताले बुझुन् र जयजय गान गाउन् भन्ने चाहनुभएको हो र कार्यकर्ताहरूको जमघटमा आकाङ्क्षा व्यक्त गर्नुभएको हो भने वहाँको बुझाइअनुसार वहाँको आकाङ्क्षा जायज पनि हुनसक्छ।

हेर्ने आँखा र देख्ने आँखा दुवैको प्रतीति एउटै हुन नसक्नुचाहिँ राजनीतिमा पनि एउटा विडम्वना नै हुँदोरहेछ। शासकका दृष्टिमा जनताको अवस्था र जनता स्वयम्का भोगाइमा जनताको अवस्था फरक-करक प्रतीत हुनु स्वयम् शासकहरूकै लागि पनि गौरवको कुरा चाहिँ होइन। बुढापाकाहरू भन्छन्- 'एक पटक जेलको अवलोकन भ्रमणमा खासखास कैदीहरूका विषयमा सुनेपछि राजा त्रिभुवनले भनेथे रे, 'यिनीहरूले दूधभात पनि खान पाएनन् र ? नत्र किन चोर्न हिँडेछन् त ?' महलमा विराजमान रहेर चौरासी व्यञ्जन ज्युनार गर्दै मनोरञ्जनका लागि स्कर्टिङमा भ्रमण सवारी हुनेले आमजनताको स्थिति पनि आफ्नोजस्तै अनुमान गर्नु सम्बन्धित शासकहरूका लागि स्वाभाविक होला। जनसाधारणका लागि सुपाच्य होइन।

संस्कृत भाषामा एउटा उखान छ- 'उपानद्गुढपादस्य ननु चर्मावृतेव भू:, अर्थात् छालाका जुत्ताले मोरिएका खुट्टाका टेकाइमा सारा पृथ्वी छालाले मोरेजत्तिकै नरम नरम हुन्छ। जहाँ टेके पनि नरम छालामै टेकिन्छ।' त्यस्तै नेपालीमा एउटा उखान छ, 'साउनमा आँखा फुटेका गोरुले जहिलेसुकै र जतासुकै हरियै देख्छ।' सम्वेदनहीन व्यक्तिको चरणचेतना र नेत्रविहीन गोरुको कल्पित दृष्टिबोध सुन्दा सहृदय जसकसैलाई पनि दया लाग्न सक्छ।

> सरकारका जति कर्मशीलताहरू छन्, ती प्रधानमन्त्री र मन्त्रीका थारा निर्देशनमा सीमित छन्। समृद्धिहरू सबै नेताका भाषणमा छन्, सरकारी बुद्धिजीवीहरूको प्रायोजित लेखनमा छन्। सरकारका विकास नामक नौरङ्गी कर्मकाण्डले मुलुकलाई क्रमशः खण्डहर बनाउँदै छ। थोरै बाँकी रहेका वनजङ्गल पनि विकासका नाममा फाँडिँदै छन्।

हाम्रो देशमा आज जनताका जति अधिकार छन्, संविधानका पानामा छन्। जनताका वास्तविक भोगचलनमा छैनन्। यसै त संविधानका पानामा नेपाली जनताले रोप्न नचाहँदा नचाहँदै पश्चिमा डलरबहादुरहरूले आफ्नो अर्थबलका आधारमा यहाँका कथित राजनेताहरूलाई खेताला बनाएर तिनैद्वारा जबर्जस्ती रोपाएका विषवृक्षका हाइब्रिड बीजहरू धेरै छन्। ती बीजहरू उम्रिएर झाङ्गिएपछि ती झाङहरूबीच हामी नेपालीलाई नेपाल खोज्न हम्मे पर्न सक्ने सम्भावना पनि टड्कारै छ। आज सरकारका जति कर्मशीलताहरू छन्, ती प्रधानमन्त्री र मन्त्रीका थारा निर्देशनमा सीमित छन्। समृद्धिहरू सबै नेताका भाषणमा छन्, सरकारी बुद्धिजीवीहरूको प्रायोजित लेखनमा छन्। सरकारका विकास नामक नौरङ्गी कर्मकाण्डले मुलुकलाई क्रमशः खण्डहर बनाउँदै छ। थोरै बाँकी रहेका वनजङ्गल पनि विकासका नाममा फाँडिँदै छन्। व्यापक रूपमा फाँडिँदै छन्। काठको तस्करी माथिमाथिबाटै अक्कासिने वृहत् योजनामा रमाएको छ। आम जनताका भोगभागमा आज पनि धुलो धुवाँ अन्याय अत्याचार एवम् बलात्कारका दु:ख पीडा नै उपलब्ध रहेका छन्।

यहाँ आज सरकारका अन्याय अत्याचारविरुद्ध बोल्ने चल्ने राजनीतिकर्मीहरूका हातहातमा हत्कडी लागेका छन् भने राष्ट्रघाती स्वर्ण तस्करहरू, मानव तस्करहरू, भ्रष्टाचारीहरू, अपराधी ठेकेदारहरू, सिन्डिकेट सञ्चालकहरू, किसिमकिसिमका बिचौलियाहरू, बलात्कार र हत्यामा अभ्यस्त आततायीहरू सडक गल्लीमा खुलेआम छाती फर्काएर हिँडेका छन्, गाडीमा गुडेका छन्, विमानमा उडेका छन्। सत्तासीनहरूलाई किञ्चित् पनि लज्जाबोध छैन। सत्तासँग जनतालाई सुन्ने कानै छैन। गरिब जनताबाट कर, सत्तासीनहरूलाई महँगा कार, यत्ति नै ध्याउन्नमा देखिन्छन् तथाकथित जनप्रतिनिधिहरू। लाग्छ आजको नेकपा जनदमनका क्षेत्रमा विगतको नेपाली कांग्रेसलाई पनि उछिन्ने दौडमा छ।

मुलुकको अवस्थाप्रति दायित्वबोध गरेर सकारात्मक सुधार र परिवर्तनका लागि तदारुक प्रयत्नमा अनवरत होमिनुपर्ने प्रधानमन्त्री बाँसुरी च्यापेर आनन्द यात्रामा विदेश भ्रमणमा निस्कन्छन् र आलंकारिक पीएचडी थापेर कत्ति न उँचाइ बढेको भ्रम भिर्दै फिर्तीसवारी भर्छन्। सुकोमल सुकिला गालाबीचका ओठ तन्काउँदै भीआइपी कक्षमा उत्रेर उनी कसरी मुसुक्क मुस्कुराउन सकेका छन् देख्दा आम जनतालाई टीठ लाग्छ।

जनता भनेका सोह्रश्राद्धका पितर् मातर्हरू होइनन्। नेताका अवतारमा देखिएका पुरेतका परम्परागत भाषाभाषण र सरकारका कर्मकाण्डे ढकोसलाले जनताको समस्या समाधान हुने पनि होइनन्। यत्तिले हुँदो हो त विगत ०७ सालदेखि हालसालसम्मका ७० वर्षमा उन्नतिप्रगतिका सबैजसो क्षेत्रमा नेपालले जापानलाई कोसौं उछिन्दो हो। नेपालको मनग्ये प्राकृतिक सम्पदा र अनुकूलताको धरातलमा उभिएर जापानलाई हेर्दा नेपालमा यी ७० वर्ष कतिसम्म नालायक राजनीतिले राज गरेछ भन्ने यथार्थ छर्लङ्ग हुन्छ। ०४५ पछिका ३० वर्षमा पनि नेपाली राजनीतिले त्यस अगाडिका ३० वर्षे पञ्चायती व्यवस्थाले जति पनि उत्पादक काम गर्न नसक्नु र त्यतिबेला स्थापित औद्योगिक पूर्वाधारहरूलाई जिलीगाँठी बाँकी नराखी समाप्त पार्नु लज्जा शब्दले बोक्न सक्ने अभिधेयार्थको लज्जा हो। हाम्रा पुर्खाहरू भन्थे- 'आफ्ना कमीकमजोरीमा लाज मान्न सिक। सुसंस्कृत व्यक्तित्वको अभिलक्षण हो लाज। सभ्यता र सामाजिकताको अभिव्यक्ति हो लाज। लाज सकिनुमा कदाचित् मानवता पनि सकिन सक्छ।'

हाम्रा मन्त्रीहरू जनतालाई नकार्न लाज मान्दैनन्। सांसदलाई हकार्न लाज मान्दैनन्। सांसदहरू हकारिन लाज मान्दैनन्। (भर्खरै सञ्चार सम्बन्धित संसदीय समितिमा सञ्चारमन्त्रीले समितिका अध्यक्षलगायत सांसदहरूलाई हकारेर आफ्नै कुरा ठड्याएको समाचार प्रकाशमा आएको पढियो।) मानौं कसैसँग तिखा सिङ छन्, ठड्याउने जखमले पुच्छर छ। सिँगौरी छ। डुक्रान छ। कसैसँग लुकामारी खेल्ने लुला सिङ छन्। टाँगमुनि लुकाउने पुच्छर छ। आवाज छैन। मुलुकमा कथित ठुलाबडाबीच पनि यस्तो उपहास्य निर्लज्जताको स्थिति कसरी निर्मित हुन्छ ? के यो लोकतान्त्रिक निर्लज्जता हो ? कि यो गणतान्त्रिक निर्लज्जता हो ? यो समाजवादोन्मुख निर्लज्जता पनि हो कि ?

एकजना पुराना व्यङ्ग्यकारले यस्तैयस्तै प्रसंगमा भनेका थिए, 'लज्जामेकां परित्यज्य त्रैलोक्ये विजयी भव, अर्थात् तिमी निर्वस्त्र सर्वाङ्ग नग्न हुनुमा पनि लाज मान्न छोड, सर्वथा निर्लज्ज बन, यति भएपछि तिमी तीन त्रिलोकलाई नै जित्न सक्छौ।' लाग्छ हाम्रा आदरणीय राजनेताहरू र माननीय प्रतिनिधिहरू तीन त्रिलोक जित्ने अभियानमा छन्। यसैमा निरन्तरका मतदाता र करदाता जनता हामी कृतकृत्य छौं।

हाम्रा आदरणीय राजनेताहरू, सम्माननीय एवम् माननीय महामहिमहरू, विभिन्न तहका जनप्रतिनिधिहरू, ठूलाठूला अड्डाहरूका बडेबडे हाकिमहरू, र तिनका घनिष्ठ साथीसँगातीहरू सबैसबैको भाषिक कर्मशीलता र राजनीतिक एवम् विकासे कर्मकाण्डलाई विनम्रतापूर्वक नमन गर्दै हार्दिक बधाईका साथ हामी गरिब जनताका तर्फबाट तपाईंहरूको शान्त एवम् सम्भ्रान्त दशैंका लागि शुभकामना ! २०७५ को दशैं तपाईंहरूका लागि सुखमय रहोस्।

## पाठक पत्र

### स्थानीय सरकार उत्तरदायी हुने कहिले ?

सुशासन र पारदर्शीताको अभियानलाई प्रभावकारी बनाउने र भए गरेका कमी कमजोरीहरूको खबरदारी गर्ने महत्त्वपूर्ण जिम्मेवारी पाएको निकाय सञ्चार संस्थान वा सञ्चार माध्याम नै हो। सञ्चार माध्यामहरूको गलत प्रयोग गर्नुले सुशासन हराउने खतरा मात्र हुदैन जनताबाट प्राप्त विश्वाससमेत गुम्ने खतरा हुन्छ।

जसले जिम्मेवारी पाएका छन् त्यस्ता व्यक्तिहरूको गलत क्रियाकलापहरूबाट आउने प्रतिफल पनि अनुत्पादक हुने खतरा धेरै हुन्छ। कुरा विरोध वा समर्थनको हैन कुरा पद्धति र पद्धतिसँगै देखिएको व्यवहारको हो। गल्ती पनि गर्ने र धम्की पनि दिने प्रचलन केवल अराजकताको पराकाष्टा हो। यस्ता क्रियाकलाप गर्नेहरूलाई नियमन गर्ने निकायहरूसमेत मौन बसे भने जनताले कसरी आगामी दिनहरूमा पैरवी र वकालतका कामहरू गर्ने हुन् यो विचारणीय विषय बनेको छ। अहिले यही कुराले जताकतै चर्चा पाएको छ। काठमाडौंको सिंहदरबार गाउँमा आएको छ। पक्कै हो योसँगै सुशासन र पारदर्शीता सँगसँगै आउनुपर्ने हो तर अराजकता पनि सँगसँगै आएपछि यसले पार्ने असर र प्रभावहरूका केही संकेतहरू देखिन थालेका छन्।

अरूलाई नियमन र समन्वय गर्ने महत्त्वपूर्ण निकायका रूपमा रहेका जिल्ला समन्वय समितिहरूले नै गैरजिम्मेवारी काम गर्नु पक्कै पनि राम्रो होइन। अधिकारको सदुपयोग सही मात्रामा गर्नुपर्नेमा अधिकारको दुरूपयोग गर्ने निकायहरू चाहे जोसुकै किन नहुन्, सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्ने देखिन्छ। राम्रा र प्रभावकारी कामहरू गर्नुपर्नेमा लुकिछिपि काम गर्नेहरूलाई प्रश्रय दिने कामहरूका बारेमा सबै जिम्मेवार निकायहरू सचेत हुनुपर्ने अहिलेको आवश्यकता हो।

*- मञ्जु शर्मा, डोटी।*

### गुनासाहरू घट्दै जाने आशा

स्थानीय सरकारहरूले कार्यप्रगतिको एक वर्ष बिताएपछि पनि चेत नखुलेको जस्तो देखिएको छ। स्थानीय निकायका जनप्रतिनिधिहरू केटाकेटी पारा अझै छाडेका छैनन्। जनताका समस्या सुन्नुको साटो आफ्नो पुरानो पारा नछाडेको देखिन्छ। अब स्थानीय सरकार प्रमुखहरूले बेलैमा कामको प्रभावकारीताका लागि ध्यान दिनुपर्ने बेला आएको छ।

सूचना लुकाउनुहुँदैन भन्ने कुरालाई ख्याल गरेर हरेक विकास गतिविधिहरूमा सार्वजनिक सुनवाइ, सामाजिक लेखा परीक्षणजस्ता कामहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्ने अहिलेको आवश्यकता देखिन्छ।

गत वर्षका अधिकांश कामहरूका बारेमा जनताले जानकारी नपाएको र प्रभावकारी रूपमा कामको कार्यान्वयन नभएको जस्ता गुनासाहरू धेरै आए र सुनिए। त्यसैले यो वर्षबाट स्थानीय सरकारले हरेक कामको समयसीमा निर्धारण गरेर काम शुरु हुनुपूर्व सम्बन्धित स्थानीयहरूलाई जम्मा गरी कामको प्रकृति, सम्झौता मिति, सम्पन्न मिति कामको जिम्मेवारी लिएको निकायजस्ता विषयहरूमा सूचना प्रवाह गरिदिने गर्‍यो। अन्त्यमा पनि स्थानीय बासिन्दाहरूको रोहवरमा भएको विकासको समिक्षा मात्र गर्न सकेको खण्डमा गुनासहरू निकै धेरै घटेर जाने आशा गर्न सकिन्छ।

कतिपय स्थानीयहरूले गुनासोको नाममा नबुझेर टिकाटिप्पणी गर्ने गर्नुभन्दा पनि सूचनाको हक २०६४ अनुसार पूर्णरूपमा सूचना माग गरेर कामको जानकार भएर मात्र गुनासो गरिदिए अझै स्थानीय सरकारलाई काम गर्न सजिलो हुने थियो।

*- सुरेश भण्डारी, स्याङ्जा।*

### गरिबको सूचीमा पर्ने धनीलाई दुई शब्द

नेपालका मन्त्रीले गरिबको सूचीमा आफ्नो नाम लेखाएको खबरले बजार निकै ततायो। मानिस चाहेर गरिब बन्न चाहँदैन। तर, पछिल्लो समय गरिब बन्ने होड चलिरहेको छ। भूमिहीन र सुकुम्बासीको पीडा झनै दर्दनाक हुन्छ। उनै गरिबको नाममा पजेरो चढ्नेहरूले रकम कुम्ल्याउन खोज्नु त्यो पनि ती गरिबकै समस्या समाधान गर्छु भनेर मन्त्री भएकाहरूले। यो निकै विडम्बनाको कुरा हो।

सुकुम्बासी बन्ने लहर पछिल्लो समय बढ्दो अवस्थामा देखिन्छ। भूमिहीन भएपछि सार्वजनिक जग्गामा छाप्रो हालेर बस्नैपर्ने नियति बन्छ। सरकारले भूमिहीनको समस्या समाधान गर्ने भनेको दशकौं भइसकेको छ। केहीलाई जनता आवास कार्यक्रममार्फत सम्बोधन गरे पनि अधिकांश सुकुम्बासी र भूमिहीनको समस्या अझै समाधान भएको छैन। वर्षेनी सुकुम्बासीको संख्या बढ्दै गएको छ। यसमा पनि टाठाबाठा र अन्यन्त्र जग्गाजमिन भएकाहरूकै हालीमुहाली छ। करौडौंका सम्पत्तिका मालिकहरूसमेत सुकुमबासीको नाममा ऐलानी जग्गा हडपेर बस्ने प्रवृत्ति छ। शुरुमा सार्वजनिक जग्गा ओगटेर बस्ने र बस्तीका अगुवाहरूले नै क्रमश: ऐलानी जग्गा बिक्री गर्ने गर्छन्।

सुकुम्बासी हुनु एउटा दु:खद् नियति हो। सुकुम्बासीका नाममा राज्यको सम्पत्ति दुरूपयोग गर्नुचाहिँ नियत हो। जो जहाँबाट आएर सार्वजनिक जग्गा ओगटेर बसे पनि सुकुम्बासी मानिने प्रवृत्तिले समस्या बढिरहेको छ। शहरबजार र राजमार्गले छोएको स्थानमा जग्गा ओगट्ने र पछि ऐलानी नै बेचबिखन गर्ने परम्पराले टाठाबाठाको रजाइँ चल्ने र वास्तविक सुकुम्बासीहरू ओझेलमा पर्ने गरेका छन्।

आफ्नो, परिवारको वा अंशियारका नाममा जग्गाधनी वा मोहीको हैसियतले कहीँ पनि घरजग्गा नभएका, घरजग्गा जोड्न सक्ने हैसियत नरहेका या व्यापार व्यवसाय नभएका नेपाली नागरिकलाई सुकुम्बासी वा भूमिहीनका रूपमा परिभाषित गरिएको छ। यस्तै २०६४ सालअघि सरकारी जग्गामा बसोबास गरी लालपूर्जा नलिई बसेका नेपाली नागरिकलाई अव्यवस्थित बसोबासीका रूपमा परिभाषित गरिएको छ। सुकुम्बासी र भूमिहीनको संख्या हरेक वर्ष बढेको देखिन्छ। नेपालमा पछिल्लो समय हुकुम्बासीहरूको नाम रातारात गरिबका सूचीमा पर्ने, जग्गाजमिन बेचेर अव्यवस्थित बसोबास गरी नक्कली सुकुम्बासी बन्नेहरूको संख्या बढ्दो छ। जसका कारण वास्तविक भूमिहीनहरू मर्कामा परिरहेका छन्।

सरकारले वास्तविक भूमिहीनहरूको पहिचान गरी जग्गा बिक्री गर्न नपाउने व्यवस्था गरी लालपूर्जा वितरण गर्न सक्नुपर्छ। बोलबालाहरूको राजनीतिक स्वार्थले वास्तविक सुकुम्बासी ओझेलमा पर्दै आएका छन्। बस्तीभित्रैका अगुवाहरूले ऐलानी जग्गाको बिक्रीवितरण गर्नु गैरकानुनी कार्य हो। यस्तो गतिविधि रोक्न स्थानीय निकायले सक्रियता बढाउनु जरुरी देखिन्छ। यस विषयमा सरकारको ध्यान जाओस्।


*- सुरज पौडेल, चितवन।*

## सामाजिक सञ्जाल




नेपालका आधा जति कर्मचारी काम नपाएर दिनभर घाम तापेर बस्छन्, कतै खाजा खाने फुर्सद हुँदैन। यो मिलाऊ सरकार।

**@ggagan_k_thapa**



सच्चाइबिना कुनै पनि शब्दको महत्व नभएझैं विश्वासविनाको सम्बन्ध अनि पसिनाविनाको धन-सम्पत्तिले पनि कुनै अर्थ र महत्व राख्दैन, अर्थात् शून्यबराबर नै हुन्छ।

**Rameshwor Nepal**
**@ImRameshwor**



देश विकास गर्ने सर्तमा हजारौं मानव सखाप हुँदा पनि हामीले त्यो पीडा सह्यौं, बिर्सियौं र अघि बढ्न सिक्यौं। तर, त्यही देश विकास गर्न हामी २-३ लाख रूखमा अल्झिनु कत्तिको उपयुक्त हो ? बहसमा अल्झिनुभन्दा बरु रूख रोप्न थाल्ने पो हो कि ?

**manish Jha**
**@manishjhanepal**

{ उहाँले निर्वाचनका बेला चुनाव चिह्न चिनाउन पुगेजसरी कखग सिकाउन पुग्ने हो भने रौतहटको निरक्षरता हट्ने बताउनुभयो।

# नेपाल

## ‘अब देशले पाँच वर्षमा फड्को मार्नेछ’



काठमाडौं, (नेस)

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशले अब ५ वर्षभित्र फड्को मार्ने बताउनुभएको छ। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) रौटहट-काठमाडौं सम्पर्क मञ्चले राजधानीको चोभारमा आयोजना गरेको विजयादशमी, छठ, दीपावलीको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै उहाँले सो कुरा बताउनुभएको हो। नेकपाका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ प्रमुख अतिथि रहेको कार्यक्रममा नेपाल र नेकपाका महासचिव विष्णु पौडेल विशेष अतिथिका रूपमा रहनुभएको थियो।

यसै कार्यक्रममा बोल्दै उहाँले बलात्कारीले शिर ठाडो पारेर हिँड्न नदिने र अपराधीलाई सजायको दायरामा ल्याएरै छाड्ने बताउनुभएको थियो। यसै अवसरमा कार्यक्रमका अतिथि तथा पूर्वमन्त्री प्रभु शाहले रौतहटबाट काठमाडौंमा आएका सबैले रौतहटको शिर माथि उठाउने काम गर्नुपर्ने बताउनुभएको थियो। उहाँले योग्य जनशक्तिविना देश समृद्ध नहुने बताउँदै नेपालमा रोजगारी सम्भव छ भन्नेमा अठोट गर्नुपर्ने बताउनुभएको थियो। उहाँले निर्वाचनका बेला चुनाव चिह्न चिनाउन पुगेजसरी कखग सिकाउन पुग्ने हो भने रौतहटको निरक्षरता हट्ने बताउनुभयो।

कार्यक्रममा बोल्दै नेकपाका महासचिव विष्णु पौडेलले अहिलेको सरकारले भ्रष्टाचार, अनियमितताविरुद्ध काम गरेको, सिन्डिकेटविरुद्ध काम गरेकाले सुशासनलाई सुनिश्चित गर्ने बताउनुभयो। कार्यक्रमका वक्ता सबैले आउँदै गरेको विजयादशमीको शुभकामना व्यक्त गर्नुभएको थियो। देवेन्द्र ठाकुरको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा रौतहटका प्रतिनिधि, विभिन्न व्यक्तित्वको सहभागिता थियो। यसै अवसरमा कलाकारले विभिन्न गीत, नृत्य र नाटक प्रस्तुत गरेका थिए।

## नेविसंघ विवादले महाधिवेशन हुनेमा शंका

काठमाडौं, (नेस)

नेपाली कांग्रेसको शक्तिशाली भ्रातृ संगठन नेपाल विद्यार्थी संघको बाह्रौं महाधिवेशन अनिश्चित र जटिल बन्दै गएको छ। नेपाली कांग्रेस पार्टीले नेविसंघ केन्द्रीय समितिको विधान पारित नगरिदिँदा नेविसंघको अधिवेशन विवाद पार्टी शीर्ष तहमा पुगेको हो।

नेविसंघको महाधिवेशन सम्पन्न गर्ने पार्टीको निर्देशन समितिले विवाद टुंग्याउन नसक्दा नेपाली कांग्रेस केन्द्रीय समितिको बैठकसम्म प्रभावित भएको छ। नेविसंघको विधान पारित गर्नका लागि भनी असोज १९ गते बैठक तोकिएको थियो।

पार्टी महामन्त्री शशांक कोइरालाले नेविसंघको विवादको बीचमा बैठक बस्न नहुने भन्दै महामन्त्रीको आग्रहमा पार्टी बैठक सारिएको छ। नेविसंघको विधानको बारेमा निर्देशन समिति संयोजक प्रकाशशरण महतको समितिमा विवाद टुंग्याएर मात्र केन्द्रीय समितिमा पेस गर्न भनी निर्देशन दिएर बैठक स्थगित भएको छ।

नेविसंघ केन्द्रीय समितिले कात्तिक १६,१७ र १८ गते गर्ने कार्यतालिका प्रकाशन गरेको थियो, तर त्यो अनिश्चित भएको छ। महाधिवेशनका लागि नेविसंघ केन्द्रीय समितिले सर्वसहमतिमा विधान पारित गरी जिल्ला र क्याम्पस अधिवेशन सम्पन्न गर्न केन्द्रीय प्रतिनिधि खटाउने निर्णयसमेत गरेको थियो, तर अध्यक्ष नैनसिंह महरले महाधिवेशन नगर्नका लागि विजय गच्छदार समूहलाई विधानविपरीत र छलफल र सहमतिविपरीत १५ जनालाई केन्द्रीय समितिमा मनोनित गरी महाधिवेशनको वातावरण बिगारेको आरोप लगाइएको छ। महाधिवेशन विवाद टुंग्याउन र विधान पारित गराउन छाडेर अध्यक्ष महर दक्षिण कोरिया भ्रमणमा निस्किनुभएको छ।

पछिल्लो समय पार्टीका महत्त्वपूर्ण भ्रातृ संगठनमा देउवा पक्षले एक पछि अर्को हार्दै गएका कारण नेविसंघ महाधिवेशन नगराउन देउवा पक्ष लागिपरेको केन्द्रीय सदस्य मोतिलाल भण्डारीले जानकारी दिनुभयो। नेविसंघमा ३२ वर्षे उमेर हदका कारण महाधिवेशन नहुने हो कि भन्ने चिन्ता पनि व्यापक छ।

पौडेल र सिटौला पक्षीय विद्यार्थी नेता उमेर लगाएर होस् वा नलगाएर होस् महाधिवेशन गर्नुपर्छ भन्ने पक्षमा रहेको भण्डारीले बताउनुभयो। उमेरलाई देखाएर महाधिवेशन भाँड्न नपाइने उहाँको भनाइ छ। पार्टीको विधान संशोधन, महासमिति बैठकदेखि भ्रातृ संगठनको महाधिवेशन गर्नेसम्मको साझा धारणा निर्माण गर्ने कसरतमा जुटेको छ। देउवा पक्ष भने पार्टी कब्जा गर्ने रणनीतिमा रहेको उहाँको आरोप थियो।

नेविसंघ केन्द्रीय समितिको मनोनयनमा दलितको प्रतिनिधित्व नभएको भन्दै दलित विद्यार्थी नेताले नेविसंघका मुख्यालयमा अनिश्चितकालीन कार्यालयमा तालाबन्दी गरेका छन्। तालाबन्दी गर्नेमा नेविसंघ केन्द्रीय सदस्य पवन नेपाली, ललिता सुनार, पम्फा गान्धारी, रेखा परियारलगायत छन्। नेविसंघको आगामी अधिवेशनमा अध्यक्षका पदको लागि देउवा पक्षबाट सरोज थापा, राजीव ढुंगाना, शुभराम बस्नेत छन् । त्यस्तै पौडेल पक्षबाट दीपक भट्टराई, मोतिलाल भण्डारी र हिमाल श्रेष्ठ रहेका छन्। त्यसै गरी सिटौला पक्षबाट कुन्दनराज काफ्ले र युवराज पाण्डे मुख्य दाबेदार हुन्।

## जुवातास खेल्ने ३५ जना पक्राउ

नेपाल समाचारपत्र

काठमाडौं

काठमाडौं र ललितपुरबाट अवैधरूपमा जुवातास खेल्ने ३५ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। साथै काठमाडौंमा जुवातास खेल्ने व्यक्तिलाई नियन्त्रणमा लिने क्रममा घरको झ्यालबाट हामफाल्दा २ जनाको मृत्यु भएको छ।

काठमाडौं कागेश्वरी मनहरा नगरपालिका-७ मूलपानी पीपलबोट बस्ने ४० वर्षीय तेण्डु शेर्पाको घरमा अवैधरूपमा जुवातास खेलिरहेको अवस्थामा तेण्डुसमेत २४ जनालाई नगद ४ लाख ५८ हजार २ सय २५ रुपियाँसहित प्रहरीले पक्राउ गरेको छ। महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिने क्रममा काठमाडौं महाकांल बस्ने ४३ वर्षीय सरोज घले र सिन्धुपाल्चोक साविक सिम्पलकाफले इन्द्रावती गाउँपालिका-१ का ३८ वर्षीय सोमलाल तामाङ उक्त घरको झ्यालबाट हाम फाल्दा घाइते भएकाले उपचारको लागि बी एन्ड बी अस्पताल लगिएकोमा उपचारका क्रममा दुवै जनाको मृत्यु भएको हो।

ललितपुर महानगरपालिका-१८ भैंसीपाटी मगरगाउँस्थित श्याम महर्जनको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-११ बस्ने ३२ वर्षीय हरि थापासमेत ११ जनालाई ६ बुक तास र नगद ५१ हजार ६ सय ९० रुपियाँसहित प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**People's Embankment Programme, Field office no-7**

Mahendranagar, Kanchanpur

## NOTICE OF INVITATION FOR BID

**(First Publication Date: 07 October, 2018)**

1. The Government of Nepal (GoN) and IDA have allocated funds towards the cost of civil works and intends to apply part of the funds to cover eligible payments under the Contracts as specified in the table below. Bidding is open to all eligible Nepalese Bidders.
2. Government of Nepal, Ministry of Energy,Water Resources and Irrigation, Department of Water Resources and Irrigation. People's Embankment Programme Field Office no-7, Mahendranagar, Kanchanpur invites sealed tenders for the works that includes Construction and Renovation of Revetment, Launching apron and Spurs, as specified in the table below.
3. A complete set of Bidding Documents may be downloaded from the PPMO website, www.bolpatra.gov.np or may be purchased by interested Bidders from the following offices on the submission of a written request attaching copies of bidders registration (Firm Registration and Business Registration), VAT registration, latest Tax clearance certificate & upon cash payment of NRs 3000/- (Rupees Three Thousand only) (non refundable) for each bid until the 30th day from the first date of publication of this notice.
   a) People's Embankment Programme,Field Office No-7, Mahendranagar, Kanchanpur (PEP-7)
   b) District Treasury Controller Office, Mahendranagar, Kanchanpur
   A bidder may submit the Bids for the work either by himself or as a partner in joint venture (J/V) provided that a single set of Bidding Documents may be purchased by a joint venture of firms by submitting a J/V agreement along with the documents mentioned above. However, number of firms forming joint venture is limited to up to three.
4. Bidders may submit their completed bids either electronically or as a complete hard copy. In case of e-submission, the applicant is required to deposit non refundable fee of NRs. 3000/- for each bid in the following account and the scanned copy of voucher/receipt of such deposition must be attached with the e-submission.
   Account Name : People's Embankment Programme, Field office no-7, Mahendranagar, Kanchanpur **(Office Code 308017601)**
   Bank Name : Raistriya Banijya Bank, Mahendranagar
   Account Number : **Rajaswa Khata no. Ka 1.1.075, Rajaswa Sirsak no. 14229**
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of People's Embankment Programme, Field office no-7, Mahendranagar, Kanchanpur. Phone no. 099-520559 and Fax no. 095-520559
6. Last date of submission of completed documents is by 12.00 hours (Noon) on the **06 November,2018.** The bidder shall seal the Bidding Documents in a single envelope, addressing the **Division Chief,** People's Embankment Programme, Field office no-7, Mahendranagar, Kanchanpur and submit within time mentioned above at the **PEP-7, office**. The submitted Bids will be opened at 14.00 hours at the same office on the same day in the presence of the contractor's representatives who chose to attend. Bidders, who choose to submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np may download the necessary parts of the each bidding documents, prepare their Bids and submit their electronic Bids as specified in the Instruction to Bidders.
7. Documents received after the deadline of submission shall not be considered for the evaluation.
8. The Bid validity period for all the bids is 90 days from the last date of submission of the Bid.
9. Each Bid must be accompanied with bid security amount stated in the table below "The Work" deposited in the form of cash voucher in the following account or in the form of Bank Guarantee issued by a Commercial Bank (Class A) in Nepal, drawn in favor of People's Embankment Programme, Field office no-7, Mahendranagar, Kanchanpur as mentioned in the Bid Document having validity period not less than 120 days from the last date of submission of the Bid. In case of e-submission the scanned copy of voucher/receipt/guarantee of such deposition/Bank Guarantee must be attached with the e-submission.
10. Account Name : People's Embankment Programme,Field office no-7, Mahendranagar,Kanchanpur **(Office Code 308017601)**
    Bank Name : Rastriya Banijya Bank, Mahendranagar
    Bank Address : Mahendranagar, Kanchanpur
    Account Number : **Dharauti Khata no. 41802030000000**
11. **Pre-bid meeting** for all the bids shall be held on date **26th October, 2018 at 12:00 hrs** at People's Embankment Programme, Field office no-7, Mahendranagar, Kanchanpur
12. If the last date of purchasing or submission or date of pre-bid meeting happens to be the public holiday, the next working day shall be considered as the last day.
13. Bidders are advised to visit the related field and assess the actual site conditions before submitting their bids.
14. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
15. The Employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.
16. Any proposal with conditions shall not be accepted
17. "The Works"

| S. N | Contract No. | Description of work | Estimated Amount with VAT (NRs) | Bid Security Amount (NRs) | Location |
|---|---|---|---|---|---|
| 1 | Mahakali-RTW-01/075-76 | Renovation of Existing Spur, Revetment and Launching Apron | 8691825.66 | 239000.00 | Mahakali Municipality-1. Bell Bond &-7,Dhakanaghat, Kanchanpur |
| 2 | Dodha-RTW-02/075-76 | Construction of Spurs (Ch.23+000–Ch.23+150 km) | 15159485.30 | 417000.00 | Belauri Municipality-5, Bhakunda, Kanchanpur |
| 3 | Mohana-RTW-03/075-76 | Construction of Revetment and Launching Apron | 9343616.37 | 257000.00 | Krishnapur Municipality-5, Maurifata, Kanchanpur |
| 4 | Khutiya-RTW-04/075-76 | Construction of Spurs (Ch.36+236–Ch.36+380 km) | 8562664.70 | 236000.00 | Dhangadhi Sub Metropolitan city-12, Jugeda-B Gaun,Kailali |

**Office Incharge**

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्य असफल, नोक्सानी, चिन्ता, दुःख-कष्टको सम्भावना।
**वृष** : खानपानबाट अस्वस्थता, विनाउपलब्धिको दौडधुप, आलस्यता।
**मिथुन** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा वृद्धि होला।
**कर्कट** : धनको नोक्सानी, चञ्चलता, व्यर्थको खर्च, कार्यमा असन्तुष्ट।
**सिंह** : पैसा लाभ, खाद्यान्न, पुरस्कार, उपहार प्राप्ति, कार्य सफल।
**कन्या** : रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना।
**तुला** : आर्थिक लाभ, भोजभतेर, खाद्यान्न प्राप्तिको सम्भावना।
**वृश्चिक** : सुख-समृद्धि, कार्य सफल, स्वस्थता, आत्मसन्तुष्टि।
**धनु** : राजनीतिक भय, मान-प्रतिष्ठामा आघात, अपयश, कार्यबाधा।
**मकर** : रोगव्याधिको सम्भावना, कार्य व्यवसायमा व्यवधान, नोक्सानी।
**कुम्भ** : धन सम्पत्ति प्राप्ति, परीक्षा प्रतियोगितामा सफलता, सुख-सन्तोष।
**मीन** : आर्थिक लाभ, यात्राको सम्भावना, विजय, बौद्धिक क्षमतामा वृद्धि।

# नेपाल

कार्यक्रमका लागि काठमाडौंबाट आएकी सीमा बस्नेतले तीन वर्षअघि आफूहरुमाथि सामान्य रिसइबी तथा एकातर्फी प्रेमका कारण एक व्यक्तिले एसिड आक्रमण गरेको बताइन्।

### एसिडपीडित चेलीको अश्रुधारा

## ‘एसिड आक्रमणकारीलाई एसिड प्रहार गरेरै सजाय’

**नेपाल समाचारपत्र**

हेटौंडा

देशभर महिला तथा किशोरीमाथि एसिड आक्रमणको शृंखला जारी रहेको बेला एसिडपीडित महिलाले शुक्रबार हेटौंडामा अश्रुधारा बगाएका छन्।

नेपालमा सम्भवतः पहिलो पटक एसिड आक्रमणमा परेकी पीडित आफैं संयोजक भएर हेटौंडामा शुक्रबार विरोधस्वरुप हस्ताक्षर संकलन भएको छ। यस्ता निन्दनीय अपराध गर्ने अपराधीलाई राज्यले पक्राउ गर्न ध्यान दिनुपर्ने भन्दै उनकै प्रयासमा हस्ताक्षर संकलन गरिएको हो।

‘महिला हिंसामुक्त समाज निर्माण-हाम्रो साझा अभियान’ भन्ने नारासहित हेटौंडामा शुक्रबार हस्ताक्षर संकलन गरिएको हो। हेटौंडा बजारको मुख्य बुद्धचोकमा पीडित सहितको उपस्थितिमा हस्ताक्षर संकलन भएको छ।

हुप्रचौरबाट मौन ऱ्याली निकाल्दै तीन पीडित महिलाका साथमा सयौं व्यक्तिको उपस्थितिमा बुद्धचोकमा कोणसभा गरिएको थियो। एसिड आक्रमणबाट पीडित हेटौंडाकी विन्ध्यवासिनी कंसाकारले सरकारले अपराधीलाई पक्राउ गर्न चासो नदेखाएकाले दबाबस्वरुप कार्यक्रम गर्नुपरेको बताइन्। आफूमाथि एसिड आक्रमण गर्ने अपराधीलाई पक्राउ गर्न नसक्नु सरकारको लापरबाही भएको भन्दै उनले अपराधीलाई चाँडो पक्राउ गर्न सरकारलाई आग्रह गरेकी छन्।

एसिड आक्रमणबाट पीडित कंसाकारले एसिड बेच्न बन्द गर्न माग गरेकी छन्। उनले एसिड आक्रमणकारीलाई एसिड प्रहार गरेरै सजाय दिनुपर्ने बताइन्। २०७० वैशाख ९ गते बिहान करिब ११ बजे हेटौंडा-३ मा रहेको आफ्नै भाँडा पसलमा २१ वर्षकी उनलाई पसलभित्र बसिरहेको अवस्थामा एसिड प्रहार भएको थियो। करिब २७ वर्षका राज केशरी उनको अनुहारमा एसिड फ्याँकेर फरार भएका थिए।

पाँच वर्षसम्म पनि उनलाई प्रहरीले पक्राउ गर्न सकेको छैन। बजारमा सजिलै पाइने एसिड विभिन्न महत्त्वपूर्ण प्रयोजनका लागि प्रयोग हुने भए पनि त्यसको सहज खरिद/बिक्रीलाई निरुत्साहित नगरिएकोप्रति पीडितहरूको चिन्ता छ। एसिड विभिन्न कामका लागि आवश्यक भए पनि यसको दुरुपयोग बढेकोप्रति उनीहरूले चिन्ता व्यक्त गरेका छन्।

कार्यक्रमका लागि काठमाडौंबाट आएकी सीमा बस्नेतले तीन वर्षअघि आफूहरूमाथि सामान्य रिसइबी तथा एकातर्फी प्रेमका कारण एक व्यक्तिले एसिड आक्रमण गरेको बताइन्। सीमाले आँखाभरि आँसु पार्दै भनिन्- ‘हामीले आफ्नो सौन्दर्य त गुमाएका छौं नै, त्यसमाथि पनि समाजले हामीलाई हेर्ने दृष्टि फरक बनाएको छ। समाजले सहयोग गर्नुको साटो गिज्याइरहेको हुन्छ। सरकार मौन बस्नु नै सबभन्दा दुःखको कुरा हो।’

एसिड आक्रमण पीडित संगीता मगरले यस्ता अपराधीलाई कडाभन्दा कडा कारबाही गर्न माग गरेकी छन्। संगीताले भनिन्- ‘प्रहरी/प्रशासनलाई हामीले बेलाबेलामा दबाब दिँदा प्रहरीले आफूलाई धम्काउँदै यस्तो घटना त भारतमा पनि भइराखेको हुन्छ, यो कुनै नौलो घटना होइन भन्दै अपराधी खोज्न चासो देखाउँदैन।’ समाज अझै पनि भन्छ- ‘त्यही केटीकै दोष होला।’ ‘कसरी बुझाउँ म आफ्नो पीडा, आफ्नो व्यथा’ -उनी भक्कानिन्छिन्। एक हप्ताअघिमात्र अनुहारको सर्जरी गरेकी उनको ब्यान्डेज लगाइरहेको अवस्था छ।

आफूहरूमाथि एसिड आक्रमणको घटना प्रतिनिधिमात्र रहेको भन्दै उनीहरूले यस्ता अपराधीलाई कडा कारबाही, जन्मकैदलगायत सजाय हुनुपर्ने माग गरे। १० वर्षको कैदलाई जन्मकैदमा परिवर्तन गर्न सरकारसँग उनीहरूको माग छ।

१० वर्षपछि जेलबाट बाहिर आएका आक्रमणकारीले आफूहरूलाई फेरि पनि हिंसा गर्दैन भन्ने ग्यारेन्टी नरहेको भन्दै उनले आफूहरूको शरीरको सुरक्षाको जिम्मा कसले लिने भन्ने प्रश्न गरेकी छन्। आफूलाई एसिड आक्रमण गर्ने जीवन विकले जेलबाट बाहिर निस्केपछि समेत आक्रमणको धम्की दिएको उनले बताइन्। उसलाई अपराध गरेकोमा पश्चाताप नरहेको भन्दै उनीहरूले ज्यान सुरक्षा मागेका छन्।

## बिहानै बजारमा घोरल

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङको जिल्ला सदरमुकाम बेसीशहर बजारमा बिहान फेला परेको जंगली जनावर घोरललाई जंगलमा लगेर छाडिएको छ। बेसीशहर नगरपालिका-७ स्थित स्कुल चोकमा त्यो जनावर फेला परेको हो।

एउटा घर कम्पाउन्मा देखिएको उक्त घोरलको शुरूमा पहिचान हुन सकेको थिएन। त्यसपछि गाउँलेले जिल्लास्थित वन डिभिजन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा खबर गर्ने काम गरे। प्रहरीसहित वरिष्ठ वन अधिकृत मोहन काफ्लेको टोलीले उक्त जनावर घोरल भएको पहिचान गरेको हो। ‘त्यतिबेलासम्म जिल्ला प्रहरी कार्यालयमा टोली पनि आइपुग्यो। प्रहरी र वन कार्यालयको



टोलीले त्यस घोरललाई सुरक्षित तवरबाट समातेर त्यसको चार खुट्टा बाध्ने काम गरियो’ -वरिष्ठ वन अधिकृत मोहन काफ्लेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘त्यसरी समातिएको घोरललाई सुरक्षित तरिकाले बेसीशहर नगरपालिका-६ स्थित शान्ति सामुदायिक वनमा प्रहरी, पत्रकार र गाउँलेको रोहबरमा मुचुल्का गरी छाड्ने काम गरियो।’

त्यसको उमेर करिब एक वर्षको रहेको अनुमान गरिएको काफ्लेले बताउनुभयो। उहाँका अनुसार तन्दुरुस्त थियो, समाएर खुट्टा बाँध्ने क्रममा पनि ५/६ जनाले लडाउनुपरेको थियो, निकै बलियो रहेछ। ‘त्यो बथानबाट छुटेर वा कसैले लखेटेका कारणले आएको हुन सक्छ, बिरामी वा घाइते अवस्थाको जस्तो लागेन’ -काफ्लेले बताउनुभयो। उहाँले भन्नुभयो- ‘हामीले जंगलमा छाड्ना साथ उफ्रिँदै जंगलमा पसेर एकैछिनमा अलप भयो, हामी फर्कियौं।’

## सामुदायिक वनलाई पर्या पर्यटकीय गन्तव्य बनाइँदै

**यमलाल भुसाल, बुटवल**

रुपन्देही जिल्लाकै पहिलो सामुदायिक वन तिलोत्तमा नगरपालिकामा रहेको शंकरनगर सामुदायिक वनलाई पर्या पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नका लागि गुरुयोजना निर्माणको काम अगाडि बढाइएको छ।

पर्या पर्यटनको पशस्त सम्भावना देखिएकाले बद्लिँदो परिस्थितिलाई मध्यनजर गरेर गुरुयोजना निर्माणको काम भइरहेको शंकरनगर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष राम गिरीले बताउनुभयो।

पर्या पर्यटनको गन्तव्यको रूपमा विकास गर्न सके प्रशस्त पर्यटक तान्न सकिने र त्यसका माध्यमबाट मुलुकको आर्थिक विकासमा योगदान गर्न सकिने भएकाले सौन्दर्य प्रबर्द्धन अवधारणा, व्यावसायिक व्यवस्थापन, प्रकृतिमैत्री संरचना, सेवाको विविधीकरण, जैविक विविधता संरक्षण, समतामा आधारित लाभांश वितरण र सहभागिता, समन्वय तथा सहकार्यको सिद्धान्त अंगिकार गरी गुरुयोजनाको निर्माणको काम भइरहेको गुरुयोजना निर्माणको काम गरिरहेको हरित नेपाल विकास प्रालि लैनचौर काठमाडौंका वन्यजन्तुविज्ञ हेमराज आचार्यले जानकारी दिनुभयो।

गुरुयोजनाको प्रारम्भिक मस्यौदा तयार गरी यसअगाडि नै प्रारम्भिक छलफलसमेत गरिसकेको शंकरनगर सामुदायिक वनले दोस्रो चरणमा वन समूहका पार्षद तथा सल्लाहकसँग अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रम गरेको छ। हालै शंकरनगरमा भएको अन्तरक्रिया तथा सुझाव संकलनमा वन समूहका पार्षद तथा सल्लाहकार गरी ३ सय २० जना सहभागी थिए। उनीहरूलाई ४ छुट्टाछुट्टै समूहमा विभाजित गरी अन्तरक्रिया तथा सुझाव संकलन गरिएको थियो।

शंकरनगर सामुदायिक वनअन्तगएत ५१.३४ हेक्टर क्षेत्रफलमा वनवाटिकाका रूपमा विकास गर्ने उपभोक्ता समूहको विधानमा व्यवस्था भएअनुसार वनवाटिका विकसित गर्नका लागि गुरुयोजना निर्माण गरिएको हो। रुपन्देही जिल्लाकै पहिलो सामुदायिक वन शंकरनगर सामुदायिक वनलाई महत्त्वपूर्ण पर्या पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीय स्रोत साधनको प्रयोग गरेर आकर्षक पूर्वाधार निर्माण, पार्क, पिकनिक स्पर्ट, बगैंचा, प्राणी उद्यान (चिडिया खाना), वनस्पति उद्यानलगायतका पूर्वाधार तयार गर्ने निर्माणाधीन गुरुयोजनामा उल्लेख गरिएको छ।

वनस्पति उद्यान निर्माणका लागि प्रदेश सरकारबाट बजेटसमेत प्राप्त भइसकेको छ। त्यस्तै सरकारले सात वटै प्रदेशमा प्रदेशस्तरीय प्राणी उद्यान निर्माणलाई नीति तथा कार्यक्रममा समावेश गरेकाले प्रदेशस्तरीय प्राणी उद्यानका लागि समेत शंकरनगर वन उपयुक्त रहेकाले त्यसका लागि १६.६१४ हेक्टर क्षेत्रफल गुरुयोजनामा छुट्याइएको छ।

## क्लिनिक सञ्चालन

बैतडी, (नेस)

ग्रामीण क्षेत्रमा नागरिकलाई स्वास्थ्य सेवा दिने उद्देश्यले बैतडीको दुर्गम तल्लोस्वराडमा अत्याधुनिक सेवासहित क्लिनिक सञ्चालनमा आएको छ। भिडियो एक्सरे, नेबुलाइजर, ल्याब, इमर्जेन्सीलगायतका सेवासहित शिवनाथ गाउँपालिका-२ शर्मालीमा बाबु हेल्थ क्लिनिक सञ्चालनमा आएको हो।

क्लिनिकको एक कार्यक्रमका साथ शनिबार उद्घाटन गरिएको छ। शिवनाथ गाउँपालिका वडा नं २ का वडाध्यक्ष हजारीसिंह साउँद र शर्माली स्वास्थ्य चौकी प्रमुख प्रकाशबहादुर चन्दलगायतको उपस्थितिमा क्लिनिकको उद्घाटन गरिएको हो।

## शैक्षिक सामग्री वितरण

प्युठान, (नेस)

नेपाल पत्रकार महासंघ प्युठान शाखाले शनिबार अपांगता भएका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ। शाखाको १७औं स्थापना दिवसको अवसर पारेर प्युठान नगरपालिका-१ स्थित भुवनेश्वरी मावि खैरामा अध्ययनरत ३२ जना अपांगता भएका छात्रछात्रालाई विभिन्न शैक्षिक सामग्री वितरण गरिएको हो। यसले उनीहरूको पठनपाठनमा सहयोग पुग्ने विश्वास लिइएको छ।

नेपाल पत्रकार महासंघ प्युठान शाखाका अध्यक्ष महावीर रानाले विद्यार्थीलाई शैक्षिक क्षेत्रमा हौसला थप्ने उद्देश्यले सामग्री प्रदान गरिएको बताए। रानाले भने- ‘यसले शैक्षिक विकासमा उत्प्रेरणा बढाउनेछ।’

## पञ्चवर्षीय रणनैतिक योजनाको खाका तयार

बैतडी, (नेस)

बैतडीको दशरथचन्द नगरपालिकाले महिला तथा बालबालिकाका लागि पञ्चवर्षीय रणनैतिक योजनाको खाका तयार पारेको छ।

संविधान र कानुनअनुसार नगरक्षेत्रभरीका बालबालिका तथा महिलाको समग्र विकास गर्ने उद्देश्यसहित रणनैतिक योजनाको खाका तयार पारिएको नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख विनोदबहादुर चन्दले जानकारी दिए। बालबालिका र महिलाहरूको समग्र विकासका लागि नगरपालिकाले लिने रणनीति, अबलम्बन गर्नुपर्ने नीति योजनामा समेटिएको छ। उनले भने- ‘सरोकारवालासँग पञ्चवर्षीय रणनैतिक योजनाका बारेमा छलफल गरेर रणनीतिलाई अन्तिम रूप दिनेछौं।’

नगरपालिकाले तयार पारेको रणनैतिक योजनामा राखेका कुरा कार्यान्वयनमा ल्याउन सरोकारवालाले जोड दिएका छन्।

## चाडपर्व लक्षित प्रहरी सुरक्षा योजना

**नेपाल समाचारपत्र**

बुटवल

प्रदेश ५ को राजधानी रहेको रुपन्देही जिल्लामा प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजना बनाएर शान्ति सुरक्षालाई चुस्त राख्नका लागि सोहीअनुसार प्रहरी परिचालनको तयारी गरेको छ।

नेपालमा दशैं, तिहार, छठलगायतका मुख्य पर्व नजिकिँदै गर्दा प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजनाको रणनीति बनाएको हो। प्रहरीले यात्रुको सहज यात्रा, चाडपर्वको अवसरमा हुने चोरीचकारी, रोजगारीमा रहेका नेपाली घर फर्किंदा सीमा क्षेत्रमा हुने ठगी तथा लामो दूरीका यात्रामा हुने लुटपाटलाई मध्यनजर गरी सुरक्षा रणनीति बनाएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक हृदय थापाले जानकारी दिनुभयो।

यात्रुको सहज यात्राका लागि रुपन्देही जिल्लाका ४ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरिएको छ। यात्रुको सहज यात्रा व्यवस्थापनका लागि प्रहरीले रुपन्देहीको बेलहीया बसपार्क, भैरहवा बसपार्क, भैरहवा बुद्ध चोक र बुटवल बसपार्कमा नागरिक सहायता कक्ष स्थापना गरिसकेको छ। यात्रामा रहेका यात्रुसँग तोकिएकोभन्दा बढी भाडा असुल्ने, गन्तव्यमा नपुऱ्याई बीच बाटोमै यात्रु ओराल्ने यातायात व्यवसायी तथा चालकलाई कडा कारबाही गर्ने रणनीति प्रहरीले अख्तियार गरेको छ।

चाडपर्व नजिकिँदै गर्दा चाडपर्व लक्षित सुरक्षा रणनीतिका लागि जिल्ला सुरक्षा समितिको हालै भैरहवामा बसेको बैठकले शान्ति सुरक्षालाई मजबुद बनाउने गरी रणनीति तय भएको र प्रदेश प्रहरी कार्यालयले स्वीकृति गरेपछि रणनीतिअनुसारका कारबाही अगाडि बढाउने जिल्ला प्रहरी कार्यालयले तयारी गरेको छ।

चाडपर्वको अवसर पारेर चोरी तथा लुटपाट हुन नदिनका लागि प्रहरीले व्यापकरूपमा प्रहरी गस्ती तथा पेट्रोलिङ गर्ने, अन्य समयमा भन्दा बढी प्रहरी परिचालन गर्ने, हाइवे तथा जंगल क्षेत्रमा चोरी तथा लुटपाट हुन नदिन हाइवे गस्ती सञ्चालन गर्ने प्रहरीको तयारी छ।

त्यस्तै विशेष गरी भारतमा रोजगारी गरी नेपाल फर्कने क्रममा सीमा क्षेत्रमा हुने चोरी तथा ठगी रोक्नका लागि प्रहरीले भारतीय प्रहरीसँग समन्वय गरेको छ भने जनचेतनामूलक कार्यक्रम समेत सञ्चालन भइरहेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक थापाले बताउनुभयो। प्रहरीको प्रयास हुँदाहुँदै पनि कोही नेपाली त्यसरी ठगिने तथा लुटिने भएमा उसलाई सम्बन्धित ठाउँसम्म पुऱ्याइने पनि उहाँले बताउनुभयो।

## ब्लड फर रोल्पा मोबाइल आरम्भ

रोल्पा, (नेस)

समयमा रगत नपाउँदा मृत्युवरण गर्न बाध्य रोल्पाका बिरामीका लागि तत्काल रक्त सेवा उपलब्ध गराउने उद्देश्यका साथ जिल्लामा ‘लड फर रोल्पा’ मोबाइल एप्लीकेसनको शुरुआत गरिएको छ।

रोल्पाका केही युवाको सक्रियतामा शुरू गरिएको सो अभियानको शनिबार जिल्ला सदरमुकाम लिवाङमा एक कार्यक्रमका बीच औपचारिक आरम्भ गरियो। जिल्लामा ब्लड बैंक नहुँदा अप्रेसनको समयमा चाहिने रगत खोज्न निकै सकस हुने गरेको देखेर आफूहरूले युवाको सामाजिक दायित्व सम्झेर अभियान थालनी गरेको अभियान्ताहरूले बताएका छन्। टिमभित्रका सदस्यमध्ये हालसम्म जिल्ला अस्पतालमा ५ जना र निजी अस्पतालनमा १ गरी ६ जनाले रगत दिइसकेको बताइएको छ।

रगत नपाएर मर्नुपर्ने अवस्था भोग्दै आएका रोल्पालीका लागि अब त्यस्तो समस्या भोग्नुनपर्ने रोल्पा नगरपालिका प्रमुख पूर्ण केसीले बताए। जिल्लामा तत्काल ब्लड बैंक स्थापना हुन सक्ने अवस्था नभएकाले युवाहरूको यो कदमले जिल्लावासीलाई ठूलो राहात पुग्ने प्रमुख केसीको भनाइ छ। युवा सामाजिक भूमिकाप्रति उत्तरदायी छन् भन्ने सन्देश दिएको बताउँदै प्रविधिसँग अद्यावधिक हुँदै जिल्लावासीको सेवा पुऱ्याउने काम सराहनीय भएको केसीको भनाइ छ।

## उपचार गर्न बिरामीको पर्खाइमा स्वास्थ्यकर्मी

**विमल विष्ट, डोटी**

डोटीमा उपचारका लागि स्वास्थ्यकर्मी बिरामीको बाटो कुर्छन् भन्दा अचम्म लाग्न सक्छ, तर डोटीको दिपायलस्थित जिल्ला आयुर्वेद औषधालयमा उपचारका लागि स्वास्थ्यकर्मीहरू बिरामीको बाटो सधैं कुरिरहेका हुन्छन्। उक्त औषधालयमा कहिलेकाहीं मात्रै एक/दुई जनामात्रै बिरामी उपचारका लागि आउने गर्छन्। बिरामी नआएपछि आयुर्वेदिक स्वास्थ्यकर्मीले औषधालय रुँघेर मात्र बसिरहन्छन्।

दिनहुँ उनीहरू बिरामी आउलान् र उपचार गरौंला भनेर कार्यालयमा ढुकेर बस्न बाध्य हुने गरेका छन्। औसतमा फाट्टफुट्ट दैनिक १०/१२ जना बिरामी मुस्किलले उपचारका लागि आउने गरेको स्वास्थ्यकर्मी बताउँछन्। यतिमात्र नभई पछिल्लो समय औषधालय पनि सुनसान बन्दै गएको छ। स्वास्थ्यकर्मीहरू सेवा दिन तयारी अवस्थामा भए पनि बिरामी आउन छाडेका कारण औषधालय सुनसान बन्दै गएको हो।

करिब एक डेढ वर्षदेखि औषधालय डाक्टरविहीन भएपछि सुनसान बन्न पुगेको औषधालयमा कार्यरत कर्मचारीहरू बताउँछन्। २०७४ जेठमा उक्त औषधालयमा कार्यरत डाक्टर चेतराज ओझाको अन्यत्र जिल्लामा सरुवा भएपछि सरकारले डाक्टर खटाएको छैन। ‘डाक्टर भएपछि खै किन हो बिरामीहरू हुरुरु आउँछन्’, औषधालयकी कविराज निरीक्षक एवम् औषधालय प्रमुखको जिम्मेवारी पाएकी विद्या



घिमिरेले भन्नुभयो- ‘डाक्टरले दिने सेवा हामीले पनि दिने गरेका छौं, तर पनि खै बिरामी घटेका छन्।’ उहाँले आएका बिरामीको उपचारमा भने कमी नभएको दाबी गर्नुभयो।

तर स्थानीयवासी मोहन पनेरुले औषधालय एकान्त स्थानमा हुनु र त्यहाँका सेवा सुविधाबारे सर्वसाधरणलाई जानकारी नहँदा बिरामी घटेको बताउनुहुन्छ। ‘औषधालय त बिरामीको सहज आवतजावत हुने ठाउँमा पो हुनुपर्ने हो नि ?’, स्थानीयवासी पनेरुले भन्नुभयो- ‘डाक्टर साब आफैं भयो भने सर्वसाधरण र सरोकारवालासँग सम्बन्ध बनाउने, उपचारका लागि प्रेरित गर्ने भएकाले पनि बिरामी बढेका हुन्।’ उहाँले डाक्टर औषधालयमा आउँदा रौनक नै फेरिने दाबी गर्नुभयो। त्यस्तै दिपायलका अर्का स्थानीय सन्तोष नेपालीले स्वास्थ्यकर्मी बिरामी आए पनि ठीक छ नआए पनि ठीक छ भन्ने मानसिकतामा रहेकाले पनि बिरामी नआउने गरेको आरोप लगाउनुहुन्छ। उहाँले बिरामीको विश्वास जित्न सक्ने वातावरण औषधालयले गर्न नसकेको दाबीसमेत गर्नुभयो। मानिसको न्यून चलहपहल हुने दिपायलको पुरानो बजार (बस्तीविहीन सेती नदीको किनार) मा २०५८ सालमा आयुर्वेदिक औषधालय स्थापना गरिएको थियो। औषधालयमा जान बाटोसमेत छैन।

आर्थिक वर्ष ०७३/०७४ मा २ हजार ७३ र ०७४/०७५ मा १ हजार ५ सय ४० जना बिरामी ओपीडीमा उपचार गर्नका लागि आएको कार्यालयको तथ्यांकमा उल्लेख गरिएको छ। १ वर्षको अवधिमा बिरामीको संख्या बढ्नुपर्नेमा उल्टै घटेर ५ सय ३३ जना मात्रै पुगेका छन्। त्यस्तै औषधालयबाट उपलब्ध गराउने विशेष सेवामा पनि बिरामीको संख्या न्यून हुँदै गएको छ। औषधालयले उपलब्ध गराएको तथ्यांकअनुसार ०७३/०७४ मा ४ हजार १ सय ९ र ०७४/०७५ मा बिरामी २ हजार ७३ जना उपचारका लागि आएका छन्।

औषधालयले ३ वर्ष यताबाट बाथ रोगीका लागि पञ्चकर्म विधि शुरू गरेको छ। पञ्चकर्म विधिमा पानीको बाफका माध्यमबाट बाथका रोगीको उपचार गरिन्छ। यो सेवा शुरू गरेपछि बिरामी विगतभन्दा बढी आउने गरेका छन्। चिसो समयमा बाथरोगका बिरामी विभिन्न समस्या लिएर आउन थालेपछि औषधालयबाट पञ्चकर्म विधि शुरू गरिएको हो। यो विधि मंसिरबाट शुरू हुने गर्छ। डाक्टर नहुँदा पञ्चकर्म विधिबाट उपचार गर्न आउने बिरामीको संख्या पनि घट्न थालेका छन्।

अघिल्लो आवमा २ हजार ६ सय २० बिरामी उपचारका लागि आएकोमा गत आवमा २ हजार ३ सय मात्र आएका छन्। ‘दैनिक डेढ सयसम्म बिरामी एक दिन पञ्चकर्म विधिबाट उपचारका लागि आउँछन्’, औषधालय प्रमुख घिमिरेले भन्नुभयो- ‘त्यही शुरू गरेपछि धेरै बिरामीले राहत पाउँदा विश्वास गर्नेको पनि ओइरो छ।’ तर उनले डाक्टर नहुँदा औषधालय सञ्चालनमा कठिनाइ आउँदा बिरामीको विश्वास घट्ने गरेको बताउनुभयो। औषधालयमा जाने बाटो नहुँदा पनि उपचारमा समस्या भएको स्वास्थ्यकर्मीको दाबी छ। औषधालयमा ६५ वर्षमाथिका ज्येष्ठ नागरिकका लागि पोषिलो र शक्ति प्रदान गर्ने औषधी वितरणको कार्यक्रम पनि छ, तर औषधालय आउने बाटो नहुँदा बाथका बिरामी हिँड्न नसकेर उपचारका लागि आउन मान्दैनन्।

२०७५, असोज
आइतबार
२१

जिल्ला अदालतका श्रेस्तेदार भूमिप्रसाद शर्माले न्यायिक संवादको औचित्यमा प्रकाश पारिसके पछि कैदीबन्दीलाई परेको मर्का र जिज्ञासाका बारेमा सुझाव संकलन गरिएको थियो।

# नेपाल

# फास्ट ट्र्याकमा काटिएका काठ कुहिँदै

गोकुल घोरसाइने, बारा



समयमै बिक्रीवितरण हुन नसक्दा राजधानी तराई मधेस द्रुतमार्ग निर्माणका क्रममा नेपाली सेनाले बाराको निजगढ क्षेत्रमा काटेका करोडौं रुपियाँ मूल्यबराबरको काठ कुहिन थालेका छन्।

तराईलाई राजधानीसँग जोड्ने छोटो सडकको रूपमा रहेको द्रुतमार्गको निजगढ क्षेत्रमा सामुदायिक र राष्ट्रिय वनबाट सेनाले कटान गरेर घाटगद्दि गरेर राखेको काठ दाउरा बिक्रीवितरण हुन नसक्दा कुहिँदै गएको हो। वर्षाको भल पानीमा डुबेर काठ कुहिने अवस्थामा पुगेको बकैया नागमणि समूहका अध्यक्ष रवी दङ्गालले बताउनुभयो। 'अधिकांश काठ कुहिन थालेका छन्', बकैया नागमणि अध्यक्ष दङ्गालले भन्नुभयो- वन कार्यालयबाट समयमै अनुमति प्राप्त गर्न नसक्दा कुहिएर खेर गयो।'

उहाँले प्रक्रिया पूरा गर्ने नाममा वन कार्यालयबाट समूहबाहिर बिक्रीसँगै आन्तरिक खपतको लागि पनि सहमति पाउन नसकेको र सालबाहेक अन्य जातका काठ दाउरा कुहिएर काम नलाग्ने अवस्थामा पुगेको जानकारी गराउनुभयो। सहमति लिने प्रक्रिया पुन: शुरू गरिएको र अनुमतिपत्र पाउनेबित्तिकै बिक्रीवितरण कार्य अघि बढाइने अध्यक्ष दङ्गालले बताउनुभयो। फास्टट्र्याक निर्माण क्रममा काटिएकामध्ये निजगढ नगरपालिका-८ स्थित बकैया नागमणि समूहको घाटगद्दि स्थानमा मात्रै ३ हजार सालसहित १२ हजार क्युफिट काठ अलपत्र अवस्थामा छ। अध्यक्ष दङ्गालले प्रक्रिया पूरा गर्ने नाममा वन कर्मचारीबाट अनुमति दिन अनावश्यकरूपमा ढिलासुस्ति गरिएको आरोप पनि लगाउनुभयो।

फास्टट्र्याक निर्माण क्रममा सेनाले बाराको निजगढ नगरपालिकाको नागमणिसहित निजगढ १० को जनहित, निजगढ-४ स्थित कछडिया र बाघभैरव सामुदायिक तथा राष्ट्रिय वनमा काटेको करिब २० हजार क्युफिट काठ अहिलेसम्म पनि बिक्रीवितरण हुन सकेको छैन।

नागमणि वन समूहले प्रक्रियाविपरीत माग गरेको हुँदा कार्यालयबाट बिक्रीवितरणका लागि समयमै अनुमति दिन नसकिएको र अहिले आएर काठ दाउराको हैसियत पनि बिग्रँदै गएको सेक्टर वन कार्यालय तामागढीका प्रमुख मन्जुर आलमले बताउनुभयो। 'शुरूमा प्रक्रियाविपरीत अनुमति माग आएको थियो', मन्जुरले भन्नुभयो- 'फाइल फिर्ता भएपछि पुन: प्रक्रिया शुरू गर्नुपर्दा ढिलाइ भयो।' उहाँले सामुदायिक वनबाट उत्पादित काठको २५ प्रतिशत र दाउराको हकमा ४० प्रतिशत जिल्ला वन कार्यालयअन्तर्गतको वन पैदावार आपूर्ति समितिको नाममा छुट्याउनुपर्ने भए पनि अधिकांश समूहले नियमविपरीत सबै आन्तरिक खपत र बिक्रीको लागि माग गरेर अनुमति मागेकाले समस्या देखिएको जानकारी दिनुभयो।

प्रमुख मन्जुरका अनुसार कछडिया सामुदायिक वनले हालसम्म पनि बिक्रीवितरणको लागि कार्यालयलाई उपलब्ध गराउनुपर्ने काठ दाउराको लगत पेस नगरेको र अन्यले बिक्रीवितरणअघि क्षेत्रीय वन निर्देशनालयबाट पूरा गर्नु पर्ने चेकजाँच समेत गर्न नसकेको पनि जानकारी दिनुभयो। वन कार्यालय मातहातमा रहेको काठ दाउरा भने बिक्रीका लागि टन्डर भइसकेको उहाँले जानकारी दिनुभयो।

फास्टट्र्याक निर्माणको जिम्मा पाएको नेपाली सेनाले १० महिनाअघि कटान गरेको काठ गत वर्षको पुषको अन्तिम साता सम्बन्धित समूह र वन कार्यालयको जिम्मा लगाएको थियो। घाटगद्दि स्थानसमेत उपयुक्त स्थानमा भएकाले कुहिने क्रम बढेको हो। समूहले वर्षाको पानी जम्ने खाडल र वनको झाँडी क्षेत्रमा काठ दाउरा घाटगद्दि गरेका छन्।

# बस दुर्घटनाले उजाडिएका जिन्दगी

विमल विष्ट, डोटी

श्रीमान् जागिरे, आफू स्नातकोत्तर पढ्दै गरेको, कोखमा छोरी, डडेल्धुरा जिल्ला सदरमुकामको बसाइँ। खुसी र सुखी जीवन यति छिटो उजाडिएला भन्ने सपना पनि देखेकी थिइनन् डडेल्धुरा अमरगढी नगरपालिका-४ की कल्पना विष्टले। तर, उनको सुखी र खुसी परिवारमात्रै खोसिएन, उनी आफैं पनि अर्काको सहाराविना बाँच्न नसक्ने भइन्। आजकै दिन अर्थात् ०७१ साल असोज २० गते डोटी जोरायल गाउँपालिका-२ (त्यतिबेलाको छतिवन गाविस-५) कट्पत्तेमा भएको बस दुर्घटनामा कल्पनाले आफ्ना श्रीमान् र छोरी गुमाइन्।

उनी आफू पनि कहिल्यै निको नहुने गरी घाइते भइन्। दुर्घटना हुनुभन्दा तीन वर्षअघि मात्रै सँगै जीउने र सँगै मर्ने वाचासहित डडेल्धुराका लक्ष्मण ठकुराठीसँग विवाह गरेकी कल्पनाले न त सँगै जीउन सकिन्, न सँगै मर्न नै सकिन्। उनी अहिले काभ्रेको स्पाइनल इन्जुरी पुन:स्थापना केन्द्रमा छिन्।

माइतीघर जोरायलमा आमाबुबाका हातबाट दशैंको टीका थापेर सपरिवार घर फर्किरहेका बेला भएको दुर्घटनाले कल्पनाको जीवन उजाड बनायो। मेरुदण्डमा चोट लागेपछि पक्षघात भएर बाँचिरहेकी २९ वर्षीया कल्पनाले श्रीमान् र छोरीको शवसमेत हेर्न पाइनन्। दुर्घटनामा घाइते भइसकेपछि कल्पनाले जीउने आश मारिसकेकी थिइन्। तर, उपचार गर्ने चिकित्सकले निको हुने भनेपछि उनी पहिलेजस्तै हिँड्डुल गर्न सक्ने आशमा थिइन्। 'सात महिनासम्म भारत लखनउको सिमरा अस्पतालमा उपचार गराएपछि डाक्टरले अब घरमा गएर थेरापी गर्नु, विस्तारै ठीक भइहाल्छ भनेर पठाए' कल्पना भन्छिन्- 'तर घरमा बस्दा कुनै सुधार नभएपछि फेरि उपचारका लागि नयाँ दिल्ली गएँ र त्यहाँ पनि एक महिना बसें।'

एक महिनासम्म विभिन्न अस्पतालमा जाँच गराउँदा मात्रै कल्पनालाई थाहा भयो, अब उनी कहिल्यै हिँड्न सक्दिनन्।' मेरुदण्डको पक्षघातको उपचार सम्भव नभएको कुरा उनलाई दिल्लीमा थाहा भयो।

## दुर्घटनाका तीन वर्ष

नयाँ दिल्लीबाट फर्केपछि कल्पना काभ्रे गइन्। दिसा पिसाब भएको पनि जानकारी नहुने गरी तल्लो शरीर पूरै निष्क्रिय भएकी कल्पनालाई पुन:स्थापना केन्द्रमा मेरुदण्ड पक्षघात भएकाले कसरी जीउने भन्ने कला सिकाइयो र अहिले उनी त्यही पुन:स्थापना केन्द्रमा परामर्शकर्ताका रूपमा काम गरिरहेकी छिन्। कल्पना भन्छिन्- 'यो अवस्था होला भन्ने सोचेकी थिइनँ। हाँसीखुसी जीवन बित्छ भन्ने लागेको थियो। तर, भयो यस्तो।' परिवार गुमाए पनि कल्पनाले हिम्मत भने हारेकी छैनन्। उनी भन्छिन्- 'मानव जीवन यस्तै हो भनेर चित्त बुझाउन सक्नुपर्छ। जे भयो त्यही कुरा सम्झेर के गर्नु ?' कल्पनाको जस्तै उजाडिएको अर्को जीवन हो ३५ वर्षीया कृष्णा शाहीको।

कैलालीको तेघरीमा बस्दै आएको कृष्णाको परिवार दशैं मनाउनका लागि जोरायल आएको थियो। दुई छोरा र एक छोरीलाई तेघरीमै छोडेर दशैं मनाउन आएका श्रीमान्/श्रीमतिलाई उक्त घटनाले कहिल्लै मिलन नहुने गरी बिछोड गरायो। कृष्णाका श्रीमान् राजेन्द्र शाहीको दुर्घटनास्थलमै मृत्यु भयो। कृष्णा पनि कल्पनाजस्तै मेरुदण्ड पक्षघात भएर बाँचिरहेकी छिन्।

'यस्तो घटना होला भन्ने सोचेका पनि थिएनौं', कृष्णाका भतिजा शेरबहादुर शाही भन्छन्- 'काकाहरूको जीवन हाँसीखुसी बितेको थियो। तर, दैवले उजाडिदियो।' मेरुदण्ड पक्षघात भएर दिशा पिसाब भएको समेत थाहा नपाउने कृष्णालाई उनका नाबालक छोराछोरी र भतिजा बुहारीहरूले जीउने सहारा दिइरहेका छन्। दशैंको भोलिपल्ट ना३ख ५७०७ नं. को सुदूरपश्चिम यातायातको बस जोरायलबाट धनगढी जाने क्रममा दुर्घटना भएको थियो। दुर्घटनामा २९ जनाले ज्यान गुमाएका थिए भने ६८ जना घाइते भएका थिए। बसमा १ सय २५ भन्दा बढी यात्रु रहेको प्रहरीको भनाइ थियो। यात्रु बढी भएर बसको पत्ता टुटेपछि दुर्घटना भएको थियो।

# यात्रु सहायता कक्ष स्थापना

दार्चुला, (नेस)

जिल्ला प्रहरी कार्यालय दार्चुलाले महाकाली नगरपालिका वडा नम्बर ४ को बसपार्क क्षेत्रमा यात्रु सहायता कक्षा स्थापना गरेको छ। चाडपर्वको समयमा यात्रुको चाप बाक्लो हुने र सो समयमा यात्रुले विभिन्न समस्या भोग्नुपर्ने भएकाले ती समस्या समाधानका लागि नागरिक सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक हिक्मतबहादुर बोहराले जानकारी दिए।

स्थापना गरिएको सहायता कक्षबाट यात्रुलाई ठगिनबाट जोगाउने र सुरक्षा प्रदान गरिने उनले बताए।

विज्ञा. नं. १/०१६३

सुनसरी जिल्ला अदालत को दोस्रो पटक लिलाम बढाबढ को १५ दिने सूचना

[illegible]

तपसिल

| [illegible] | जिल्ला | [illegible] | वडा नं. | कि.नं. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- | --- |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

[illegible]

# सबै वडामा जेष्ठ नागरिक विश्रामस्थल

नेपाल समाचारपत्र

पर्वत

जेष्ठ नागरिक दिउँसोको समयमा पुनर्मिलन गराउनका लागि यहाँको एक गाउँपालिकाले जेष्ठ नागरिक विश्रामस्थल निर्माण अभियान थालेको छ।

जिल्लाको मोदी गाउँपालिकाका सबै वडामा जेष्ठ नगारिक विश्रामस्थल बनाइने भएको हो। जेष्ठ नागरिकलाई सम्मान गर्दै उनीहरूको दैनिकीलाई सहज बनाउने उद्देश्यले गाउँपालिकाका सबै वडामा एक/एक वटा विश्रामस्थल बनाउन लागेको जनाएको छ।

विश्रामस्थल निर्माण कार्यको शुरुआत भने मोदी गाउँपालिका वडा नं.५ बाजुङबाट गरिएको छ। अनुभव र योगदानले भरिएका जेष्ठ नागरिकको सम्मान गर्नु स्थानीय सरकारको दायित्व भएकाले यस्तो अभियान सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष प्रेम पौडेलले बताउनुभयो। पौडेलले गाउँपालिकाले महिला, बालबालिका र जेष्ठ नागरिकको हक र हितका लागि चालू आर्थिक वर्षमा विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्न लागेको जानकारी दिनुभयो।

गाउँपालिकाले विश्रामस्थल निर्माण कार्यका लागि पहिलो चरणमा वडा नं. ५ बाजुङका लागि ३ लाख रुपियाँ विनियोजन गरेको थियो। गाउँपालिका प्रवक्ता विमल लामिछानेका अनुसार अगामी वर्षदेखि सबै वडामा विश्रामस्थललाई व्यवस्थापन गर्ने गरी बजेट विनियोजन गर्ने जानकारी दिए।

जेष्ठ नगारिकले समाज र देशका लागि पुर्‍याएको योगदानको कदरसमेत हुने गरी विश्रामस्थल निर्माण गर्ने अभियान गाउँपालिकाले सञ्चालन गरेको लामिछानले बताए। 'आजको समाज निर्माणमा सबै अग्रजको योगदान छ', लामिछानले भने- 'अग्रजहरूको बलिदानीपूर्ण संघर्षका कारण आजको समाज स्थापना भएको हो।'

संघीय सरकारले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्तामार्फत सहयोग गर्दै आएकाले स्थानीय तहबाट भने विश्रामस्थल निर्माण गरी जेष्ठ नागरिकका अनुभव सुन्ने दिनचर्या कटाउन सहज बनाउने गाउँपालिकाको योजना रहेको लामिछानेको भनाइ छ। मोदी गाउँपालिकामा ८ वटा वडा छन्। बाजुङबाट जेष्ठ नागरिक दिवसको अवसरमा सोमबारदेखि शुरुआत भएको योजना सबै वडामा विस्तार गरी एक वडा एक जेष्ठ नागरिक विश्रामस्थल निर्माण कार्य अगाडि बढाइने गाउँपालिकाले जनाएको छ।

यस वर्ष वडा नं. ५ मा तयार हुनेछ भने अगामी वर्ष ८ वटै वडामा निर्माण गरिने गाउँपालिकाका अध्यक्ष पौडेलले जानकारी दिनुभयो। यसअघि सदरमुकाम कुश्माबजारस्थित कुश्मा नगरपालिका वडा नं ५ ले जेष्ठ नागरिक विश्रामस्थल सञ्चालनमा ल्याएको थियो।

# 'पैसाले न्याय प्रभावित हुँदैन'

नेपाल समाचारपत्र

लमजुङ



लमजुङमा जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यले पैसाले न्याय प्रभावित हुँदैन भन्नुभएको छ। लमजुङ जिल्ला अदालतद्वारा कारागारमा आयोजित 'न्यायिक संवाद' कार्यक्रमका कैदीबन्दीको गुनासो सुनेपछि उहाँले त्यस्तो धारणा व्यक्त गर्नुभएको हो। जिल्ला न्यायाधीशलाई एकाएक कारगार शाखा देख्दा कैदीबन्दी आश्चर्यचकित भएका थिए।

जिल्ला अदालतका श्रेस्तेदार भूमिप्रसाद शर्माले न्यायिक संवादको औचित्यमा प्रकाश पारिसकेपछि कैदीबन्दीलाई परेको मर्का र जिज्ञासाका बारेमा सुझाव संकलन गरिएको थियो। लागूऔषधमा कैद भोगिरहेका बमबहादुर भण्डारीले आफ्ना पिताको काजकिरिया चलिरहेको मुलुकी संहिताले काजकिरियामा भाग लिन पाउने व्यवस्था गरेको सुनेको, तर आफू जना नपाएको जिज्ञासा राखेका थिए।

त्यसबारेमा जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्दा हामीले कारागारको सुरक्षा दिनेमात्र भएको र अन्य काम कारागार व्यवस्था विभागबाट हुने त्यो बारेमा आफूलाई जानकारी नभएको प्रहरी नायब उपरीक्षक यादव ढकालले बताउनुभयो।

लागूऔषध मुद्दामा कैदी भुक्तान गर्ने क्रममा आफूले ४ वर्षको अवधि बिताउँदासम्म पनि कारागारमुक्त हुन नसकेको बमबहादुर बस्नेतको गुनासो थियो। त्यस्तै दिप्ती गुरुङले जिल्ला अदालतको भन्दा पुनरावेदन अदालतबाट कम कैद तोकी आएको, तर आफ्नो मुद्दा सर्वोच्च गएन गएको पत्तो पाउन नसकेको गुनासो गरिन्।

कैदीबन्दीबाट गुनासो सुनिसकेपछि जिल्ला न्यायाधीश आचार्यले न्यायलाई सरलीकरण गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। सुझावहरू तर्कसंगत भएकाले तिनको समाधानका लागि जिल्ला र नीतिगत निर्णयका विषय पनि उठे आफूले समाधानको लागि सक्दो प्रयास गर्ने जिल्ला न्यायाधीश आचार्यले बताउनुभयो। उहाँले पैसाको चलखेलबाट न्याय प्रभावित हुँदैन भन्दै त्यस्ता कार्यका पछि नलाग्न सुझाव दिनुभयो।

Government of Nepal
Ministry of Home Affairs

**District Police Office**

Sunsari, Inaruwa

**Invitation for Bids**

**Date of publication 2075/06/21**

1. **District Police Office Sunsari invites** electronic bids from eligible and interested bidders for the following works under National Competitive Bidding Procedures. Eligible bidders having the following key qualifications should participate in this bidding. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years and Minimum Work experience of similar size and nature: At least Two having the value mentioned in Table below.

| Contract Number | Description of Works | Similar Nature Work Experience & Cash Flow | Average Annual Turn Over | Fee for bids (Rs) | Bid Security (Rs) | Remarks |
| --- | --- | --- | --- | --- | --- | --- |
| N1SP/SUN-REG/075-76/1 | Construction of Office, Barrack, Toilet, Septic Tank and Soak Pit at District Police Office Sunsari | 67,000,000.00 & 21,000,000.00 | 125,000,000.00 | 5,000.00 | 2,300,000.00 | 2-Envelope |
| N1SP/SUN-REG/075-76/2 | Construction of Barrack, Mess, Septic Tank and Soak Pit at APO Duhabi, Sunsari | 18,200,000.00 & 5,700,000.00 | 34,000,000.00 | 5,000.00 | 630,000.00 | 2-Envelope |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at **www.bolpatra.gov.np/egp** PPMO's portalas specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account as below within the date and time specified.

| Office Code | Rajaswa Shrishak No. | Office Account No. | Cash Deposit for Bid Security | Name of the Bank |
| --- | --- | --- | --- | --- |
| 09-314-02 | 14227 | Ka-1-1-001 | DharautiKhata No:2220203000000 (Ko. Le. Ni. Ka., Sunsari) | RastriyaBanijya Bank, Inaruwa, Sunsari |

3. Electronic bids must be submitted at **District Police Office Sunsari** through PPMO websites on or before **12:00 Hours** on **2075/07/20**.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hours** on **2075/07/20** at the **District Police Office Sunsari.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a **bid security** amounting to a minimum of above mentioned amount, which shall be valid for 30 days beyond the validity period of the bid after deadline of Bid Submission.
5. Bid Security Guarantee must be in the format prescribed in the bid document.
6. Any amendment in this tender notice shall be pasted on the notice board of the **District Police Office, Sunsari** and the website.
7. Other things not included in bidding documents will be as per Public Procurement (1st Amended) Act 2073 and PPR 2064 (5th Amended 2073 BS).
8. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.

**Note:** Please refer to the complete set of bidding documents from the PPMO Websites for **pre-bid meeting** and for further information.

# विश्व

**महिला अध्यक्ष**
साउदी अरेबियामा पहिलोपटक एक महिलालाई एउटा बैंकको प्रमुख कार्यकारिणी अधिकारी नियुक्त गरिएको छ।



**दोषी ठहर**
अमेरिकामा चार वर्षअघि एकजना काला जातिका किशोरको हत्या गरेको अभियोग लगाइएका एक गोरा प्रहरी अधिकारीलाई अदालतले दोषी ठहर गरेको छ।



2018, OCT
Sunday
7

विश्व २ मिनेट

**अमेरिका**

### हत्या ठहर

न्युयोर्क, (एजेन्सी)

अमेरिकामा ४ वर्षअघि एकजना काला जातिका किशोरको हत्या गरेको अभियोग लगाइएका एक गोरा प्रहरी अधिकारीलाई अदालतले दोषी ठहर गरेको छ। ज्यासन भान डाइक नामक ती अधिकारीले लाक्वान म्याकडोनाल्ड नामक ती किशोरमाथि लगातार १६ पटक गोली प्रहार गरेका थिए। उनले पछि घटनास्थलमा पुग्दा छुरा बोकेका ती किशोरबाट आफूलाई निकै खतरा महसुस भएकाले गोली चलाउन बाध्य भएको बयान दिएका थिए। सन् २०१४ को २० अक्टोबरमा भएको सो हत्याकाण्डपछि शिकागोमा व्यापक जनप्रदर्शन भएको थियो।

**भारत**

### विमान दुर्घटनाग्रस्त

नयाँ दिल्ली, (एजेन्सी)

भारतको उत्तर प्रदेशमा शुक्रबार बिहान एउटा सैनिक विमान दुर्घटना भएको तर त्यसमा मानवीय क्षति नभएको सरकारी अधिकारीले बताएका छन्। त्यसमा सवार दुईजना विमान चालक सुरक्षित ढंगले विमानबाट बाहिर निस्कन सफल भएको बताइएको छ। उत्तर प्रदेशको प्रान्तीय राजधानी लखनउदेखि ५ सय ८५ किमी उत्तर-पश्चिममा रहेको बाघपात जिल्लास्थित उँखुबारीमा खसेको सो विमानबाट विमान चालकहरू बिना कसैको मद्दत आफैं बाहिर निस्कन सफल भएका थिए। दुईवटा मात्र सिट भएको यो विमान भारतीय वायुसेवा निगमको हो।

**पाकिस्तान**

### शहवाज पक्राउ

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानका विपक्षी दलका नेता शहवाज शरिफलाई भ्रष्टाचार गरेको आरोपमा शुक्रबार पक्राउ गरिएको पाकिस्तानी सरकारी अधिकारीले बताएका छन्। शहवाज पूर्वप्रधानमन्त्री नवाज शरिफको परिवारको भ्रष्टाचार आरोप लाग्ने पछिल्लो सदस्य भएका छन्। उनी हालै सम्पन्न आम निर्वाचनमा चर्चित पूर्वराष्ट्रिय क्रिकेट खेलाडी इमरान खानको पार्टीबाट पराजित हुन पुगेका थिए। पंजाब प्रान्तका भ्रष्टाचार नियन्त्रण निकायका क्षेत्रीय प्रमुख शाहजाद सालीमले शहवाज शरिफलाई पाकिस्तानको पंजाब प्रान्तमा गुणस्तरहीन 'हाउजिङ स्किम' सञ्चालन गरी भ्रष्टाचार गरेको आरोप लगाइएको बताएका छन्।

**साउदीअरेविया**

### महिला अध्यक्ष

रियाद, (एजेन्सी)

साउदी अरेबियामा पहिलोपटक एक महिलालाई एउटा बैंकको प्रमुख कार्यकारिणी अधिकारी नियुक्त गरिएको छ। साउदी व्यापारी महिला लुब्ना अल ओलायनलाई साउदी ब्रिटिस बैंक (एसएबीबी) र अलावाल बैंकबीच मर्ज भएपछि त्यसको अध्यक्ष बनाइएको हो। परम्परागत साउदी रुढीवादी समाजमा महिलाको भूमिका र सहभागितामा उदार नीति लिइँदै गरेको अवस्थामा यो कदम चालिएको हो। गत जुनमा मात्र पहिलोपटक साउदीमा महिलालाई चारपांग्रे सवारी साधन चलाउने अनुमति दिइएको हो। लुब्नाले अमेरिकाबाट वाणिज्य विषयमा अध्ययन गरेकी हुन्।

# स्मरण शक्ति गुमाएकालाई बीबीसीको म्युजिक थेरापी

लन्डन, (एजेन्सी)

लामो समयदेखि नै मानिसको स्मरण शक्ति गुम्ने रोग डिमेन्सिया र अल्भिमरका लक्षणलाई संगीतले शान्त पार्न सक्ने थाहा भएकै कुरा हो। अब आएर बीबीसीको एउटा वेबसाइटले डिमेन्सियाका बिरामीलाई तिनीहरूलाई मनपर्ने गीतहरू सुनाएर मद्दत गर्ने लक्ष्य लिएको छ।

अन्ततः सो साइटले स्मरण शक्तिलाई बल पुऱ्याउने संगीतको डाटाबेस निर्माण गर्ने आशा गरिएको छ। डिमेन्सिया पीडित वृद्धका छोरा ग्यारी लाइटबडीले भनेका छन्- 'संगीतको शक्तिशाली असर पर्दछ। यसले अन्य कुनै चिजहरू जस्तै तस्वीर, पुराना मुभी वा कुराले भन्दा तत्कालै मानिसको मस्तिष्कमा असर पार्दछ। संगीतले तपाईंलाई युवा अवस्थातर्फ डोऱ्याउँछ। यसले तपाईंलाई अन्य कुनै चिजले पनि पुऱ्याउन नसकने जीवका महत्त्वपूर्ण घटनाका सम्झनातर्फ लिएर जान्छ।' यसको अलावा म्युजिक थेरापीले हल्का अल्झिमरबाट पीडित हुनेलाई डिप्रेसन, चिन्ता, दिग्भ्रम र चालसम्बन्धी समस्याबाट जोगाउने गर्दछ।

तर अहिलेसम्मको अनुसन्धानले संयुक्त अधिराज्यका केबल ५ प्रतिशत केयर होममा मात्र राम्रो र गुणस्तरीय म्युजिक प्रोग्राम रहेको पाइएको छ। अन्तर्राष्ट्रिय दीर्घायु केन्द्रको अनुसन्धानअनुसार केयर होममा सो उपलब्ध संगीत डिमेन्सिया पीडित प्रत्येक व्यक्तिलाई प्रतिसाता ३० सेकेन्ड सेवा दिन मात्र भ्याउँछ। यही कारणले च्यारिटी प्ले लिस्ट फर लाइफले बीबीसीको म्युजिक मेमोरिज वेबसाइटसँग सहकार्य गरेको हो। बीबीसीको म्युजिम डेको उत्सवमा शुरू गरिएको यस साइटमा मानिसले विगत १ सय वर्षदेखिका १ हजार ८ सय वटाभन्दा बढि गीत, शास्त्रीय संगीत र टेलिभिजनको प्रमुख पार्श्व धुन ब्राउज गर्न सक्नेछन्।

युजरको उमे, लिंग र जन्मस्थानजस्ता सूचनाका आधारमा ती प्लेलिस्ट सेयर पनि गर्न सकिन्छ। प्लेलिस्ट फर लाइफका साराह मेटक्याल्फ भन्छिन्- 'हामीले प्रायः लोकप्रिय स्कटिस लोरी, 'अल्ली बल्ली बी' लाई उदाहरणका रूपमा पेश गर्ने गर्दछौं। ग्लास्गोका अधिकांश मानिसको प्लेलिस्टमा यो लोरी रहेको छ। यसले तिनीहरूलाई आफ्ना आमाले माया र स्नेह गरी लोरी सुनाएर सुताउने गरेको यादमा डोऱ्याउने गर्दछ।'



# इन्टरपोलका अध्यक्ष बेपत्ता



पेरिस, (एजेन्सी)

फ्रान्सले अन्तर्राष्ट्रिय प्रहरी निकाय इन्टरपोलका चिनियाँ अध्यक्ष मेङ होङवेइ बेपत्ता भएको विषयमा अनुसन्धान थाल्ने भएको छ। प्रहरीका अनुसार गतसाता चीन भ्रमणका लागि फ्रान्सको लियोन शहरस्थित इन्टरपोलको प्रधान कार्यालय छोडेयता उनी सम्पर्कविहीन हुन पुगेको उनको परिवारले जनाएको छ।

फ्रान्सेली अनुसन्धान टोली निकटको एक सूत्रले उनी फ्रान्समा बेपत्ता नभएको एएफपी समाचार निकायलाई बताएको छ। मेङ चीनको सत्तारुढ कम्युनिस्ट पार्टीका वरिष्ठ अधिकारी हुन्।

उनी दुई वर्षअघि इन्टरपोलको अध्यक्षमा निर्वाचित भएका थिए। उनकी पत्नीले प्रहरीसमक्ष उनी हराएको उजुरी गरेपछि अनुसन्धान शुरू भएको हो। इन्टरपोलमा प्रवेश गर्नुअघि उनी चीनको जनसुरक्षा मामिला उपमन्त्री थिए।

# अक्सफोर्ड अंग्रेजी शब्दकोशमा ३ सय नयाँ शब्द

लन्डन, (एजेन्सी)

अक्सफोर्ड अंग्रेजी शब्दकोश (ओइडी) मा राखिएका पछिल्ला झन्डै ३ सय शब्दमा 'फ्याम' र 'नथिङवर्गर' पनि परेका छन्। परिवारको छोटकरी अर्थका रूपमा फ्याम पहिलोपटक सोह्रौं शताब्दीमा प्रचलनमा आएको थियो। अहिले आएर यो शब्दले ठेट बोलीचालीमा निकटका साथीहरू वा नातेदारको अर्थ दिने गरेको छ।

यसै गरी नथिङवर्गरले कम महत्त्वका कुनै व्यक्ति वा वस्तुलाई जनाउने गरेको छ। नयाँ शब्दका रूपमा 'अल्ट-राइट', 'टारान्टिनोएस्क्यु' र 'इडिओक्रेसी' ले पनि प्रवेश पाएका छन्। ओइडीका अनुसार करिब ९० को दशकमा प्रायः गरी अमेरिकी हिपहपमा फ्यामलाई स्ल्यान्गको रूपमा निकै प्रयोग गरिने गरिन्थ्यो। त्यसपछि यो शब्द नातेदार जनाउनका लागि मात्र प्रयोग हुन थाल्यो। विस्तारै यसलाई निकटका साथी वा कुनै विशेष समूहका सदस्यलाई जनाउन पनि प्रयोग हुन थालेको हो।

यसले एक वा एकभन्दा बढी मानिसलाई इंगित गर्न सक्छ। ओइडीले अहिले यो शब्दलाई निकै महत्त्वसहित संयुक्त अधिराज्यको विशेष गरी राजधानी र सामाजिक संजालमा प्रयोग हुने गरेको जनाएको छ। लन्डनका कलाकार जस्तै स्केप्टा, स्टोर्म्जी र लेथल बिजलले आफ्नो ग्रन्ज गीतमा फ्यामको प्रयोग गरेका छन्।

यस शब्दलाई पहिलोपटक सन् १९५३ मा हलिउड खबरका एकजना स्तम्भकारले प्रयोग गरेका थिए। त्यसै गरी इडिओक्रेसीको अर्थ अशिक्षित र मुर्ख जनता मिलेर बनेको सरकारद्वारा शासित समाज भन्ने हुन्छ। अल्ट-राइट भने 'अल्टरनेटिभ राइट' को छोटो रूप हो। केही वर्षयता यो शब्द संयुक्त राज्य अमेरिकामा व्यापकरुपमा प्रयोग हुन थालेको छ।



# छुचुन्द्रोका कारण मानिसलाई हेपाटाइटिस 'ई'



हङकङ, (एजेन्सी)

हङकङ निवासी एकजना ५६ वर्षीय पुरुषलाई विश्वमै पहिलोपटक छुचुन्द्रोबाट हेपाटाइटिस 'ई' सरेको घटना सार्वजनिक भएको छ। अनुसन्धानकर्ताले कसरी ती मानिसमा भाइरस सऱ्यो भन्नेबारे स्पष्ट पारेका छैनन्।

तर तिनीहरूले उनको घरबाहिर राखिएका भाँडाकुँडाहरू छुचुन्द्रोका कारण संक्रमित नभएको भने स्पष्ट पारेका छन्। विगतमा छुचुन्द्रोका कारण मानिसमा हेपाटाइटिस सर्न सक्ने कुनै पनि प्रमाण फेला परेको थिएन। मानिसमा वास्तवमा खानेपानीको माध्यमबाट हेपाटाइटिस 'ई' फैलिने गरेको छ। ती हङकङ निवासी मानिसको कलेजो प्रत्यारोपणपछि उनको कलेजोले असामान्य प्रतिक्रया जनाउने क्रममा गरिएको थप परीक्षणबाट उनको रोग पहिचान हुन पुगेको डाक्टरले बताएका छन्।

युनिभर्सिटी अफ हङकङका अनुसनधानकर्ताले हेपाटाइटिस संक्रमित छुचुन्द्रोको बिस्टा परेको खाना खानाले उनमा रोग सरेको हुनुपर्ने अनुमान गरेका छन्। अहिले ती व्यक्तिको उपचारमा सुधार देखिएको बताइएको छ। मानिसमा हेपाटाइटिस 'ई' लाग्दा जन्डिस हुने र कहिलेकाहीं थकान हुने, ज्वरो आउने, रिंगटा लाग्ने, वान्ता आउने तथा पेट दुख्नेजस्ता लक्षण देखा पर्दछ।

रोग प्रतिरोधक क्षमता कम भएका वा गर्भवती महिलामा यो रोग लागेको खण्डमा ज्यानसमेत जान सक्ने सम्भावना रहेको छ। गर्मी र आद्रता बढी भएको मौसममा हङकङमा मुसाको समस्या धेरै हुने गरेको छ।

# नितम्ब सुन्दर बनाउँदा दुई बेलायतीको मृत्यु

लन्डन, (एजेन्सी)

उमेर चढ्दै गएपछि महिलाहरू आफ्नो सुन्दरताप्रति बढी सजग र चिन्तित हुनु स्वाभाविक हो। आफ्ना शरिरका सबै अंग सधैं उत्तिकै सेक्सी देखियोस् भन्ने उद्देश्यले महिलाले प्लास्टिक सर्जरीको सहयोग लिने गरेका छन्।

यसै क्रममा नितम्बलाई अझै आकर्षक र पुष्ट बनाउन गरिने शल्यक्रिया निकै खतरनाक हुने पछिल्लो घटना सुनिने गरेको छ। हालै मात्र यस्तो शल्यक्रिया अर्थात् 'ब्राजिलियन बट लिफ्ट' शल्यक्रियाले दोस्रो बेलायती महिलाको ज्यान गएको बीबीसीले पत्ता लगाएको छ। ब्रिटिस एसोसियसन अफ एस्थेटिक प्लास्टिक सर्जन्स (बाप्स) ले यो सबैभन्दा खतरनाक कस्मेटिक शल्यक्रिया भएको जनाएको छ। यो शल्यक्रियालाई सेलिब्रेटीले लोकप्रिय बनाइदिएका हुन्।

बाप्सले थुप्रै मानिसले विदेशमा यो सस्तो प्रक्रिया अपनाएर आफ्नो ज्यान खतरामा पारिरहेको चेतावनी दिएको छ। ब्राजिलियन बट लिफ्ट (बीबीएल) कस्मेटिक प्रक्रियाअनुसार शरीरको कुनै अंगबाट झिकिएको बोसो नितम्बभित्र राखिने गरिन्छ। बाप्सले बीबीसीको भिक्टोरिया डर्बिसायर कार्यक्रममा यस शल्यक्रियाको जटिलताका कारण प्रत्येक वर्ष विश्वमा ३ हजारमध्ये १ जनाको ज्यान जाने गरेको बताएको छ। गत अगस्टमा टर्कीमा बीबीएल शल्यक्रिया गराउने क्रममा २९ वर्षीया लिह क्यामब्रिजको ज्यान गएको थियो। यसै गरी यसै वर्ष करिब २० वर्षीया बेलायती युवतीको पनि यसैकारण ज्यान गएको बाप्सले जनाएको छ।

बाप्सका सदस्य तथा कन्सल्टन्ट प्लास्टिक सर्जन गराई लाम्बेले मुटु र मस्तिष्कसँग जोडिएको नितम्बका लामा नसामा बोसो राख्दा आइपर्ने खतराका कारण महिलाको मृत्यु हुने सम्भावना धेरै भएको बताएका छन्।

आफ्नो नाम बताउन नचाहने वेल्स निवासी २३ वर्षीया युवतीले बताएकी छिन्- 'गत फेब्रुअरीमा टर्कीमा बीबीएल शल्यक्रिया गराएपछि आफ्नो ज्यानलाई लिएर म निकै डराएँ। शल्यक्रियाको ३ महिनापछि मेरा नितम्बमा प्वालहरू देखा परे। मलाई राम्ररी हिँड्न पनि कठिन भयो। तर ती प्वालबाट बोसो चुहिन थालेपछि भने मलाई सन्चो र हिँड्न सजिलो महसुस भयो। त्यसरी बोसो चुहिँदा ३ महिनासम्म मेरो लुगा भिज्यो। बोसो गन्हाउने पनि भएकाले म दिनहुँ ब्यान्डेज गराउँथे। अन्त्यमा मलाई शल्यक्रिया गराई बेकारमा पैसा गुमाएको जस्तो लाग्यो।'



> निर्मलाको हत्यापछि प्रदेश-७ का विभिन्न स्थानमा बलात्कारका २८ वटा घटना भएको सार्वजनिक भइसकेको छ।

**निर्मला हत्या प्रकरण**

# ७१ दिनसम्ममा दोषी पत्ता लागेन

## सरकार कहाँ चुक्दै छ ? बलात्कारीसँग झुक्दै छ।




तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

प्रशान्त वली, काठमाडौं

निर्मला पन्तको हत्या भएको ७१ दिन पूरा भएको छ। तर, हत्या कसले गरेको हो भन्ने अहिलेसम्म अत्तोपत्तो छैन। सरकारले उच्चस्तरीय आयोग गठन गरे पनि ती आयोगहरू नाम मात्रैमा सीमित भएका छन्।

गृह मन्त्रालय तथा नेपाल प्रहरीले घटनाको अनुसन्धानका लागि पटक-पटक समितिहरू गठन गरे पनि तिनले दिएको प्रतिवेदनसमेत सरकारले सार्वजनिक गरेको छैन। कतै निर्मलाको हत्यारा पत्ता लाग्ने त होइन भन्ने आशंका अभिभावकको छ। सरकारद्वारा पछिल्लोपटक गठन भएको उच्चस्तरीय छानविन आयोगका प्रमुख, एआईजी धीरु बस्न्यात नेतृत्वको टोलीले निर्मलाका परिवारलाई भेटेको छैन।

त्यहीं पनि निर्मला पन्त हत्या प्रकरणमा प्रहरी अधिकृतहरूबाट गम्भीर लापरबाही भएको ठहर गरेको छ। एआईजी धीरु बस्न्यातको संयोजकत्वमा गठित छानविन समितिले अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरूले गम्भीर प्रकृतिको लापरबाही भएको ठहर गरेको हो।

महिला अधिकारकर्मी शारदा चन्दले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'आयोग नाम मात्रैको हो कि भन्ने शंका लाग्न थालेको छ। अहिलेसम्म डीआईजी साबले निर्मलाका बुबाआमालाई भेट्नुभएको छैन। घटनाको अनुसन्धान गर्न नसक्ने प्रहरी नेतृत्वले राजीनामा दिए हुन्छ।' निर्मलाको हत्यापछि प्रदेश-७ का विभिन्न स्थानमा बलात्कारका २८ वटा घटना भएको सार्वजनिक भइसकेको छ। यसैबीच निर्मलाको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै काठमाडौंमा प्रदर्शन गरिएको छ। दोषी पत्ता लगाउन सरकार चुकेको भन्दै राजधानीको माइतीघर मण्डलामा प्रदर्शन गरिएको हो। घटना भएको ३ महिना हुन लाग्दासमेत दोषी पहिचान हुन नसकेको भन्दै सरकारको खबरदारी गरिएको थियो। बलात्कारीलाई माया गर्छौ, न्याय माग्नेलाई लाठी बर्साउँछौ, आईजीपीलाई बर्खास्त गर, प्रमाण नष्ट गर्नेलाई कारबाही गरलगायतका नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरिएको थियो।

यस्तै सरकार कहाँ चुक्दै छ ? बलात्कारीसँग झुक्दै छ भन्ने नारासमेत प्रदर्शनका क्रममा गुञ्जिएको थियो। प्रदर्शनकारीले गृहमन्त्रीको राजीनामा माग्नुका साथै प्रहरी प्रमुखलाई बर्खास्त गर्न माग गरेका थिए। माइतीघर मण्डलाबाट शुरू भएको प्रदर्शन बानेश्वरमा आएर कोणसभामा परिणत भएको थियो। प्रदर्शनमा कलाकार, नागरिक समाज मानव अधिकारवादी, विद्यार्थीलगायत सयौं युवाको सहभागिता रहेको थियो।

निर्मलाका निम्ति न्याय नाम दिइएको प्रदर्शनमा सहभागी रविन महर्जनले भन्नुभयो- 'पटक-पटक जुलुस निस्किए पनि सरकार कानमा तेल हालेर बसेको छ। अब चुप लागेर बस्नु हुँदैन। बलात्कारीलाई फाँसी दिने कानुन बनाएर कार्यान्वयन गरिनुपर्छ।' सरकारकै संरक्षणमा दोषी पहिचानको प्रक्रियालाई तोडमोड गरिएपछि निर्मला पन्तको बलात्कार र हत्याको विषय चर्को मुद्दाका रूपमा उत्रिएको हो।

# दुर्घटनामा ६ को मृत्यु



नेपाल समाचारपत्र

बाँके

पूर्व-पश्चिम महेन्द्र राजमार्गको बाँके खण्डमा शनिबार बिहान भएको सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन्।

राप्ती सोनारी गाउँपालिका-२ मुगुवा खोला नजिक हाइस (सानो माइक्रोबस) र ट्रक ठोक्किँदा हाइसमा रहेका ६ जनाको मृत्यु भएको हो। दाङबाट कोहलपुरतर्फ आइरहेको रा१ज १६६२ नम्बरको हाइस र कोहलपुरबाट दाङतर्फ गइरहेको लु१ख ७७२९ नम्बरको ट्रक ठोक्किएका थिए। दुर्घटनामा ४ जनाको घटनास्थल र २ जनाको उपचारका क्रममा मेडिकल कलेज कोहलपुरमा मृत्यु भएको थियो। मृत्यु हुनेमा दाङका ५ जना र १ जना सल्यानका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका इन्चार्ज प्रहरी निरीक्षक हिरेन्द्र रोकायका अनुसार पश्चिम दाङकी ३० वर्षीया तुलसी रावत, दाङ तुलसीपुर नगरपालिका-८ की ८ वर्षकी वसन्ती चौधरी, तुलसीपुरकै ५० वर्षकी नारायणी श्रेष्ठ, गाडी चालक तुलसीपुरका शुभन चौधरी, शान्तिपुर-७ दाङकी ५१ वर्षीया मनकुमारी रावत र सल्यान शारदा नगरपालिका-५ का ३० वर्षका द्रोण बुढाथोकीको मृत्यु भएको छ। दुर्घटनामा १७ जना घाइते भएका छन्। उनीहरू सबैको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ। दाङका ईश्वरी ओली गम्भीर घाइते भएका छन्। घाइते अधिकांशको अवस्था सामान्य रहेको छ।

तीव्र गतिमा रहेको हाइसले अर्को गाडीलाई ओभरट्याक गरेर अगाडि बढ्दा विपरीत दिशाबाट आएको ट्रकसँग ठोक्किएको घटनास्थलमा पुगेका प्रहरी निरीक्षक रोकायले बताउनुभयो। 'एउटालाई ओभरटयाक गऱ्यो, उताबाट आएको अर्कोलाई ख्याल गरेन, तीव्र गतिमा भएका कारणले दुर्घटना भयो।' -प्रहरी निरीक्षक रोकायले भन्नुभयो। घाइते टेकबहादुर सुनारले हाइस तीव्र गतिमा रहेको र एउटा ट्रकलाई उछिनेर अगाडि बढ्दा ट्रकसँग ठोक्किएको जानकारी दिनुभयो। प्रहरीले ट्रक चालकलाई नियन्त्रणमा लिएको छ। बिहान ९ बजे दुर्घटना हुनेबित्तिकै नेपालगन्ज र कोहलपुरबाट प्रहरी टोली गएर घाइतेको उद्धार गरेका थिए।

दुर्घटनापछि घटनास्थलमै मृत्यु भएका चार जनामध्ये तीन जनाको शव बसेकै ठाउँमा थियो। एक जना मात्रै तल खसेका थिए। चालक आफ्नै सिटमा च्यापिएका थिए। 'हाइस अति नै तीव्र गतिमा आएको देखिन्छ', घटनास्थलमा पुगेका इलाका प्रहरी कार्यालय कोहलपुरका मुद्दा फाँटका प्रहरी नायव निरीक्षक सुरेन्द्र पन्तले भन्नुभयो- 'चालक ठाउँको ठाउँमा च्यापिएका थिए। घटनास्थलमै मृत्यु भएका चारमध्ये तीन जना आफ्नै सिटमा थिए। हाइसले ब्रेक हानेको देखिँदैन।'

# वनलाई उपभोक्तामैत्री बनाउन महासंघको दाबी

काठमाडौं, (नेस)

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफोन) को नवनिर्वाचित कार्यसमितिले वन स्रोतलाई अधिकतम्‌रूपमा उपभोक्तामैत्री बनाउने दाबी गरेको छ।

वनका विविध स्रोतलाई हरित रोजगार र पर्या-पर्यटनसँग जोडेर उपभोक्तालाई आर्थिकरूपमा सबल सक्षम बनाउने पदाधिकारीको कार्ययोजना छ। एक वन एक उद्यमको नारालाई जोड दिँदै आएको फेकोफोनले सोही नारालाई दोहोऱ्याउँदै प्रदेश र स्थानीय तहमा वनमा आश्रित उद्योगबाट रोजगार बढाउने, जडीबुटी र अन्य प्रशोधन केन्द्र स्थापनालाई जोड दिएको छ।

महासंघका भावि कार्ययोजना र प्राथमिकताबारे जानकारी दिँदै नवनिर्वाचित अध्यक्ष भारतले पाठकले शनिबार सञ्चारकर्मीसँग भन्नुभयो- 'वन र कृषिमा आधारित स्रोतलाई अधिकतम्‌रूपमा उपभोक्ताले लाभ लिन सक्नुपर्छ, उपभोक्ताको आयस्तर सुधार हुनुपर्छ।' वन समूहलाई सहकारीको ढाँचामा रूपान्तरण गर्दै अघि बढाउन सकिने विकल्पका बारेमा पनि महासंघले वन मन्त्रालयसहित अन्य निकायसँग विस्तृत छलफल गर्ने उहाँको भनाइ थियो। प्रस्ट ऐन कानुनको अभावमा वनमा आधारित उद्योग स्थापना हुन नसकेको बताउँदै पाठकले भन्नुभयो- 'यसबारेमा हामीले विगतदेखि नै वन मन्त्रालयको ध्यानाकर्षण गराएका छौं।'

प्रारम्भिक वातावरण परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकनका नाममा ५ सय हेक्टरभन्दा माथिका वन क्षेत्र समुदायलाई हस्तान्तरण गर्न लगाइएको प्रतिबन्ध तत्काल हटाउन महासंघले सरोकारवालाको ध्यानाकर्षण गराएको छ। समुदायको सहभागिता सहितको चुरे संरक्षण, वैज्ञानिक वन व्यवस्थापनको विकल्पमा दिगो वन व्यवस्थापन, सिंगो वन क्षेत्रको सुशासन जस्ता पक्षलाई नवनिर्वाचित कार्यसमितिले जोड दिएको छ। गत बुधबार काठमाडौँमा सम्पन्न फेकोफोनको छैठौं महाधिवेशनले पूर्वमहासचिव भारती पाठकको अध्यक्षतामा नयाँ समिति चयन गरेको छ।

## अमेरिकामा...

अमेरिकी नागरिक निज अभियुक्त दिल्लीबाट स्थलमार्ग हुँदै बिनाभिसा नेपाल प्रवेश गरेको र करिब ११ महिना बिनाभिसा नेपालमा लुकेर बसेको बताइएको छ। निज अभियुक्तले नेपालमा पनि अन्य दुई जघन्य अपराध गरेको अनुसन्धानबाट देखिएको छ।

**लिखितरूपमै अपराध स्वीकार**

२०१७ अक्टोरमा प्रहरीले अनुसन्धानका क्रममा निज कोइरालालाई एक वर्षसम्म पीडित र उनको परिवारलाई भेट्न नपाउने गरी अदालतले रिस्ट्रिनिङ अर्डर दिएको थियो। यो बेला उनले पीडित बालिकाको आमालाई एउटा लामो म्यासेज पठाउँदै आफ्नो गल्ती स्वीकारसहित जीवनदान माग्दै कोर्टमा मुद्दा नहाले १ लाख डलर नगद दिने र आफू नेपाल गएर बस्ने प्रलोभन दिएका थिए। यो पत्रको प्रतिलिपि नेपाल समाचारपत्रलाई प्राप्त भएको छ। म्यासेजको कुनै जवाफ नपाएपछि उनी २ हप्तामा नेपाल भागेको कुरालाई बोस्टन प्रहरीले गतिलो सबुत मानेको छ।

**नेपालमा अवैध बसाइ**

नेपालमा अध्यागमन विभागका अनुसार उनी सन् २०१५ मा मात्र वैधानिकरूपमा नेपाल प्रवेश गरेको देखिन्छ। सन् २०१७ मा २ पटक नेपाल गए पनि स्थलमार्गबाट बिनाभिसा गएकाले कुनै अभिलेख देखिएको छैन। जबकि नेपाल जानासाथ एक हप्ताभित्र उनले धोकापूर्ण विवरण दिएर गत डिसेम्बरको पहिलो हप्ता आफूभन्दा २५ वर्ष कान्छी शर्मा थरकी एक महिलासँग मन्दिर गई विवाह गरेका थिए। उनको खोजी हुने र अवैध बसेको पाइए देशनिकाला हुने एक अध्यागमन अधिकारीले बताए। समाचार स्रोतका अनुसार न्युयोर्कस्थित एक वकिलले नेपाल सरकारसमक्ष निज कोइरालाको अध्यागमन र सुपुर्दगी प्रक्रियाका लागि दुवै देशका सरकारी निकायमा सम्पर्क गरी प्रक्रिया अगाडि बढाउन लागेका छन्।

**धोकापूर्ण विवाह**

अभियुक्त नवराज कोइरालाले अमेरिका लैजाने सर्तमा अपझ्झट गरेको विवाह हाल धोका साबित भएको दुलही पक्षले ११ महिनापछि महसुस गरेको छ। उक्त विवाह न त दर्ता भएको छ न त अमेरिकाका लागि भिसा निवेदन दिइएको छ। निज शर्मा हाल ८ महिनाकी गर्भवती छिन्। अमेरिकामा पूर्वपत्नी श्रीजा कोइरालाले दिएको सम्बन्ध विच्छेदको प्रक्रिया पूरा नहुँदै नेपालमा भएको यो विवाह कानुनीरूपमा अर्को दण्डनीय अपराध हो। श्रीजाका वकिलले नेपालमा बहुविवाहको मुद्दा दिन लागेको बताइएको छ। स्याङ्जा र बुटवलबाट आएको शर्माको परिवारसँग अभियुक्त काठमाडौं बसेको स्रोतको दाबी छ।

**अब के हुन्छ ?**

निज अभियुक्तले प्रहरीसित आत्मसमर्पण गरेर अदालतमा उपस्थित हुनुको विकल्प नभएको कानुनविद्हरू बताउँछन्। बलात्कारको मुद्दा नेपाली अदालतमा समेत दिने पीडित पक्षको भनाइ छ। महिला तथा बाल अधिकारकर्मीले दुवै देशका सरकार, प्रहरी र इन्टरपोलसमक्ष यो मुद्दा लैजान लागेको बुझिएको छ। अमेरिकाको मौजुदा कानुनअनुसार यो केस प्रथम डिग्रीको बाल बलात्कार हो, जसको सजाय आजन्म कैद हुन्छ। बलात्कार र पीडाका पटक गणना गरी यस्ता घटनामा आजन्ममा थप जोडी साठीदेखि असी वर्षसम्म सजाय हुन सक्ने प्रारम्भिक अनुसन्धानले देखाएको छ।

**अर्को मुद्दा**

अमेरिकाको सम्बन्ध विच्छेद, सम्पत्ति बाँडफाँड र बालबच्चाको भरणपोषण प्रक्रियाको टुंगो नलगाई भागेकाले पूर्वपत्नीले आधा सम्पत्तिका लागि क्याम्ब्रिज फेमिली कोर्टमा मुद्दा हालेकी छन्। सम्पत्ति खोजविनका क्रममा निजले पत्नीसमेतको संयुक्त खातामा भएको बैंक ब्यालेन्स र शेयर कीर्ते सही गरी एक एसियाली बैंकमार्फत भाइ सुरेन्द्रकुमार कोइरालाको नाममा १ लाख ८० हजार अमेरिकी डलर ट्रान्सफर गरेको देखिएको छ। सुरेन्द्र त्रिचन्द्र कलेज पढाउँछन्। वकिलका अनुसार अभियुक्तले परिवारलाई एक पैसा पनि छाडेका छैनन्। विराटनगर-११ मधुमारा र फत्तेपुर सप्तरीमा घर भएका निज अभियुक्त डीभी लटरीमा २००८ मा अमेरिका आएका थिए।

# बुंगमती बस्तीको मौलिक पुनर्निर्माणमा जोड

नेपाल समाचारपत्र

ललितपुर

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले प्राधिकरणले बुंगमती जस्ता सम्पदा बस्तीको मौलिक ढंगमा पुनर्निर्माण गर्नका लागि विभिन्न प्रोत्साहनका कार्यक्रम ल्याएको बताउनुभएको छ।

शनिबार आयोजित एक कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले सम्पदा बस्तीभित्रका घरहरू मौलिक शैलीमा पुनर्निर्माण गर्दा प्रतिघर ५० हजार रुपियाँ थप रकम प्राप्त हुने प्राधिकरणको पछिल्ला निर्णयबारे जानकारी गराउनुभयो। उहाँले सम्पदा बस्ती पुनर्निर्माणका लागि पूर्वाधार निर्माणमा पनि प्राधिकरणले सहयोग गर्ने बताउनुभयो।

अघिल्लो कार्याकालमा प्रधानमन्त्रीलाई बुंगमती ल्याएर यसको गुरुयोजना अनावरण गराएको स्मरण गर्दै ज्ञवालीले आफ्नो कार्यकालमा उक्त गुरुयोजनाअनुसार पुनर्निर्माण सम्पन्न गरेर प्रधानमन्त्रीबाट उद्घाटन गराउने आफ्नो इच्छा रहेको पनि बताउनुभयो।

सम्पदा बस्तीको महत्त्वबारे आफ्नो धारणा राख्दै उहाँले भन्नुभयो- 'बुंगमतीको मौलिकरूपमा पुनर्निर्माण गर्दा यहाँ ठूलो संख्यामा स्वदेशी एवं विदेशी पर्यटक ल्याउन सकिन्छ जसले जीविकोपार्जनमा ठूलो टेवा पुग्नेछ।'

कार्यक्रममा उक्त क्षेत्रबाट प्रतिनिधित्व गर्ने संघीय सांसद पम्फा भुसालले बुंगमतीलाई समेत समेटेर एउटा सम्पदा पर्यटकीय चक्रपथ बनाउने योजना सुनाउँदै बंगमतीको मौलिक पुनर्निर्माणका लागि आफ्नो तर्फबाट सबै खालको पहल गर्ने आश्वासन दिनुभयो। उहाँले भन्नुभयो- 'कला, संस्कृति र सम्पदाको संरक्षणबाट नै यस क्षेत्रको सम्वृद्धि सम्भव छ।'

तीन नम्बर प्रदेशसभाका सांसद जीवन खड्काले प्रधानमन्त्रीद्वारा बुंगमती पुनर्निर्माणको गुरुयोजना अनावरण गरिएकाले त्यसलाई सफल पार्न स्थानीयको पनि महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो।


बुंगमती क्षेत्र पुनर्निर्माण तथा विकास परिषद्का अध्यक्ष प्रेमभक्त महर्जनका अनुसार बुंगमती क्षेत्रमा ८ सय ५ जनाले निजी आवास निर्माणका लागि अनुदान सम्झौता गरेकोमा ५ सय ९३ जनाले पहिलो किस्ता लिएका छन्। तर, घर निर्माण शुरू गरेर दोस्रो किस्ता लिने लाभग्राहीको संख्या भने निकै कम छ।

महर्जनका अनुसार भूकम्प प्रभावित लाभग्राहीले नक्सा बनाउन नसक्नु, सम्पदा क्षेत्र भएका कारण पास गर्न कठिनाइ हुनु, भोगचलनको समस्या तथा घरजग्गा दर्ता नहुनु आदि रहेको बताउनुहुन्छ। पुनर्निर्माणको महाशुभारम्भ कार्यक्रमअन्तर्गत २०७२ माघ २ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले यूएन ह्याबिट्याटले निर्माण गरेको बुंगमती गुरुयोजनाको नक्सा अनावरण गर्नुभएको थियो।

# पत्रकारिता तथा आमसञ्चार विभागको 'सरप्राइज'

नेपाल समाचारपत्र

काठमाडौं



त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार विभागले एउटा 'सरप्राइज' दिँदै नयाँ संस्कारको शुरुआत गरेको छ।

२०७४ देखि पत्रकारिता तथा आमसञ्चार विषयमा एमफिल शुरू गरेको सो विभागले शनिबार आयोजित एक विशेष समारोहमा एमफिल पहिलो सेमेस्टरको परीक्षाफल मानविकी तथा सामाजिक विज्ञान, त्रिभुवन विश्वविद्यालयका डीनमार्फत नै परीक्षार्थीहरूलाई प्रदान गरेर यस्तो संस्कारको थालनी गरेको हो।

एमफिल पहिलो ब्याचका विद्यार्थीद्वारा विभिन्न विषयमा अध्यापन गराउनुहुने गुरुहरूप्रति आभार प्रकट र दोस्रो ब्याचका नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्न आयोजित उक्त कार्यक्रममा डीन प्राडा शिवलाल भुसालले लब्धाङ्कपत्रसहितको नतिजा प्रदान गर्नुभएको हो। कार्यक्रमका प्रमुख अतिथि प्राडा भुसालले पत्रकारिता क्षेत्रमा खारिएका व्यक्तिहरू नै एमफिलमा अध्ययनरत रहेकाले पत्रकारिता तथा आमसञ्चार विषयमा निकै महत्त्वपूर्ण उपलब्धिपूर्ण हासिल हुने विश्वास व्यक्त गर्नुभयो।

उक्त विभागका प्रमुख प्राध्यापक चिरञ्जीवी खनालले डीन कार्यालय, क्याम्पसको स्ववियु, यस विषयका अग्रजलगायतको सहयोगमा निकै कठिन सङ्घर्ष गरेर एमफिल शुरू गरिएको स्मरण गर्नुभयो। यसै विषयका प्राध्यापक पी खरेलले ठूलो मेहनत गरेर आफूले एमफिलको सम्पूर्ण पाठ्यक्रम तयार गरेको अनुभव सुनाउनुभयो।


कार्यक्रममा प्राडा सुशीलराज पाण्डे, प्राडा राजकुमार पोखरेल, डा. कुन्दन अर्याल, डा. सुधांशु दाहाल, डा. निर्मल रिजालले एमफिलमा पहिलो ब्याचमा पढाउँदाका अनुभवहरू सुनाउनुभएको थियो। पहिलो ब्याचका जुनारबाबु बस्नेतले शुरुआती दिनको पढाइको चर्चा गर्नुभएको थियो भने दोस्रो ब्याचका लक्ष्मण हुमागाईंले यस विषयको पढाइको महत्त्वबारे बोल्नुभएको थियो। स्वागत मन्तव्य र धन्यवाद क्रमशः पहिलो ब्याचका दिलभूषण पाठक र मदन राईले दिनुभएको थियो।

नेपाल समाचारपत्रका पूर्वसम्पादकसमेत रहनुभएका पहिलो ब्याचका कपिलदेव काफ्लेले प्रबन्धन गर्नुभएको सो कार्यक्रममा शिक्षकहरूलाई नेपाली ढाकाटोपी लगाएर सम्मान गरिनुका साथै नेपाली मौलिक झ्याल उपहार प्रदान गरिएको थियो भने दोस्रो ब्याचका विद्यार्थीलाई खादा लगाएर स्वागत गरिएको थियो।

अर्थ

अर्को प्रमुख आयातको स्रोत मुलुक यूएईबाट भने सुन, चाँदी, प्लाष्टिकको कच्चापदार्थ, लुब्रिकेटिङ तेल र चकलेट आयात भएको पाइन्छ।

2018, OCT Sunday 7







## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

खरिद दर

| |
|---|
| १३।०२ |
| १८।१२ |
| १४।९३ |

# दुई महिनामा सवा दुई खर्ब व्यापार घाटा

नेपाल समाचारपत्र

काठमाडौं

निर्यातको तुलनामा आयात हुने वस्तुको परिणाम उच्च हुँदा नेपालको वैदेशिक व्यापारको अवस्थामा सन्तुलन कायम हुन सकेको छैन। चालू आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा व्यापार घाटा सवा दुई खर्ब रुपियाँ नाँघेको छ।

भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा २ खर्ब ४७ अर्ब ४ करोड ५६ लाख रुपियाँ बराबरको कुल वैदेशिक व्यापार गर्दा मुलुकले २ खर्ब १७ अर्ब ६४ करोड ७५ लाख रुपियाँ बराबरको व्यापार घाटा बेहोरेको छ। गत आर्थिक वर्ष २०७४/७५ को सोही अवधिमा १ खर्ब ७६ अर्ब ५५ करोड ५३ लाख रुपियाँ बराबरको कुल वैदेशिक व्यापारबाट मुलुकले १ खर्ब ४९ अर्ब ३४ करोड २९ लाख रुपियाँ व्यापार घाटा बेहोरेको थियो। गत आर्थिक वर्षको पहिलो दुई महिना अवधिको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार ३९ दशमलव ९३ प्रतिशतले बढेको छ भने व्यापार घाटा ४५ दशमलव ७४ प्रतिशतले बढेको छ।

दुई महिना अवधिमा कुल २ खर्ब ३२ अर्ब ३४ करोड ६६ लाख रुपियाँ बराबरको आयात हुँदा १७ अर्ब ६९ करोड ९० लाख रुपियाँ बराबरको मात्र निर्यात भएको छ। गत आर्थिक वर्ष सोही अवधिमा १ खर्ब ६२ अर्ब ९४ करोड ९१ लाख रुपियाँ बराबरको आयात र १३ अर्ब ६० करोड ६२ लाख ३८ हजार रुपियाँ बराबरको निर्यात भएको थियो। गत आर्थिक वर्षको भन्दा चालू आर्थिक वर्षमा आयात ४२ दशमलव ५९ प्रतिशतले बढेको छ भने निर्यात ८ दशमलव ३ प्रतिशतले मात्र बढेको छ। विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको भदौ मसान्तसम्ममा कुल वैदेशिक व्यापारमा ९४ दशमलव १ प्रतिशत आयात र ५ दशमलव ९ प्रतिशत मात्र निर्यातको योगदान रहेको छ। उक्त अनुपात गत आर्थिक वर्षमा ९२ दशमलव ३ प्रतिशत आयात र ७ दशमलव ७ प्रतिशत रहेको थियो भने, आर्थिक वर्ष २०७३/७४ मा क्रमशः ९१ दशमलव ९ र ८ दशमलव १ प्रतिशत रहेको थियो।

यस आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा नेपालले भारतसँग मात्र १ खर्ब ३७ अर्ब ८० करोड ६० लाख रुपियाँ बराबरको व्यापार घाटा बेहोरेको छ, जुन तथ्यांक गत आर्थिक वर्षमा ९७ अर्ब ९६ करोड रुपियाँ बराबर रहेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा भारतसँगको कुल वैदेशिक व्यापारमा पनि वृद्धि भएको छ। गत आवको पहिलो दुई महिनामा नेपाल र भारतबीच १ खर्ब १२ अर्ब ६२ करोड ४ लाख रुपियाँ बराबरको वैदेशिक व्यापार भएकोमा चालू आर्थिक वर्षमा बढेर १ खर्ब ५४ अर्ब ५४ करोड रुपियाँ पुगेको छ।

त्यस्तै नेपालको दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने देश चीनसँग २९ अर्ब १३ करोड रुपियाँको आयात र ३ अर्ब ५१ करोड रुपियाँ बराबरको निर्यात गर्दा २८ अर्ब ७८ करोड ९ लाख रुपियाँ बराबरको व्यापार घाटा बेहारेको छ। गत आर्थिक वर्ष भदौ मसान्तसम्ममा चीनसँगको व्यापार घाटा २५ अर्ब ५३ करोड रुपियाँ रहेको भन्सार विभागको तथ्यांकले देखाउँछ। यस अवधिमा नेपालले गरेको कुल वैदेशिक व्यापारमा वीरगन्ज सबैभन्दा ठूलो आयातकर्ता र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सबैभन्दा ठूलो निर्यातकर्ता भन्सार नाकाका रूपमा देखिएको छ। कुल आयातमा वीरगन्ज नाकाबाट मात्र ३५ दशमलव ५१ प्रतिशत सामान नेपाल भित्रिएको छ। त्यसैगरी, कुल निर्यातमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र २९ दशमलव ३९ प्रतिशत निर्यात भएको देखिन्छ। ठूला आयातकर्ता भन्सार नाकाका रूपमा क्रमशः भैरहवा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र विराटनगर देखिएका छन् भने ठूला निर्यातकर्ता भन्सार नाकाका रूपमा क्रमशः विराटनगर, वीरगन्ज र मेची भन्सार नाका देखिएका छन्। समीक्षा अवधिमा तीनवटा भन्सारहरू जलेश्वर, जनकपुर र भद्रपुरबाट भने निर्यात शून्य देखिएको छ।

साउन र भदौ महिनामा मात्र नेपालले ३५ अर्ब ७१ करोड रुपियाँ बराबरको पेट्रोलियम पदार्थको आयात गरेको छ। त्यसैगरी, २५ अर्ब ६७ करोड रुपियाँ बराबरको स्टिल तथा फलामका सामान, १७ अर्ब ३४ करोड रुपियाँ बराबरको विभिन्न मेसिनरी सामान, १७ अर्ब ११ करोड रुपियाँ बराबरको सवारी साधन र १३ अर्ब ५० करोड रुपियाँ बराबरको हवाई यातायातका सामग्री नेपाल भित्रिएका छन्। दुई महिना अवधिमा नेपालबाट निर्यात भएका प्रमुख वस्तुहरूमा ऊनी गलैंचा, तयारी पोसाक, मुसुरोको दाल, पोलिस्टर धागो, टेक्सटाइल, फलाम तथा स्टिल र तिनका उत्पादनहरू मुख्य रहेका छन्। त्यस्तै हस्तकलाका सामानहरू, चाउचाउ, टुथपेस्ट, अलैंची, चिया, अदुवा, नेपाली हातेकागज, छाला, पश्मिना सल, जडिबुटी आदि वस्तुहरूको पनि निर्यात भएको छ।

आयातित वस्तुहरूमा फलाम तथा स्टिल र तिनका उत्पादनहरूको आयातमा झन्डै दोब्बरले वृद्धि भएको देखिन्छ। नेपालको आयातको प्रमुख स्रोतमध्ये अग्रस्थानमा रहेको भारतबाट पेट्रोलियम पदार्थ, फलाम तथा तिनका उत्पादनहरू, यातायातका साधनहरू, मेसिनरी तथा पाटपुर्जा र अन्न प्रशस्त मात्रामा आयात भएको देखिन्छ। यसै गरी नेपालको आयात व्यापारमा दोस्रो स्थानमा रहेको उत्तरतर्फको छिमेकी मुलुक चीनतर्फबाट हुने आयातमा दूरसञ्चारका सामग्रीहरू, विद्युतीय उपकरणहरू, मेसिनरी तथा पार्टपुर्जा, स्याउ तथा रासायनिक मलले प्रमुख स्थान हासिल गरेका छन्।

## कदरले १५ प्रतिशत लाभांश दिने



काठमाडौं, (नेस)

कदर वचत तथा ऋण सहकारी संस्था लिको ९औं वार्षिक साधारणसभा शनिबार अध्यक्ष वीरेन्द्रमान शाक्यको अध्यक्षतामा सम्पन्न भएको छ।

संस्थाले शेयर सदस्यलाई १५ प्रतिशत नगद लाभांश बाँड्ने निर्णय गरेको छ।

१ करोड २ लाख ६२ हजार ३ सय शेयर पुँजी रहेको संस्थाले कर्जा लगानीमा आव २०७३/०७४ को तुलनामा यस आव २०७४/०७५ मा ३० लाख रुपियाँ वृद्धि गरेको छ भने यस आवमा ३५ लाख ४८ हजार ३ सय ७० खुद नाफा गरेको छ। २०७४ सालमा सगरमाथा सफल आरोहरण गरेको उपलक्ष्यमा संस्थाका सदस्य रोजिता बुद्धाचार्यलाई संस्थाका अध्यक्ष शाक्यले सम्मान गर्नुभएको थियो भने उक्त कार्यक्रममा एसईईबाट उत्तीर्ण भएका १६ जनालाई पनि सम्मानित गरिएको थियो।

९औं साधारणसभाले पुनः अध्यक्षमा वीरेन्द्रमान शाक्यलाई निर्विरोध चयन गरेको छ भने उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः सूर्यतेज शाक्य, सुनील शाक्य र होमबहादुर श्रेष्ठ निर्विरोध चयन गरेको छ। सदस्यहरूमा क्रमशः बाबुराजा महर्जन, सञ्जीव शाक्य, प्रेमलाल डंगोल, रवीन्द्र रञ्जित र सुनीलरत्न शाक्य सर्वसम्मत निर्वाचित हुनुभएको छ।

उपाध्यक्ष शाक्यले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा अध्यक्ष शाक्यले आव २०७४/०७५ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष श्रेष्ठले आव २०७४/०७५ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।



हाल ग्रेडिङ प्रणालीले शिक्षाको स्तर झन् तल खस्किएको छ। भारतलेसमेत अहिले ग्रेडिङ प्रणाली हटाइसकेको छ। हामीले पनि पुरानै पद्धतिमा फर्केको राम्रो।



**अनिल केडिया**
अध्यक्ष
डीएभी सुशील केडिया विश्व भारती स्कुल

# शिक्षामा सरकारी लगानीको प्रतिफल अत्यन्त न्यून छ

नेपालको शिक्षा क्षेत्रमा निजीक्षेत्रको लगानी बढ्दै गएको छ। त्यसो त सरकारले पनि शिक्षा क्षेत्रमा तुलनात्मक रूपमा अन्य क्षेत्रभन्दा बढी नै लगानी गरिरहेको छ। तर, सरकारको लगानीअनुरूपको प्रतिफल भने न्यून रहेको स्थिति छ। नेपालको शिक्षा क्षेत्रको पछिल्लो अवस्था, निजीक्षेत्रको सहभागितालगायतका विषयमा लामो समयदेखि शिक्षा क्षेत्रको विकासमा समर्पित डीएभी सुशील केडिया विश्व भारती स्कुलका अध्यक्ष अनिल केडियासँग **नेपाल समाचारपत्र**का तर्फबाट **ईश्वरराज ढकाल**ले गरेको कुराकानी :

**नेपालको शिक्षा क्षेत्रको हालको अवस्था कस्तो देख्नु भएको छ ?**

नेपालको वर्तमान शिक्षाको अवस्था बारे भन्नु पर्दा ६० लाख विद्यार्थी प्राथमिक तहमा भर्ना भएर प्लस टु सम्म आइपुग्दा ४ लाख ५० हजारको हाराहारीमा पुगेको हुन्छ।

हाल डी र ई ग्रेडमा पास हुनेको संख्या करिब ६० प्रतिशत छ। वर्षेनी एक लाख विद्यार्थी नेपालबाट बाहिर जान्छन्। यी सबै कुराले वर्तमान शिक्षाको अवस्था कस्तो छ भन्ने आफैं बुझ्न सकिन्छ। प्रष्ट शिक्षा नीति हुन नसक्दा नेपालको शिक्षा क्षेत्रको विकास खासै हुन सकेको देखिंदैन। आफ्नै देशमा उत्कृष्ट शिक्षा दिने शिक्षालयमा विद्यार्थी भर्ना गर्न प्रेरित गर्नुको सट्टा विदेशमा गएर अध्ययन गर्नुपर्ने वातातरण सरकारले नै किन बनाइरहेका हुन् बुझ्न सकिएको छैन।

**नेपालको शैक्षिक क्षेत्रको विकासमा निजी क्षेत्रले के-कस्तो योगदान गरेको छ ?**

देशमा निजी क्षेत्रले राम्रो मात्र होइन अति राम्रो योगदान गरेको छ। वर्तमान अवस्थामा करिब २५ लाख विद्यार्थी निजी क्षेत्रमा पढ्ने गरेकै बाट पनि यसको पुष्टी हुन्छ। यो क्षेत्रमा ३ लाख कर्मचारीले रोजगारी पाएका छन्। तथ्यांक हेर्दा निजी क्षेत्रले ५ खर्बभन्दा बढी लगानी शिक्षा क्षेत्रमा मात्र गरेका देखिन्छन्। देशमा सहज वातावरण सिर्जना भए अझै लगानी बढाउन निजी क्षेत्र उत्सुक छन्। अधिकांश महिला शिक्षिका तथा कर्मचारीका रूपमा शिक्षा क्षेत्रमा कार्यरत छिन्। गुणस्तरीय शिक्षाका कारण निजी शिक्षण संस्थामा अध्ययन गर्ने मध्य करिब ८५ प्रतिशत उत्तीर्ण हुने गरेका छन्। यसलाई हेर्दा पनि निजी क्षेत्रले शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान गरेको प्रष्ट हुन्छ। सरकार आफैंले पनि निजी शिक्षण संस्थाको कारण देशको शैक्षिक अवस्थामा सुधार हुँदै गैरहेको कुरा स्वीकार्न थालेको छ।

**सरकारले थप के गर्‍यो भने निजी शिक्षा क्षेत्रको अझै सुधार हुन सक्ने सम्भावना छ ?**

सरकारको नीति स्पष्ट हुन नसकेका कारण शिक्षा क्षेत्रमा धेरै समस्या थपिंदै गएको अवस्था छ। नेपाली विद्यार्थी विदेशिनु पर्ने वाध्यता पनि स्पष्ट नीतिकै अभावले सिर्जना भएको हो। जसका कारण अनावश्यकरूपमा मुलुकको खर्बौं रुपियाँ विदेशमा गइरहेका छन्। यसलाई तत्कालै रोक्नु आवश्यक छ। तसर्थ यसका लागि सरकारले नेपाललाई वर्ल्ड एजुकेसन हबको रूपमा विकास गर्दै ठोस योजना ल्याउनु जरुरी भइसकेको छ।

D.A.V. COLLEGE
...In the service of education
Affiliated to TU

सर्वप्रथम त शिक्षामा सुधार गर्न पहिला भिजन तयार पार्नुपर्छ त्यसपछि मिसन अनि गोल। यसो भएपछि मात्रै शिक्षा क्षेत्रको विकास सम्भव हुन्छ। शिक्षामा सुधार गर्न हामीलाई प्रकृतिले वरदान दिइसकेकाले अब सरकारको शैक्षिक मैत्री नीति मात्र आवश्यक परेको छ। निजी क्षेत्रकै कारण धेरै विद्यार्थी अझै पनि स्वदेशमै पढ्न रुचाउँछन्। नेपालमा निजी क्षेत्रको शिक्षा वास्तवमै उत्कृष्ट छ। त्यसैले पनि निजी क्षेत्रमा पढेर उच्च शिक्षाका लागि भारत तथा अन्य मुलक जाँदा पनि नेपाली विद्यार्थीहरू अब्बल भएर नेपालको नाम राख्न सफल भइरहेका छन्। तसर्थ नेपाल सरकारले ल्याउने शैक्षिक नीति निजी क्षेत्रलाई प्रोत्साहित हुने खालको शिक्षा मैत्री हुनु जरुरी छ।

**अहिलेको शैक्षिक अवस्थाबारे केही बताइदिनु हुन्छ कि ?**

अहिले नेपालको शैक्षिक अवस्था अत्यन्त डरलाग्दो छ। निजी क्षेत्रको विद्यालयलाई धरायसी बनाउने किसिमको नीति छ। निजी क्षेत्रलाई अत्यन्त उच्च कर र अत्याधिक संख्यामा छात्रवृत्ति दिनैपर्ने बाध्यकारी नियमसँगै सरकारबाट कुनै पनि सहुलियत नभएकाले गर्दा वर्तमान शिक्षा नीतिका कारण निजी क्षेत्र पूर्णरूपले धराशयी हुने निश्चित छ।

यदि नेपाललाई एजुकेसन हबको रूपमा विकास गर्ने हो भने, निजी क्षेत्र बिना यो असम्भव छ। उदाहरणका लागि पश्चिमीराष्ट्रलाई लिन सकिन्छ। विश्वका अधिकांश देशको शिक्षाको विकास निजी क्षेत्रको संलग्नताबाट मात्रै भएको छ।

तर, हाम्रै देशमा निजी शिक्षण संस्थालाई किन पेलेर लैजाने नीति बनाउने गरिन्छ, बुझ्न सकिएको छैन। देशको अर्थतन्त्रको विकासमा निजी शिक्षा क्षेत्रले खेलेको भूमिका सरकारले बिर्सिंदै गएको छ। निजी शिक्षण संस्थापति सरकारले हेर्ने नजर र सरकारको भूमिका झनझन नकरात्मक हुँदै गएको छ। सरकारले निजी शिक्षण संस्थाको योगदानप्रति विश्वास दिलाउन नसक्दा देशको शिक्षा क्षेत्रको अवस्था बिग्रँदै जान थालेको संकेत मिलिरहेको छ।

**शिक्षामा नयाँ लगानीकर्ताका लागि तपाई कस्तो सुझाव दिन चाहनुहुन्छ ?**

मुलुकमा अब यस क्षेत्रमा नयाँ लगानी गर्नु निकै जोखिम हुने देखिरहेको छ। पहिले लाख रुपियाँ रोपनीमा पाइने जग्गाको मूल्य करोड रुपियाँ आनामा पनि नपाइने भइसक्यो। त्यसमाथि प्रशासनिक खर्च बढेको बढ्यै छ। गुणस्तर शिक्षा दिन र विद्यालयको भौतिक सुधार गर्न केही खर्च गर्नै पर्ने हुन्छ। अतिरिक्त कुराहरूमा अत्यधिक खर्च बढेको छ। त्यसमाथि राज्यको दृष्टिकोण पनि सकारात्मक नरहेकाले लगानीको पैसासमेत उठाउन गाह्रो भइसकेको अवस्था छ। त्यसैले सरकारको यही नीति रहिरहने हो भने नेपालमा शिक्षा क्षेत्रमा नयाँ लगानी जोखिममा पर्ने देखिरहेको छु। जबसम्म सरकारले गुणस्तरीय शिक्षाको विकासमा निजी क्षेत्रको सहकार्य महसुस गरेर यस क्षेत्रमा लगानी गर्ने वातावरणको सिर्जना गर्दैन, तबसम्म यस क्षेत्रमा ढुक्क भएर लगानी गर्नसक्ने स्थिति कमसेकम म देख्दिनँ।

**हाल शिक्षाको बजेट कस्तो छ र कस्तो हुनुपर्थ्यो ?**

यस क्षेत्रको विकासका लागि बजेटले ठूलो महत्त्व राख्ने भएकाले नीति नै ठीक नभएसम्म बजेटको केही अर्थ हुँदैन। सरकारकै सामान्य आँकडालाई आधार मान्दा पनि सरकारी लगानीको प्रतिफल अत्यन्त न्यून पाइएको छ। शिक्षामा बजेट ल्याउँदा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने खालको हुनुपर्छ। सरकार लक्षित बजेटले मात्र समग्र शिक्षाको विकास सम्भव छैन।

**नेपालको शिक्षा कतिको प्रयोगात्मक छ ?**

सर्वप्रथम त विद्यार्थीको होलेस्टिक डेभलपमेन्ट हुनुपर्छ। विद्यार्थीको समग्र एवम् सम्पूर्ण विकासनै शिक्षाको मूलमन्त्र हुनुपर्छ।

नेपालको विद्यार्थी कस्तो स्कुलमा पढेर गएको छ भन्ने विषयले ठूलो अर्थ राख्छ। राम्रा स्कुलबाट पढेर गएका र नराम्रो स्कुलबाट पढेर गएका विद्यार्थीको शैक्षिक स्तरमा आकाश जमिनको फरक हुन्छ। समग्रमा भन्नुपर्दा पछिल्लो समय नेपालको शिक्षा प्रयोगात्मक हुँदै गएको छ। यसो हुनुको प्रमुख कारण पनि सरकारी शिक्षण संस्थाको तुलनामा निजी क्षेत्रले प्रयोगात्मक शिक्षालाई मुख्य प्राथमिकता दिएकै कारण हो भन्दा फरक पर्दैन।

हाल ग्रेडिङ प्रणालीले शिक्षाको स्तर झन तल खस्किएको छ। भारतलेसमेत अहिले ग्रेडिङ प्रणाली हटाइसकेको छ। हामीले पनि पुरानै पद्दतिमा फर्केको राम्रो। एचआरडी (शिक्षक) को प्रशिक्षण तथा सम्पूर्ण प्रणलीको विकास अति नै महँगो छ। सरकारले ग्रेडिङ प्रणालीको लागि चाहिने पूर्वाधारको विकास नगरी लागू गरेको हुनाले नै यसले सोचे अनुसारको परिणाम दिन नसकिएको हो कि भन्ने लागिरहेको छ।

प्रभु बैंक
PRABHU BANK

**हाल देखिएको परम्परागत शिक्षालाई सुधार गर्न कस्तो मेथड अपनाउनु पर्ला जस्तो लाग्छ ?**

अहिलेको शैक्षिक प्रणालीलाई हेर्दा जति हामीले सुधार गर्‍यो उति उल्टो भइरहेको हो कि भन्ने लागिरहेको छ। हामी अहिले न घर न घाटको स्थितिमा छौं। विदेशीलाई हेरेर त्यताको शिक्षा नेपालमा थोपर्नु ठीक होइन जस्तो लाग्छ।

चेन्ज फर द सेक अफ चेन्जु ले नेपाललाई अधोगतिमा लैजान्छ। हामीले आफ्नो देश सुहाउँदो, आफ्नो क्षमता र धरातललाई ध्यानमा राखेर विश्वमा भएको विकासलाई परिणममुखी रूपमा अवलम्बन गर्‍यौं भने मात्र सफलता निश्चित हुन्छ।

**डीएभी स्कुलको स्थापना र यसको इतिहास बारे पनि केही बताइदिनु हुन्छ कि ?**

यो स्कुलको स्थापना वि.सं. २०२५ साल अर्थात सन् १९९३ भएको हो। शुरूदेखि नै गुणस्तरीय शिक्षामा जोड दिइएका कारण यो विद्यालयले अहिले नेपालकै उत्कृष्ट मध्येको एक विद्यालयको पहिचान बनाउन सफल भएको छ।

> वर्तमान अवस्थामा करिब २५ लाख विद्यार्थी निजीक्षेत्रमा पढ्छन्। यो क्षेत्रमा ३ लाख कर्मचारीले रोजगारी पाएका छन्। तथ्यांक हेर्दा ५ खर्बभन्दा बढी लगानी शिक्षा क्षेत्रमा गरेका छन्।

यस विद्यालयअन्तर्गत हाल ललितपुर, विराटनगर, वीरगन्ज र हरिऔंनमा छुट्टै विद्यालयहरू सञ्चालित छन्। यो विद्यालयमा प्लेग्रुप, नर्सरीदेखि स्नाकोत्तरतहसम्मको पढाइ हुन्छ। हाम्रो शिक्षालयअन्तर्गत करिब १५ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। सन् १९९५ अक्टोबर ६ तारिखमा दिवंगत भएका भाइ सुशील केडियाको नाममा सञ्चालन भएको डीएभी सुशील केडिया विद्यालयको आम्दानीको केही मात्रा समाजसेवाको लागि खर्चिने गरेका छौं। यस विद्यालयबाट आम्दानी भएको रकम हामीले विद्यालयकै गुणस्तर सुधारका लागि खर्च गर्ने गरेका छौं। आफ्नै भवन रहेको विद्यालयको कमाई शिक्षा क्षेत्रमा हामीले दिएको गुणस्तरीयताकै परिणाम हो भन्न पाउँदा हामीलाई अत्यन्त गर्व लाग्छ।

**तपाईको शिक्षण संस्था कतिको प्रविधियुक्त छ ?**

वर्तमान र भविष्यको आवश्यकतालाई समेत ध्यानमा राखेर डीएभीले विगत एक दशकदेखि डेडिकेट आईटी विभाग सञ्चालन गरेको छ। २० जना दक्ष जनशक्तिद्धारा सञ्चालित यस आईटी सेलले वर्तमान परिप्रेक्षमा विश्वमा भएका प्रविधिको विकासलाई अवलम्बन गरेर विद्यार्थी लाई लाभान्वित गरिरहेको छ। अहिलेका रोबोटिक युगमा शिक्षालाई सान्दर्भिक बनाई राख्न हामीले यस विद्यालयका विद्यार्थीलाई इन्टलेक्चुअल, स्पिच्युरल र इमोस्नल स्किल जस्ता ह्युमेन सेन्ट्रिक स्किल प्रदान गरिरहेका छौं।


एक अध्ययनअनुसार सन् २०२५ सम्म रोबोर्ट एवम् मेसिनद्वारा गरिने काम २९ प्रतिशतबाट ५० प्रतिशतसम्म पुग्ने देखाएको छ। यो आर्टिफिसियल इन्टलिजेन्स (एआई) र रोबोर्टको विकासले सम्भव भएको छ। तसर्थ, यस्तो सन्दर्भमा रोजगार बजारमा ह्युमेन सेन्ट्रिक स्किल भएको विद्यार्थीले मात्र आफ्नो स्थान सुरक्षित गर्न सक्छन्। डीएभीले ह्युमेन सेन्ट्रिक स्किलका साथै विद्यार्थीको क्रिटिकल थिङकिङ, क्रियटिभिटी एन्ड कोल्याब्रेसन जस्ता क्षमता विकासमा विशेष ध्यान दिएको छ। अहिलेको अवस्थामा विद्यार्थीलाई समस्या समाधानका क्षमता र सञ्चार स्किल नितान्त आवश्यक रहेको छ। अहिलेको अवस्थामा यी ज्ञान नभएका विद्यार्थीहरू युद्धभूमिमा हतियार बिनाको योद्धाजस्तै हुने छन्। यस हिसाबले पनि डीएभीले यस्ता क्षमताका विषयलाई पाठ्यक्रममै समावेश गरेर विद्यार्थीहरूलाई शिक्षित गरिरहेको छ।

**अन्य विद्यालयको तुलनामा यस विद्यालयय के कुरामा भिन्न छ ?**

अहिले विद्यार्थीमा एटिच्युट एवम् इथिक्सको टड्कारो आवश्यकता देखिएको छ। यसको प्रमाण आईआईएम इन्डियाले गीतालाई आफ्नो पाठ्यक्रममा राख्नुले दिन्छ। यही कारणले यस विद्यालयले एटिच्युट एवं इथिक्सलाई स्थापनाकालदेखिनै अंगाल्दै आएको हो। यसै कारणले पनि आज यो विद्यालय यति उचाइसम्म आइपुगेर विश्वमा उत्कृष्ट बन्न सफल भएको छ। साथै इस्टिर्न हर्ट र वेष्टर्न माइन्डको मिलाप गरेर अघि बढेको डीएभीले संस्कृत भाषा र संस्कृतिलाईसमेत विषेश स्थान दिएको छ। सम्पूर्ण भाषाको मूल नै संस्कृत भाषा भएकाले संस्कृत भाषा जान्नु र बुझ्नु अत्यन्तै आवश्यक भएकैले संस्कृत भाषालाई डीएभीले मुख्य पाठ्यक्रममा समावेश गरेको हो।

**तपाईंको शैक्षिक र पारिवारिक पृष्ठभूमि**

मैले वीरगन्जको त्रियुद्ध माविबाट एसएलसी गरेको हुँ, अध्ययनको सिलसिलामा बम्बई (हालको मुम्बई) बाट बीकम अनर्स सम्पन्न गरेँ। मेरो परिवारमा आमा, श्रीमती, दुई छोरी र एक छोरा छन्। हामी दाइ र भाउजुसँग बस्छौं। उहाँहरूका पनि दुई छोरा र एक छोरी छन्।



भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ

जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# कान्छीमायाद्वारा आफ्नै कीर्तिमान भंग

नेपाल समाचारपत्र

काठमाडौं

म्याराथनमा लगातार उपाधि जितिरहेकी कान्छीमाया कोजुले १२औं काठमाडौं म्याराथनमा आफ्नै कीर्तिमान भंग गरेकी छन्।



शनिबार भएको महिला म्याराथनतर्फ कान्छीमायाले ४२.१९ किमीको दुरी २ घण्टा ५० मिनेट ४१ सेकेन्डमा पुरा गर्दै पहिलो भएकी हुन्। उनले सो समय निर्धारित गर्दा दुई वर्षअधि यसै प्रतियोगितामा राखेको समयलाई करिब ५ मिनेट १७ सेकेन्डले पछि पारिन्। भक्तपुरकी धाविकाले २०७३ को काठमाडौं म्याराथनमा २ घण्टा ५५ मिनेट ५८ सेकेन्डको समयमा पुरा गरेकी थिइन्।

दोस्रो स्थानमा भक्तपुरकी सरिता बसीले ३ घण्टा ११ मिनेट १४ सेकेन्डमा पुरा गर्दै दोस्रो स्थान हासिल गरिन्। यसैगरी तेस्रो भएकी राजपुरा पाछाईले सो दुरी पार गर्न ३ घण्टा २४ मिनेट ८ सेकन्डको समय लिएकी थिइन्। पहिलो भएकी कान्छीमायाले ५० हजार, दोस्रो हुनेले २० हजार र तेस्रो हुनेले १५ हजार नगद पुरस्कार प्राप्त गरे।

यसैगरी पुरुष म्याराथनमा नेपाली सेनाका धावकले शीर्ष दुई स्थान हात पारेका छन्। होमलाल श्रेष्ठले २ घण्टा २० मिनेट ४५ सेकेन्डको समयका साथ आफूलाई पहिलो स्थानमा उभ्याए। त्यस्तै राजन खत्रीले दोस्रो स्थान हासिल गर्न २ घण्टा २३ मिनेट ३३ सेकेण्ड समय खर्चे। तेस्रो स्थानमा रहेका नेपाल प्रहरीका भूमिराज राईले २ घण्टा २४ मिनेट ३१ सेकेन्डमा दुरी पुरा गरेका थिए। शीर्ष तीनले क्रमशः ५०, २० र १५ हजार रुपियाँ पुरस्कार जिते।

प्रोस्पोर्ट्स प्रालिद्वारा आयोजित उक्त प्रतियोगिताअन्तर्गत रोड रेशमा एपीएफका गोपी चन्द्र पार्कीले पहिलो स्थान हासिल गरे। उनले १ घन्टा ७ सेकेन्डमा दूरी पुरा गरेका थिए। दोस्रो स्थानमा रहेका सेनाका रामजी बस्नेतले १ घन्टा २१ सेकेन्डमा दूरी पुरा गरे। एपीएफकै सन्तोष विक्रम विष्टले १ घन्टा २२ सेकेन्डका साथ कास्य पाए। महिलातर्फ सेनाकी विश्वरूपा बुढाले १ घन्टा १० मिनेट ५७ सेकेन्डका साथ स्वर्ण पाइन्।

एपीएफकी बिन्द्रा धनकेश्वरी श्रेष्ठले १ घन्टा ११ मिनेट ३७ सेकेन्डका साथ रजत र एपीएफकै पुष्पा भण्डारीले १ घन्टा १२ मिनेट ३५ सेकेन्डका साथ कास्य पाइन्। दुवै विधाका शीर्ष तीनले क्रमशः २० हजार, १२ हजार र ७ हजार नगद प्राप्त गरे।

५ किमि. खुला दौडतर्फ पुरुषमा अजित यादव १८ मिनेट ११ सेकन्ड र महिलामा सन्तोषी श्रेष्ठ २० मिनेट ३७ सेकेन्डसहित पहिलो स्थानमा रहे। पुरुषतर्फ मिलन कार्कीले रजत र जितेन्द्र दनुवारले कास्य तथा महिलातर्फ सानु माया कार्कीले रजत र फुलमती रानाले कास्य प्राप्त गरे। शीर्ष तीनले क्रमशः नगद १० हजार, ६ हजार र ४ हजार हासिल गरे।

५ किमिकै छात्रतर्फ १९ मिनेट ५१ सेकेन्डका साथ प्रविनकुमार बोहराले स्वर्ण पाए। दोस्रो स्थानमा सागर श्रेष्ठ र तेस्रो स्थानमा नारायण तामाङ रहे। छात्रातर्फ कर्णाली स्पोर्ट्सकी मञ्जु रावतले २४ मिनेट ५५ सेकेन्डका साथ स्वर्ण पाइन्। काजल विष्टले रजत र विजेश्वरी ज्ञान मन्दिर सैनिक विद्यालयकी स्वेशा बलामीले कास्य पाए। विजयी खेलाडीहरुले ५ हजार, ३ हजार २ हजार नगद प्राप्त गरे।

ह्विल चेयरतर्फको प्रतिस्पर्धामा कृष्ण राज चौधरी १५:५६.४५ समयका साथ पहिलो भए। दोस्रो स्थानमा रविन्द्र खत्री र तेस्रो स्थानमा राजेश सिल्पकार रहे। महिलातर्फ यामी झाक्री मगरले १४ :४७.६६ समयमा दूरी पुरा गरिन्। लक्ष्मी घिमिरेले रजत र हीरा तामाङले कास्य पाइन्। विजयी खेलाडीहरुले क्रमशः ५, ३ र २ हजार नगद प्राप्त गरे।




## धरहरा

### जय होस जाम

सवारी जाम काठमाडौंको मौलिक परिचय झैं बनेको छ। झन् चाडबाड नजिकिएपछि जामले धुरुक्कै बनाउँछ भन्या। उपचारका लागि अस्पताल दौडिएको एम्बुलेन्स त जाममा परेर बिरामीले अकालमै ज्यान गुमाउनुपर्छ भने अरू उदाहरण नदोहोर्‍याए पनि हुन्छ।

जामले शहर बजारमा डट्वाहरुको संख्या ह्वात्तै बढाएको छ। निकै अघिदेखि सडक किनारमा कुरेर बसेकी प्रेमिकालाई धेरैबेर कुराएको प्रेमी हस्याङफस्याङ लवजमा डिच्च गर्दै भन्छ- 'हेर न, जाममा परेर...।' कुरो प्रेमीप्रेमिकाको मात्रै होइन, आफन्त, साथीभाइ र अफिसका स्टाफ सबैको थेगो नै बनेको छ, 'जाम'। अनि जानाजान आफ्नो स्वार्थ पुरा गर्न दौडिएकाहरु भन्छन्- 'जामले गर्दा हैरान भइयो।'

२/३ महिनाअघि संसद्मा गृहमन्त्रीको निकै खोजी भयो अनि जवाफमा सभामुखले भन्न भ्याए- 'उहाँ संसद्मै आउँदैहुनुहुन्छ, कतै जाममा पर्नुभयो होला।' सधैं



बाक्लो सुरक्षा दस्तासहित सडकमा साइरन बजाउँदै दौनिने गृह मन्त्री जाममा परेको बहाना बनाउने मुलुकमा अन्यको के कुरा भो र ?

अहिले सरकारले परिणाममुखी काम नगरेको, पार्टीगत स्वार्थ र अन्य विविध बहानाबाजीमा अलमलिएको भनेर निकै आलोचित छ। यस्तै आलोचना चुलिदै गर्दा कुन दिन प्रधानमन्त्री, मन्त्री र सत्ताधारी नेताहरुले भन्न बेर छैन-'हैन बजेट त अस्तै नै पठाइसक्या हो त, कार्ययोजना पनि अस्तै नै बनेको, निर्देशन दिएको पनि धेरै भयो, कतै जाममा परेर ढिला भयो होला।'

# डीएभीको खेलकुद सम्पन्न

काठमाडौं, (नेस)

डीएभी स्कुल जाउलाखेलमा भएको स्वर्गीय सुशील केडिया मेमोरियल अन्तर स्कुल क्रिकेट, फुटसल र टेबल टेनिस प्रतियोगिता शनिबार सम्पन्न भएको छ।

प्रतियोगिताअन्तर्गत क्रिकेटतर्फको फाइनल खेलमा आयोजक टिम डीएभी 'ए' ले सैनिक आवासीय माविलाई पराजित गर्दै उपाधि आफ्नो पक्षमा पार्न सफल भयो। पहिले ब्याटिङ गर्दै सैनिक आवासीयले दिएको ६३ रनको लक्ष्य डीएभीले ४ विकेट बाँकी रहँदै पछ्यायो। फाइनलको प्लेयर अफ द म्याच चुनिएका शिखर बोथराले १९ रन बनाउनुको साथै ३ विकेटसमेत हात पारे।

क्रिकेटतर्फ प्रतियोगिताकै उत्कृष्ट खेलाडी डीएभी 'बि' का सौरभ श्रेष्ठ घोषित भए भने उत्कृष्ट ब्याट्सम्यान जेम्स स्कुलका आशिष भट्टराई र उत्कृस्ट बलर जेम्सकै आश्रेय कडेल घोषित भए। उत्कृष्ट विकेट किपर डीएभी 'ए' का अर्पित खेतान, उत्कृष्ट फिल्डर सैनिक आवासीय माविका निश्चल तामाङ र उदयमान खेलाडी डीएभी 'बि' का आदर्श अग्रवाल घोषित भए।

शनिबार नै सम्पन्न फुटबलतर्फको फाइनलमा सेन्ट जेभियरले लिटल एन्जल्सलाई ३-२ गोल अन्तरले पराजित गरेर उपाधि जित्यो। यस्तै टेबल टेनिसतर्फ पुरुष र महिला दुवै विधाको उपाधि एभीएम स्कुलले हात पार्‍यो।

# मिलन बने धर्मश्री विजेता



काठमाडौं, (नेस)

नेपाल व्यायाम मन्दिरका मिलन सिजापतीले १३औं धर्मश्री तथा ५०औं एसियन च्याम्पियनसिपका विजेता महेश्वर महर्जनललाई पछाडी पार्दै १५औं धर्मश्रीको उपाधि जितेका छन्।

शनिबार कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा भएको उपाधि भिडन्तमा मिलनले उपाधिकै दावेदारी सेप फिटनेसका महेश्वरसँग बाजी मारेका हुन्। ८० केजीमाथिको तौलमा प्रतिस्पर्धा गरेका मिलनले नगद ५ लाखसहित ब्यानेट तथा ट्रफी प्राप्त गरे। ८० केजी तौल समूहका महेश्वरले नगद २ लाखमै चित्त बुझाए। तेस्रो स्थानमा ६५ केजी तौल समूहका व्यायाम मन्दिरका रामबहादुर दाहाल रहे। उनले नगद १ लाख हासिल गरेका थिए।

नेपाल व्यायाम मन्दिरद्वारा आयोजित प्रतियोगितामा चौथो स्थानमा रहेर सेप टु ढल्कोका प्रवेश श्रेष्ठले ९० हजार नगद प्राप्त गरे। यस्तै पाँचौ स्थानमा रहेका सञ्जीव श्रेष्ठले ८० हजार नगद हासिल गर्दा छैठौं र सातौं स्थानमा रहँदै क्रमशः आशिष देवाजुले ७५ हजार र सुरेश खत्रीले ६० हजार नगद जिते।

उनीहरु तीनै जना आयोजकका हुन्।

विजयी खेलाडीहरुलाई सम्माननीय उपराष्ट्रपति नन्दकिशोर पुन पासाङ, पूर्वरक्षा मन्त्री तथा सांसद भीमसेनदास प्रधानलगायतले पुरस्कार वितरण गरेका थिए। २०४२ सालमा १५ हजार पुरस्कार राशीबाट शुरु गरिएको धर्मश्री प्रतियोगिता १५ औं संस्करणसम्म आइपुग्दा शारीरिक सुगठनमा सर्वाधिक धनराशी पुरस्कार रहेको प्रतियोगिता भएको छ।

# मलेसियामा सन्दीपको उत्कृष्टता जारी

काठमाडौं, (नेस)

मलेसियामा जारी विश्व टी २० एसिया छनोट 'बी' अन्तर्गत दोस्रो खेलमा नेपालले आयोजक टोली मलेसियालाई ८ विकेटले हराएको छ।

शनिबार क्वालालम्पुरको बायोमास ओभल मैदानमा भएको खेलमा नेपालको जितमा बलर सन्दीप लामिछानेले घातक बलिङ गरे। उनको उत्कृष्टता दोस्रो खेलमा पनि जारी रह्यो। पहिलो खेलमा म्यानमारविरुद्ध ४ विकेट लिएका सन्दीपले मलेसियाविरुद्ध ४ ओभरमा २० रन खर्चेर ५ विकेट लिए। यसरी टी २० अन्तर्राष्ट्रियमा ५ विकेट लिने उनी पहिलो नेपाली बलरसमेत बनेका छन्। यसअघि वसन्त रेग्मी र शक्ति गौचनले ४/४ विकेट लिएको रेकर्ड रहेको थियो। सन्दीप लगातार दोस्रोपटक म्यान अफ द म्याच घोषित भएका छन्।

सन्दीपकै घातक बलिङमा मलेसिया १९.३ ओभरमा सबै विकेट गुमाएर १ सय रनमा समेटिएको थियो। सन्दीपका साथै फास्ट बलर सोमपाल कामीको पनि सानदार बलिङ हुादा घरेलु टोलीका दुई ब्याटसम्यान बाहेक अन्यले दोहोरो अंक पनि छुन सकेनन्। साफिक सरिफले ४९ रन र साहिद अजिजले १३ रनको योगदान दिएका थिए। उनीहरुले पहिलो विकेटका लागि ३० रन बनाएर राम्रो शुरूवात दिलाए तर सन्दीप र सोमपालको बलिङमा उनीहरुको ब्याटिङ धेरै चल्न सकेन। सोमपालले ३ विकेट लिएका थिए।

जवाफमा १ सय १ रनको सामान्य लक्ष्य नेपालले २ विकेट पतनमा १२.४ ओभरमा २ विकेट गुमाएर प्राप्त गरेको थियो। नेपालका लागि कप्तान पारस खड्काले अर्धसतक प्रहार गरे भने ज्ञानेन्द्र मल्लले उनलाई भरपुर साथ दिए। पारसले ३७ बलमा २ छक्का र ५ चौकासहित ५२ रनमा नटआउट रहँदा ज्ञानेन्द्र २७ रनमा नटआउट रहेका थिए। यस खेलमा पनि जम्न नसकेका ओपनरद्वय अनिलकुमार साह १ रनमा र विनोद भण्डारी १२ रनमा पवेलियन फर्केका थिए। मलेसियाका पवनदिप सिंह र सिजर्रल आइड्रसले समान एक विकेट हात पारे।

# कार्ल्सबर्ग गल्फ सिरिज सम्पन्न




काठमाडौं, (नेस)

कार्ल्सबर्ग गल्फ सिरिज् २०१८ को अन्तिम लिग अर्थात् देशको सबैभन्दा प्रतिष्ठित गल्फिङ इभेन्टको फाइनल सिरिजको कार्ल्सबर्गको साथमा भव्यरूपमा समापन भएको छ। ३ वटा सिरिजको यस अन्तिम प्रतियोगितामा शनिबार होम क्लबहरुको भ्यालिड ह्यान्डीक्याप भएका देशभरिका उदयमान-गल्फरहरुले कडा प्रतिस्पर्धा गरे। यो सिरिज् ३/४ ह्यान्डीक्यापका साथ स्टेबेलफोर्ड फर्म्याटमा खेलिएको थियो। पवित्रकुमार कार्कीले ३ सय अंक प्राप्त गरी आफ्ना लागि नेट सेक्सनमा पहिलो स्थान हासिल गर्दा पृथ्वी मल्लले ४ सय ९० अंकका साथ सिरिज्का ग्रस च्याम्पियन बने।

गोकर्ण फरेस्ट रिसोर्टका प्रमुख गल्फ निर्देशक दीपक आचार्यले बताए- 'कार्ल्सबर्ग गल्फ सिरिज् उदयमान गल्फरहरुका लागि प्रतिस्पर्धात्मक गल्फ खेल्न एक उत्कृष्ट मञ्च हो। गोकर्ण रिसोर्टको तर्फबाट म कार्ल्सबर्गलाई गल्फमा निरन्तर सहयोग गरिरहेको माहार्दिक धन्यवाद दिन चाहन्छु। यस्तो प्रायोजनले नेपालमा गल्फको उत्थान तथा विकासमा पक्कै पनि मद्दत मिल्ने छ।'

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ